# रातो खबर साप्ताहिक

Ratokhabar weekly



हरेक बुधवार प्रकाशित हुने
श्रमजीवि जनताको आवाज
नेपालकै एकमात्र जनपक्षीय साप्ताहिक
साप्ताहिक रातो खबर
खोजी खोजी पढौं
साथै हाम्रो अनलाईन हो
www.eratokhabar.com



वर्ष ७, अङ्क ३९, पूर्णाङ्क ३०९ | २०७९ वैशाख ७ गते बुधवार | Wednesday, 20 Apr 2022 | www.eratokhabar.com | मूल्य रु. १०


# क्रान्तिलाई विजयी बनाउन नयाँ कार्यनीति : विप्लव

■ रातोखबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले आजको विश्वको शक्ति सन्तुलन तथा विकसित अन्तरविरोध, मुलुकको वर्गीय एवम् राजनीतिक शक्ति सन्तुलनको विशिष्ट स्थिति र नेपाली क्रान्तिको विजयका लागि पार्टीले नयाँ कार्यनीति लिएको बताएका छन्

नेपाल कम्युनिस्ट पार्टी निकट जनवर्गीय सङ्गठन र मोर्चाद्वारा काठमाडौंमा आयोजित र ाजनीतिक प्रशिक्षण कार्यक्रममा महासचिव विप्लवले यस्तो बताएका हुन्

उनले भने, 'हामीले नेपालमा समाजवादी क्रान्ति अगाडि बढाउन एकीकृत क्रान्तिको कार्यदिशा अगाडि सारेका छौं यो कार्यदिशाअनुसार रणनीति र कार्यनीति विकास गर्न जरुरी हुन्छ हामीले जनयुद्ध र जनविद्रोहका दुवै कार्यदिशाका सार्वभौम मान्यतालाई आत्मसात गर्दै नेपाली मौलिकता र आजको प्रधान अन्तरविरोधलाई हल गर्न नयाँ कार्यदिशाको विकास गर्नैपर्थ्यो, त्यो गर्‍यौं सुरुमा हामीले पार्टी पुनर्गठन




गर्दा मानिसहरूले हामीलाई मन्त्री नपाएर विद्रोहको कुरा गरेका हुन् भने हामी अगाडि बढ्दै गएपछि यिनीहरू दरबार वा भारत वा कुनै अदृश्य शक्तिबाट परिचालित छन् पनि भने त्यो पनि समयक्रममा खण्डित हुँदै गयो अहिले हामीले चुनावी कार्यनीति लिएपछि यिनीहरू संसद्वादी

... बाँकी पृष्ठ ८ मा

## 'पार्टी बैठकको निर्णय दृढतापूर्वक लागू गर'

**कपिलवस्तु** नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवको प्रमुख आतिथ्यमा नेपाल कम्युनिस्ट पार्टी कपिलवस्तु जिल्ला समितिको आयोजनामा जिल्लाभर रहेका पार्टी सदस्यसम्मको राजनीतिक तथा वैचारिक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ

केन्द्रीय सदस्य विजय र सुशील, विशेष समिति सदस्य अडिग, जिल्ला सल्लाहकार संयोजक हिमाल र सहिद परिवार सङ्गठनका जिल्ला अध्यक्ष सङ्घर्षको आतिथ्यमा प्रशिक्षण सम्पन्न भएको हो कार्यक्रमको अध्यक्षता केन्द्रीय सदस्य तथा नेकपा कपिलवस्तु इन्चार्ज जुझारुले गरेका

## एमाले, माओवादी केन्द्र र काङ्ग्रेसबाट नेकपा प्रवेश गर्नेको लर्को

**रोल्पा** गङ्गादेवमा एमाले र माओवादी केन्द्र पार्टी परित्याग गरी नेकपामा प्रवेश गर्नेहरूको लहर चलेको छ

शनिबार रोल्पा गङ्गादेव गाउँपालिका २ ओइलाममा एमाले पार्टी वडाध्यक्षसहित ३४ जना, माओवादी केन्द्रबाट ७ जना र नेपाली काङ्ग्रेसबाट एकजना गरी ४२ जना नेकपामा प्रवेश गरेका छन्

नेकपा केन्द्रीय सदस्य

... बाँकी पृष्ठ ७ मा

## देशभर नेकपाका जिल्लास्तरीय बैठक र प्रशिक्षणहरू सम्पन्न
## एमसीसी पक्षधर र भ्रष्टलाई भोट नहाल्न आह्वान

■ रातोखबर संवाददाता/काठमाडौं

नेकपाको १२ औं पूर्ण बैठक र चितवनमा सम्पन्न केन्द्रीय प्रशिक्षणपछि देशभरका जिल्लामा धमाधम बैठक र प्रशिक्षणहरू सञ्चालन भएका छन् जिल्ला समितिका बैठकहरूमा पार्टी केन्द्रीय समितिको निर्णय कार्यान्वयन गर्ने, पार्टीका जिम्मेवार नेताहरू निर्वाचनमा नजाने, एमसीसीविरोधी, देशभक्तहरू चुनावमा उठेमा वा उठाउन सकिने अवस्थामा सहयोग गर्न सकिने पार्टी केन्द्रीय समितिको बैठकको निर्णय लागू गरेर जाने निर्णयहरू भएका समाचार प्राप्त भएका छन्

यसैबीच गुल्मीबाट प्राप्त समाचारअनुसार नेपाल कम्युनिस्ट पार्टी गुल्मीको प्रथम बैठक जिल्ला सदरमुकाम तम्घासमा सम्पन्न भएको छ बैठकले स्थानीय चुनावमा भ्रष्ट, दलाल र एमसीसी पक्षधर दल र उम्मेदवारलाई भोट नहाल्न जनतालाई आह्वान गर्ने निर्णय गरेको छ

बैठकले दलाल संसदीय व्यवस्थाको भण्डाफोर गर्दै १ महिने सङ्गठन विस्तार अभियान सञ्चालन गर्ने निर्णय गरेको छ त्यसैगरी बैठकले स्थानीय तहमा भएको बेरुजू, भ्रष्टाचार, आर्थिक अराजकताको सशक्त भन्डाफोर गर्ने निर्णय गरेको जिल्ला सेक्रेटरी सुमनले बताए

उनले जिल्लामा शिवगढीमा बसेको केन्द्रीय समितिको १२ औं पूर्ण बैठकको निर्णयलाई कार्यान्वयन गर्ने निर्णय गरेको बताए जिल्लामा भएको महँगी, कालोबजारी, दलाल, तस्कर, सामाजिक अपराधी र लघुवित्त संस्थाको ज्यादतीविरुद्ध सशक्त जनकारवाही चलाउने पनि उनले बताए

बैठकले एमसीसीविरोधी देशभक्त, प्रगतिशील र जनपक्षीय उम्मेदवारका पक्षमा मतदान गर्न जनतालाई अपिल गर्ने र जनमतसङ्ग्रह र वैज्ञानिक समाजवादका पक्षमा व्यापक प्रचार गर्ने निर्णयसमेत गरेको छ

बैठकले जनयुद्धमा

... बाँकी पृष्ठ ७ मा

## पार्टी निर्णय पूर्ण रूपमा कार्यान्वयन गर्ने नेकपा सचिवालयको निर्णय

**काठमाडौं** नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय सचिवालयका सदस्यहरूको बैठकले पार्टी केन्द्रीय समितिको राजनीतिक प्रस्ताव र निर्णयहरूलाई रक्षा, पालना र कार्यान्वयन गर्ने, पार्टीको र ाजनीतिक प्रस्ताव र निर्णयविपरीत हुने गरी कुनै पनि नेता-कार्यकर्ताले सामाजिक सञ्जाल र अन्य माध्यमबाट धारणा सार्वजनिक नगर्ने, आफूहरूलाई लागेको विषय र धारणाहरूलाई आ-आफ्नो पार्टी समितिमा राख्न सकिने निर्णय गरेको छ

सचिवालयको बैठकले राजनीतिक बन्दी र झूट्टा मुद्दा खारेजीका विषयमा पार्टीहरू र सरकारसँग छलफल गरी निर्णायक टुङ्गोमा पुऱ्याउने निर्णय पनि गरेको छ

त्यसैगरी देशको राजनीतिक समस्या समाधानका लागि देशका सबै राजनीतिक पार्टीसँग संवाद अघि बढाउने निर्णय पनि बैठकले गरेको छ

## समाजवाद स्थापना र राष्ट्रियता रक्षाका लागि जनगणतन्त्र कोरियाबाट सिक्नुपर्छ : कञ्चन




■ रातोखबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य एवम् अन्तर्राष्ट्रिय विभाग प्रमुख धर्मेन्द्र बास्तोला 'कञ्चन' ले साम्राज्यवादसँगको प्रतिरोध, राष्ट्रियताको रक्षा र समाजवाद स्थापनाका लागि जनगणतन्त्र कोरियाबाट सबै कम्युनिस्टले सिक्नुपर्ने बताएका छन् जनगणतन्त्र कोरियाका संस्थापक नेता किम इल सुङको एक सय दसौं जन्मदिवसका अवसरमा नेपाल-कोरिया लेखक/पत्रकार मञ्चले आयोजना गरेको 'साम्राज्यवाद र समाजवादी क्रान्ति' विषयक विचारगोष्ठीमा प्रमुख अतिथिका रूपमा मन्तव्य राख्दै

... बाँकी पृष्ठ ७ मा

## 'साम्राज्यवाद रहेसम्म सबै देश हतियारले सुसज्जित हुनुपर्छ'

■ रातोखबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य एवम् अन्तर्राष्ट्रिय विभाग प्रमुख धर्मेन्द्र बास्तोला 'कञ्चन' ले हतियार राख्नु कुनै पनि राष्ट्रको अधिकार भएकाले जनगणतन्त्र कोरिया (उत्तरकोरिया) ले पनि यसमा श्रेष्ठता हासिल गर्नु उसको नैसर्गिक अधिकार भएको बताएका छन्

नेपाल-कोरिया लेखक-पत्रकार मञ्चद्वारा सोमबार कोरियाली श्रमिक जनताका महान् नेता किम इल सुङको एक सय दसौं जन्मदिवसका सन्दर्भमा काठमाडौंमा आयोजित 'कोरियाली समाजवाद र साम्राज्यवादविरुद्ध समाजवादले गरिरहेको प्रतिरोध' विषयक अन्तरक्रियामा प्रमुख अतिथिका रूपमा सम्बोधन गर्दै नेकपा नेता कञ्चनले पारमाणविक शस्त्रास्त्र विकास गरी पुँजीवादी साम्राज्य कायम र ाखिराखेका अमेरिका, बेलायत, फ्रान्स, जापान, रुसलगायत मुलुकले पारमाणविक हतियार नष्ट नगरेसम्म अविकसित, अल्पविकसित र समाजवादका लागि सङ्घर्षरत देशहरूको सुरक्षाको कुनै सुनिश्चितता नभएकाले जनगणतन्त्र कोरियालगायत समाजवाद भएका र समाजवादका लागि सङ्घर्ष गरिरहेका मुलुकले हतियार निर्माण गरी अफ्नो देश र जनताको सुरक्षा गर्नु अत्यावश्यक रहेको बताएका हुन्

'जनतालाई सम्पत्तिको मालिक बनाउने, जनतामा भर पर्ने शिक्षा कोरियाली समाजवादले दिएको छ', नेकपा नेता कञ्चनले भने, 'साम्राज्यवादको नायक अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पिठ्युँमा धाप मार्ने व्यक्ति र शक्ति जनगणतन्त्र कोरियाको राष्ट्रप्रमुख किम जोङ उन मात्र हो त्यो समाजवादी व्यवस्था र कोरियाली जनताको शक्ति हो'

... बाँकी पृष्ठ ८ मा

## ऐतिहासिक बाह्रौं पूर्ण बैठक र मुख्य ५ विषय

देश/परिवेश

■ विप्लव



गत चैत ३ गतेदेखि १३ गतेसम्म हाम्रो जनप्रिय पार्टीको ऐतिहासिक बाह्रौं पूर्ण बैठक सम्पन्न भयो बैठकमा प्रवेश गरेदेखि पार्टीबारे अनेक तरङ्गहरू फैलिए केही आजसम्मै चलेका छन् तर बाह्रौं पूर्ण बैठकले उच्चतम् जनवादको प्रयोग गर्दै ६ वटा विषयमा एकमतका साथ ऐतिहासिक निर्णयहरु लिन सफल भयो ती निर्णयहरूबारे सङ्क्षिप्त चर्चा गर्नु आवश्यक देखिएको छ

१) अन्तर्राष्ट्रिय विषयमा हाम्रो दृष्टिकोण

भूमण्डलीकृत पुँजीवाद २१ औं सदीको युक्रेन युद्धसँगै दुई वा बहुध्रुवमा विभाजित हुन पुगेको छ हाम्रो पार्टीले ६ वर्षअगाडि विश्व अमेरिकी एक ध्रुवमा नरहेर बहुध्रुव वा दुई ध्रुवमा प्रवेश गर्ने र त्यसले वैज्ञानिक समाजवादी- साम्यवादी क्रान्तिमा अनुकूलता थप्ने भनेर गरेको विश्लेषण यतिबेला व्यवहारतः सही साबित भएको छ

पुँजीवादी युद्धको चरित्र ध्वंसात्मक हुन्छ र त्यसबाट श्रमिक जनताले कुनै लाभ प्राप्त गर्न पाउँदैनन् युद्धमा जो विजयी भए पनि विजयी देशको पुँजीवादी वर्गले नै स्वार्थ पूरा गर्दछ यतिबेला चलेका पुँजीवादी युद्धको परिणाम पनि यही हुनु अनिवार्य छ

जव पुँजीवादी युद्धले श्रमिक जनतालाई असन्तुष्ट बनाउँदै जान्छ तब जनता साम्यवादी क्रान्तितिर ढल्किन पुग्छन् ढिलोचाँडो पुँजीवादी विध्वंसबाट मुक्त हुन श्रमिक जनताले साम्यवादी क्रान्तिको बाटो र लक्ष्य चुन्न पुग्छन् बढी सम्भावना के छ भने यो शताब्दीमा पुँजीवादी विश्व साम्यवादी विश्वतिर अग्रसर बन्नेछ

विश्व पुँजीवाद सङ्कटमा पर्दै जानु भनेको हाम्राजस्ता गरिब एवम् पछौटे देशहरूमा वैज्ञानिक समाजवादी क्रान्तिको अनुकूलता थपिँदै जाने हुन्छ कुनै पनि शक्तिकेन्द्रले स्वेच्छाचारी प्रकारले एकल नियन्त्रण गर्ने परिस्थिति रहँदैन देशभित्रका जनताको मत र शक्ति नै निर्णायक बन्न पुग्छ यद्यपि क्रान्तिकारी शक्तिले उचित दृष्टि पुऱ्याउन नसक्ने हो भने हाम्राजस्ता देशमा महाशक्तिहरूले आफ्नो बल दाँज्ने, खेल मैदान बनाउने, स्वार्थ लाद्ने र देशभक्त एवम् परिवर्तनकारी शक्तिले ठूलो क्षति भोग्नुपर्ने चुनौती आइपर्ने पनि त्यत्तिकै सम्भावना हुन्छ तर पनि मूल पक्ष भनेको समाजवादी-साम्यवादी क्रान्तिको अनुकूलता नै हो यसरी भन्दा हाम्रो देशमा क्रान्तिको अनुकूलता पहिले भन्दा अरु मजबुत बनेको छ

२) राष्ट्रिय स्थितिबारे हाम्रो बुझाइ

हाम्रो देश राष्ट्रिय स्वाधीनताका दृष्टिले सर्वाधिक

... बाँकी पृष्ठ ५ मा

## सम्पादकीय

# दलालहरूको नौटङ्कीको भन्डाफोर गरौँ

यो स्वयम्‌सिद्ध तथ्य हो- संसदीय व्यवस्था वा पुँजीवादी व्यवस्था झूट र ठगहरूको व्यवस्था हो पुँजीवादी व्यवस्थामा कोही खाएको खायै र कोही हेरेको हेर्‍यै हुन्छन् कोही अजीर्णताले मर्छन् भने कोही भोक, रोग र शोकले प्रत्येक चुनावमा धनाढ्य, ठग र जालीहरूका लागि फेरि अर्को अवधिका लागि झूट्टा आश्वासनका पोकाहरू बाँड्ने, ढाँट्ने र फेरि एउटा सीमित वर्ग र तप्का राज्यको सम्पत्ति दोहन गर्दै नवधनाढ्य वर्गमा फेरिने दुष्चक्र दोहोरिन्छ श्रमिक र विपन्न वर्ग कथित चुनावको समय पारेर गरिएको आकाश छुने मूल्यवृद्धिको मारमा पर्छन् र कालोबजारियाहरू चुनावी दलहरूलाई दिएको चन्दा यस्तै चुनावको समय पारेर महँगी थोपर्दै जनताबाट असुल गर्छन् हरेक चुनावहरू जनता भुक्याउने, जनता लुट्ने, जनता ठग्ने अस्त्रहरू बन्ने गर्छन् र बनिरहेका छन् दलाल पुँजीवाद अर्थात् संसदीय प्रणालीको यो कहिल्यै अन्त्य नहुने चक्र हो

यतिबेला आमश्रमिक जनता महँगीको मारमा छन् गरिबीको मार त जनताको सधैँको नियतिजस्तै हो आफ्नो मुलुकमा श्रम बेच्न नपाएका अदक्ष, अर्धदक्ष वा दक्ष कामदारसमेत सस्तो मूल्यमा अर्काको देशमा श्रम बेच्न विवश छन् अर्काको देशको उत्पादनमाथि दलाली गरेर चलेको राज्यसत्ताले आफ्नो देशका नागरिकहरूलाई आफ्नै देशमा श्रम गर्ने ठाउँ दिने, राष्ट्रिय पुँजीको विकास गर्नेतिर कहिल्यै ध्यान दिएन र दिँदैन पनि नेपाली काङ्ग्रेसको तत्कालीन सरकारको समयमा नेपालका दुई दर्जन हाराहारी उद्योग, कलकारखानाहरू कौडीको मूल्यमा बिक्री गरियो, ती उद्योगका कलपुर्जासमेत बिक्री गरेर भारत पुर्‍याइयो र निर्बाध भारतीय उत्पादन भित्र्याएर स्वदेशी उत्पादनमाथि अङ्कुश लगाइयो, निरुत्साहित गरियो अहिलेको सरकार पनि बाँकी रहेका उद्योगहरू कौडीको मूल्यमा बेचेर पूर्ण रूपमा अर्काको भर पर्ने दलालीको बाटो रोजिरहेको नराम्रो सन्देश प्रवाह भइरहेको छ दलाल पुँजीवादी पार्टीहरू विगतमा कुनै गल्ती नै नगरेझैँ दूधले नुहाएझैँ गरेर फेरि चुनावी घोषणापत्र नाउँका झूट, बेइमानी र ठगीका पुलिन्दा बोकेर कुखुरा चोरझैँ गाउँ पसेका छन् यो व्यवस्थामा हुने चुनाव जसले जे बहाना बनाएर लडे पनि जनताका पक्षमा कुनै पनि उपलब्धि हुनेछैन कसैले म चोखो छु, पवित्र छु, देशभक्त छु, क्रान्तिकारी छु, इमानदार छु वा यस्तै केही भन्छ भने ऊ नयाँ ठग हो, पित्तलको गहनालाई सुनको गहना हो भनेर गाउँ पसेको देसी ठगझैँ व्यवस्था नै ठगी, बेइमानी, धूर्त्याइँ, बदमासी, झेली, तस्करीमा टिकेको छ भने त्यही व्यवस्थाले गराउने, त्यही व्यवस्था टिकाउन गरिने चुनावमा म यस्तो र उस्तो गर्छु भनेर भ्रम छर्नु भनेको अर्को ठगी नै हो दलाल पुँजीवाद विषालु फल फल्ने वृक्ष हो त्यस व्यवस्थाभित्र फल्ने सबै फलहरू उस्तै विषालु हुन्छन् रूखको गुण नै विषालु छ भने त्यसको कुनै फल अमृत र कुनै फल मात्र विष हुने हुन सक्तैन त्यसैले जनताको घरघरमा गएर यो दलाल, लुटेरा संसदीय व्यवस्थाको भन्डाफोर गर्नुपर्छ यो व्यवस्था ढालेर यसको चिहानमा वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न सकिने र त्यसका लागि संसदीय बाटो होइन, क्रान्तिको बाटो एक मात्र विकल्प हो भनेर जनतालाई बुझाउनुपर्छ दलालहरूभन्दा जनता धेरै सचेत र महान् छन्

दलाल संसद्‌वादी र त्यसबाट प्रभावित पार्टी, गुट, व्यक्ति, समूहका त कुरै छोडिदिऊँ, उनीहरूको ध्याउन्न भनेको जसरी भए पनि, साम, दाम, दण्ड, भेद गरेर भए पनि चुनाव जित्ने र चुनावमा भएको लगानीको ब्याजको स्याजसम्म लुट्ने नै हो दलाल पुँजीवादी व्यवस्थामा कोही पनि सामाजिक सेवाको भावले चुनाव लड्न गएको हुँदैन दलालको काम नै दलाली गर्ने हो दलाल व्यवस्थाको प्रतिनिधि दलाल पुँजीवादको पनि दलाल हो र ऊ आफ्नो राज्यसत्ताभित्र सबै किसिमका दलाली गर्न योग्य हुन्छ त्यसैले कुनै पनि क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ताले जनताको घरमा पुगेर सबैभन्दा पहिले दलाल पुँजीवाद र त्यसको संरक्षण गर्ने जरा, हाँगा, पातका रूपमा तयार हुँदै गरेका कथित प्रतिनिधिका दुष्कर्मका बारेमा भन्डाफोर गर्नुपर्छ दलाल व्यवस्था र दलाल प्रतिनिधि वा दलाल उम्मेदवार यी सबै एक सिक्काका दुई पाटा हुन् त्यसैले परजीवी दलाल पुँजीवादी व्यवस्था र त्यसका अवयवहरू दुवै क्रान्तिका बाधक हुन् यो कुरा जनतालाई राम्ररी बुझाउनुपर्छ जनताले के कुरा पनि बुझ्नु आवश्यक छ भने दलाल संसदीय व्यवस्थामा विभिन्न नाउँ र चिह्न भएका नौरङ्गी चुनावी दलहरूबीच पार्टीको नाउँ र झन्डाबाहेक कुनै पनि तात्विक भिन्नता देखिँदैन विचार, कार्यशैली सबै एउटै छ गर्ने काम एउटै छ राज्यको दोहन सबैले उसरी नै गरेका छन् राष्ट्रघात र जनघातमा कुनै अन्तर छैन तिनले जनतालाई एकताबद्ध हुनबाट वञ्चित गराउने षड्यन्त्रस्वरूप दलको नाउँ र झन्डा मात्र फरकफरक बोकेका हुन्छन् र यो काम पनि योजनामै हुने गर्छ अन्यथा कम्युनिस्ट नाउँ गरेका पार्टीले राजावादी, गणतन्त्रविरोधी वा काङ्ग्रेसजस्ता असली प्रतिक्रियावादीहरूसँग गठबन्धन गर्ने त कुरै हुँदैन कुनै समयमा विचार, राजनीति, सिद्धान्त र आदर्शका कुरा गर्ने ती दलहरू चुनाव वा सत्तारोहण गर्ने विषयमा भने पार्टी मिलाएर, चुनावचिह्न साटेर वा सापट लिएर चुनाव लडरिहका देखिन्छन् यो व्यवस्था स्वीकारेर चुनावमा जाने सबै दलाल, अवसरवादी, पुँजीवादीहरू हुन् संसद्‌वादी राजनीतिक दलहरूका यस्ता हर्कत बेलैमा बुझेर जनताले भने सबै संसद्‌वादी, पुँजीवादी शक्तिहरूको भन्डाफोर र विद्रोह गरेर आमूल परिवर्तनका लागि क्रान्तिकारी आन्दोलनमा लामबद्ध हुनु आवश्यक भइसकेको छ

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# राजनीतिक अर्थशास्त्र : वर्तमान आर्थिक प्रवृत्ति



धर्मेन्द्र बास्तोला 'कञ्चन'

अहिलेको विश्वका राजनीतिक-आर्थिक प्रवृत्तिहरूलाई कसरी बुझ्ने भन्ने विषयमा नेपालमा कुनै न कुनै प्रकारको बहस चल्दै आएको छ केही मानिसहरू, खासगरी नेपालको बुर्जुवा वर्ग विश्वको एकाधिकार पुँजीवादबाट निगम पुँजीमा विकास भएको अवस्थालाई अन्तिम सत्यका रूपमा व्याख्या गरिरहेका हुन्छन् र उनीहरूले यसमा परिवर्तनको कुनै गुन्जायस देख्दैनन् केही मानिसहरूको विचारमा नेपाललाई विश्वको त्यो विकसित स्थितिमा समावेश गर्न केवल पुँजीवादी समाजको नामकरण गर्नु पर्याप्त हुन्छ यो निम्नबुर्जुवा वर्ग प्रगतिको बाधक प्रतिक्रियावादी वर्गसँग समन्वय गर्दै उसको आवश्यकता र बाध्यतामा 'समाजवाद' स्थापना गर्न चाहन्छ र देशमा समानता, समृद्धि र उन्नत सभ्यता स्थापित गर्न चाहन्छ केही मानिसहरू उनीहरूको प्रतिक्रियावादी चरित्रअनुसार परिवर्तनको कुरा पनि सुन्न चाहँदैनन् उनीहरू केवल नेपालमा आर्थिक विकासको एकोहोरो नारामा रमाइरहेका छन् समय र परिस्थितिअनुसार बहसको तरङ्ग बदलिने गरेको छ देशमा नेपाली समाजको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा आमूल परिवर्तन चाहने, क्रान्तिकारी रूपान्तरण चाहने तर त्यसका लागि आवश्यक पर्ने वर्गसङ्घर्षका क्षेत्रमा बहससमेत चलाउन पछि हट्ने निम्नबुर्जुवा पुँजीवादीहरूको एउटा जमातले हमेसा कुनै न कुनै तरिकाले परिवर्तन हुनुपर्ने मागलाई स्वीकार गरेको छ ज्ञ तर त्यसप्रकारको समाज स्थापना गर्न त्यसको बाधक शक्ति प्रतिक्रियावादी सत्ताको उन्मूलन गर्ने वर्गसङ्घर्ष आवश्यक पर्ने सङ्घर्षलाई इन्कार गर्छ यस्तो वर्गले समाजलाई लुटेरा वर्गको हातबाट परिवर्तन गरेर होइन, त्यसको नामकरण गरेर परिवर्तनको आभास दिन खोज्छ नेपाली निम्नबुर्जुवाहरूले चलाइरहेको बहस : नेपाल अहिले 'पुँजीवादी' देश हो कि 'सामाजवादउन्मुख द्द ?' भन्ने त्यसैको परिणाम हो नेपाली राजनीतिको एउटा बौद्धिक तप्का जसले केही समयपहिले नेपाल पुँजीवादी देश हो भनेर बहस गर्दै थियो, उनीहरूको अभिलाशा स्पष्ट देखिन्थ्यो, सामन्तवादी उत्पादन सम्बन्धमा रहेको देश नेपाललाई न्यूनतम् पुँजीवादसम्मको मान्यता दिन सकियो भने त्यसले उत्पादक शक्तिको विकास गर्न सक्थ्यो र त्यो उत्पादक शक्तिले समाजवादी क्रान्तिको ढोका खोल्न सक्थ्यो यसप्रकारको निम्नबुर्जुवा रोमान्स रुझान वास्तवमा तिनै प्रबुद्ध बुर्जुवाहरूमा पैदा भएको पाइन्छ जसले मुखले र मनमा देशमा समाजवाद होस्, समस्त जनतामा समृद्धि आओस् र मानिसमाथि मानिसबाट हुने कुनै पनि प्रकारको अन्याय नहोस्, उत्पीडन र थिचोमिचो नहोस् तर व्यवहारमा उसले देशको दलाल पुँजीवादी प्रतिक्रियावादी सत्ताको पक्षपोषण गर्दछ र आफ्नै चाहनाका विरुद्ध कुठाराघात गर्दै आएको छ नेपाली समाजको प्रतिक्रियावादी वर्गले विश्वको अहिले चलिरहेको पुँजीको साम्राज्यवादी राजनीतिक संरचनाभित्र आफ्नो जीविका सुनिश्चित गर्न चाहन्छ त्यस्तै यो समाजमा र नेपाली राजनीति तथा आर्थिक प्रणालीको केन्द्रमा एउटा दलाल पुँजीवादी, सामन्तवादी प्रतिक्रियावादी वर्ग छ जसले देशमा हुने कुनै पनि प्रकारको परिवर्तनको नामसमेत सुन्न चाहँदैन

देशको परिस्थितिलाई ठीक किसिमले बुझ्ने प्रश्नमा देखिने विभाजित बौद्धिक जनमतले देशको क्रान्तिकारी आन्दोलनमा पनि विभाजन ल्याउनु अनिवार्य हुन्छ क्रान्तिकारी आन्दोलनमा मात्र होइन, देशको समुच्च विकासमा नै यसले विभाजन पैदा गर्छ वस्तुगत स्थितिको गलत बुझाइ र व्यवहारले समाजलाई मानिसको चाहनाविपरीत स्वतः गलत ठाउँमा पुर्‍याउँछ यसको तथ्य हामीले इतिहासमा 'माटो सुहाउँदो व्यवस्था' को नारा दिँदै जडमतिवादी पञ्चायतले देशलाई कङ्गाल बनाएको देखेका थियौँ साम्राज्यवादको आदेशमा चल्ने व्यवहारवादी संसदीय व्यवस्थाले देशलाई सम्पूर्ण रूपले पराधीन र अपाङ्ग बनाएको नेपाली जनताले भोगेका थिए समाजका बारेमा चिन्ता गरे पनि देशको परिवर्तन र निर्माण गर्न निर्णायक भूमिका निर्वाह गर्ने बौद्धिक वर्ग परिस्थितिको बुझाइबाट अलगथलग हुनु र समाजको वास्तविक बुझाइप्रति मतभेद पैदा हुनुले देशको भविष्य अन्योलमा घुमिरहेको हुन्छ जबसम्म परिस्थितिलाई ठीक किसिमले बुझ्न सकिँदैन तबसम्म त्यसलाई बदल्न पनि सकिँदैन

ठूलाठूला क्रान्तिकारी आन्दोलनको विकास भए पनि पूर्ण रूपमा राजनीतिक क्रान्ति सफल हुन नसक्नु देशको बौद्धिक समुदायमा देखिने मतभेदको परिणाम हो बौद्धिक क्षेत्रमा हुने विचारको विभाजनले जनतालाई पनि विभाजित गरेको हुन्छ यसको असर समग्र आन्दोलन र परिवर्तनमा परिरहेको हुन्छ अहिलेको विश्वको आर्थिक प्रवृत्ति र त्यसले निर्धारण गरेको र ाजनीतिक परिवेशलाई ठीक किसिमले बुझ्नु, त्यो बुझाइमा समाजको निर्णायक समूह बौद्धिक वर्गलाई आकर्षित गर्नु र जनतालाई वैज्ञानिक बुझाइप्रति एकताबद्ध गर्नु नेपाली कम्युनिस्टहरूको दायित्व हुन आउँछ अहिलेको विश्वको प्रवृत्ति र त्यसको नेपालमा पर्ने प्रभावका बारेमा यहाँ सङ्क्षिप्त चर्चा गरिनेछ

राजनीतिक र फौजी हिसाबले वर्तमान विश्व बहुध्रुवमा विभाजित हुँदै आएको भए पनि एकाधिकार पुँजीको निगम पुँजीमा भएको विकासले विश्वलाई एउटा मुठीभित्र ल्याइदिएको छ 'साम्राज्यवाद पुँजीवादको उच्चतम चरण' मा लेनिनले साम्राज्यवादका विशेषताहरूका विषयमा निम्न ५ बुँदाहरू औँल्याउनुभएको थियो : १) उत्पादन र पुँजीको केन्द्रीकरण सबैभन्दा उच्च स्तरमा विकास भएको छ जसले एकाधिकार पैदा गरेको छ र त्यसले आर्थिक जीवनमा निर्णायक भूमिका निर्वाह गरेको छ २) बैङ्क पुँजीले औद्योगिक पुँजीलाई आफूभित्र गाभ्नु र त्यसबाट 'वित्तीय पुँजी' विकास हुनुले वित्तीय कुलीनहरू (ओलीगार्स) पैदा भएका छन् ३) पुँजीको निर्यातले वस्तुको निर्यातभन्दा फरक हुनुले भिन्न प्रकारको महत्त्व राख्छ ४) अन्तर्राष्ट्रिय पुँजीवादी एकाधिकारवादीहरूको संयोजित रूप धारण गर्नुले विश्वलाई उनीहरूले आपसमा दामासाही गर्ने अवस्था आएको छ र ५) ठूला पुँजीपतिहरूको बीचमा विश्वको सम्पूर्ण भूभागको विभाजनले पूर्णता पाएको छ त्यसको निष्कर्षमा उहाँले भन्नुभएको थियो, 'यो पुँजीको चरित्र 'केन्द्रीकृत' छ, ' एकाधिकार' प्रकारको छ यो 'परजीवी' छ जसको परिणाम यो मरणोन्मुख छ लेनिनले साम्राज्यवादको परिभाषा दिँदै लेख्नुभयो, 'साम्राज्यवाद विकासको यो चरणको पुँजीवाद हो जहाँ एकाधिकार तथा वित्तीय पुँजी आफैँमा स्थापित भैसकेको छ जहाँ पुँजीको निर्यातले अत्यन्त ठूलो महत्त्व राख्छ, जहाँ अन्तर्राष्ट्रिय ट्रस्टहरूका बीच विश्वको विभाजन सुरुआत भएको छ, जहाँ सम्पूर्ण पृथ्वीको विभाजन ठूला पुँजीपति शक्तिहरूका बीचमा विभाजित हुने प्रक्रियाले पूर्णता पाएको छ' घ यसबाट प्रस्ट हुन्छ, साम्राज्यवादले एकातिर बैङ्क तथा औद्योगिक पुँजीको मिश्रण गरेर वित्तीय पुँजीको विकास गर्‍यो, एकाधिकारवादी अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू सङ्गठित गर्‍यो, अर्कोतिर विश्वका जनताहरूलाई विभाजित गर्‍यो र लुटका निम्ति एकाधिकार पुँजीपतिहरूको स्वार्थमा विश्वलाई विभाजन पनि गर्‍यो विश्वको विभाजनमा सबै साना तथा ठूला देशहरू साम्राज्यवादी लुटेराहरूको उत्पादित सामान महँगो मूल्यमा बिक्री गर्ने बजार तथा त्यसप्रकारको उत्पादनका लागि आवश्यक सस्तो मूल्यमा कच्चा पदार्थ र सस्तो मूल्यमा श्रम आपूर्ति गर्ने ठाउँ बनेका छन् मध्यपूर्वका सबै सानाठूला देशहरू अमेरिकी बजार बनेका छन् साउदी अरेबिया, टर्की, इजिप्ट, इराकलगायत ठूलो भूभाग र ठूलो जनसङ्ख्या भएका देशहरूसमेत अमेरिकी बजार र कच्चा पदार्थको स्रोत बनेका छन् नेपाल पनि साम्राज्यवादी भारत, अमेरिका, जापानलगायत विभिन्न देशहरूले सस्तो मूल्यमा कच्चा पदार्थ दोहन गर्ने देश बनेको छ र सस्तो मूल्यमा उत्पादनका लागि आवश्यक पर्ने जनशक्ति- मजदुरहरू-को आपूर्ति गर्ने देश बनेको छ

२१ औँ शताब्दीमा यो प्रक्रिया अझ घनीभूत रूपमा देखापर्छ १९ औँ शताब्दीमा जतिबेला मार्क्सले पुँजी लेख्दै हुनुहुन्थ्यो, त्यो समयमा प्रतिस्पर्धात्मक पुँजीको विकास भैरहेको थियो मार्क्स त्यो समयमा पुँजीवादको सैद्धान्तिक तथा ऐतिहासिक विश्लेषण गर्दै के निष्कर्षमा पुग्नुभएको थियो भने पुँजीको चरित्रका कारण पुँजीवादको स्वतन्त्र प्रतिस्पर्धाले पुँजीको केन्द्रीकरणलाई जन्म दिनेछ द्ध त्यही बेलाका अर्थशास्त्रीहरूले मार्क्सको विरोध गरेका थिए तर यो तथ्य २० औँ शताब्दीमा प्रमाणित हुन पुग्यो २० औँ शताब्दीमा जतिबेला लेनिनले साम्राज्यवाद पुँजीवादको उच्चतम् चरण लेख्दै हुनुहुन्थ्यो, त्यो समयमा प्रतिस्पर्धात्मक पुँजी एकाधिकार पुँजीमा विकास भैसकेको थियो अहिले २१ औँ शताब्दीमा त्यो एकाधिकार पुँजी निगम पुँजीमा विकास भएको देखापर्छ १९ औँ शताब्दीको पुँजी निक्षेपको प्रतिस्पर्धाले २० औँ शताब्दीमा पुँजीमाथिको एकाधिकारपूर्ण नियन्त्रणमा पुर्‍यायो एकाधिकारवादी पुँजी नियन्त्रणको प्रतिस्पर्धाले २१ औँ शताब्दीमा निगमकारी एकाधिकारमा पुर्‍यायो र विश्वभरको पुँजीमाथि मुठीभर पुँजीपतिहरूको एकाधिकार कायम गर्‍यो १९ औँ शताब्दीमा पुँजीको नियन्त्रण गर्ने युरोप र अमेरिकामा औद्योगिक पुँजीसँग सम्मिश्रण गरेका केही ठूला बैङ्कहरू, केही कर्टेल्स र सिन्डिकेटहरू थिए दोस्रो विश्वयुद्धको समाप्तिपछि त्यसको केन्द्रीकरण नयाँ चरणमा पुग्यो राजनीतिक रूपमा संयुक्त राष्ट्रसङ्घ एकातिर बन्यो भने व्यापारिक रूपमा विभिन्न सङ्गठनहरूको उदय भयो विश्व व्यापार सङ्गठन, विश्व खाद्य कार्यक्रम, विश्व बाल बचाउ सङ्गठन, विश्व मानवअधिकार सङ्गठनजस्ता व्यापारिक एवम् सामाजिकजस्ता देखिने सङ्गठनहरूको उदय भयो यो वास्तवमा अरू केही थिएन, पहिले मार्क्सले र पछि लेनिनले विश्लेषण गर्नुभएजस्तै एकाधिकारवादी अन्तर ाष्ट्रिय कुलकहरूको पोल्टामा पुँजीको केन्द्रीकरण थियो

पुँजीको केन्द्रीकरणको प्रक्रियाले समयसमयमा आर्थिक मन्दी आउनु अनिवार्य हुन्थ्यो आर्थिक मन्दीको तात्पर्य मुनाफाखोर पुँजीपतिहरूको उत्पादित सामान खपत नहुनु र सम्पत्तिको केन्द्रीकरणमा कमी आउनु हो यो प्रक्रिया ठूलाठूला एकाधिकारवादी बैङ्कहरूमा देखापर्थ्यो किनभने पुँजीको केन्द्रीकरण अब ठूला उद्योगहरूमा होइन, ठूला बैङ्कहरूमा भैसकेको थियो यो समस्या समाधान गर्न एकाधिकार पुँजीपतिहरूले एकातिर वित्तीय बजारमा सबै प्रकारका अवरोधहरू हटाउनुपर्थ्यो र अर्कोतिर उत्पादित सामानहरूको बेरोकटोक वितरण र पर्याप्त खपत हुने अवस्था सिर्जना गर्नुपर्थ्यो एकाधिकारवादी पुँजीको साम्राज्यवादी संयन्त्र अझ नयाँ चरणमा विकास हुनुपर्थ्यो, त्यसको परिणाम २१ औँ शताब्दीमा निगम पुँजीको विकास हुन पुग्यो

निगम पुँजीको विकास वास्तवमा बीसौँ शताब्दीको अन्तिम दशकबाट सुरु हुन्छ भूमण्डलीकरण, उदारीकरण र निजीकरणबाट सुरु भएको यो प्रक्रिया बीसौँ शताब्दीको अन्त्य खासगरी १९९४ मा जेनरल एग्रिमेन्ट फर ट्रेड एन्ड ट्यारिफ (ग्याट) सम्झौतामा पूर्णता प्राप्त गर्‍यो ग्याट सम्झौताले पुँजीको एकाधिकारलाई विश्वस्तरमा अझ खुला र फराकिलो बनायो पुँजीको प्रवाहद्वारा कच्चा पदार्थ र श्रम शक्तिको प्रयोग तिनै देशहरूमा गर्न थालियो जहाँ ती प्राप्त हुन सक्छन् साउदी अरेबिया, बहराइन, कतार, कुवेतजस्ता देशहरूमा तेल उत्पादन गर्ने कच्चा पदार्थको प्रयोग गर्न त्यही प्रशोधित मेसिनहरू जडान गरियो बङ्गलादेशमा त्यहाँको सस्तो श्रमशक्ति शोषण गर्न गार्मेन्ट उद्योगहरू स्थापना गरियो मलेसियामा त्यहाँको कच्चा पदार्थ दोहन गर्न उद्योगहरू स्थापना गरियो कोरियाको कच्चा पदार्थको दोहन तथा उत्पादित सामान सहज रूपमा एसियाली बजारमा पुर्‍याउन उद्योगहरू खोलियो भारतको कच्चापदार्थ र सस्तो श्रमको शोषण गर्न भारतमा एकाधिकारवादी पुँजीपतिहरूका अनेक उद्योगहरू स्थापित गरिए तिनै देशहरूमा खोलिने उद्योगहरूले सामान पुर्‍याउँदा लाग्ने ढुवानी खर्च र सामानको प्रवेश गरेबापत लाग्ने करमा कमी आयो र पुँजीवादीहरूका लागि अतिरिक्त सम्पत्ति आर्जन गर्ने दायरा धेरै फराकिलो भयो प्रविधिमा भएको अद्वितीय विकास, कृषि तथा औद्योगिक उत्पादनमा त्यसको प्रयोग, सस्तो ऊर्जा र सस्तो सामान उत्पादन, वस्तुको निर्यात तथा विश्वव्यापी बैङ्किङ कारोबार एवम् मौद्रिक विनिमयका लागि सफ्टवेयरको प्रयोगले पुँजीवादीहरूको सम्पत्तिको सुरक्षा र श्रमजीवीमाथि पुँजीपतिहरूको कठोर नियन्त्रणलाई सुनिश्चित गर्‍यो कमभन्दा कम लागतमा मानिसका लागि आवश्यक पर्ने महँगाभन्दा महँगा सामानहरूको उत्पादन नयाँ प्रविधिले उत्पादन गर्न थाल्यो खुला प्रतिस्पर्धाका रूपमा सानो घेरामा १९ औँ शताब्दीमा उदाएको पुँजीवाद विश्वलाई नियन्त्रण गर्ने फैलावटसँगै २० औँ शताब्दीमा एकाधिकारमा विकास भयो र पुँजीपति कुलीनहरूका लागि सम्पूर्ण सीमारेखाहरू मेट्दै २१ औँ शताब्दीमा निगम पुँजीमा विकास भयो जसले श्रमिक जनताको स्वतन्त्रता अझ साँघुरो बन्न पुग्यो बीसौँ शताब्दीमा उद्योगसँग सहकार्य गरेको पुँजीले एक्काईसौँ शताब्दीमा उद्योगहरूलाई पनि निल्न पुग्यो देश र राष्ट्रहरूको स्वाधीनतामाथि पुँजीपतिको नियन्त्रण कायम भयो निगम नियन्त्रित वित्तीय पुँजी एक्काईसौँ शताब्दीका उत्पादकहरूको जीवनमा निर्णायक प्रभाव पार्ने मूल प्रवृत्ति बन्यो

विश्वको यो परिवेशबाट के तथ्यहरू देखा पर्छन् भने २० औँ शताब्दीमा विभाजित विश्व २१ औँ शताब्दीमा निगम पुँजीको नियन्त्रणमा एकत्रित भयो अमेरिका, चीन, बेलायत, युरोपेली युनियन, रुस, भारत, जापान, इन्डोनेसिया, दक्षिणअफिका, ब्राजिल, कोलम्बिया, मेक्सिको क्यानाडाजस्ता देशहरू

... बाँकी पृष्ठ ४ मा

*१. देशमा समाजवाद होस् भन्ने प्रवृत्ति एमाले र माके पार्टीमा रहेका केही युवा बुद्धिजीवीहरूमा देखा पर्छ उनीहरूले समयसमयमा नेपाल सामन्तवादी देश हो कि पुँजीवादी भन्ने विषयमा बहस चलाउँदै हिँडेका थिए उनीहरूको मुख्या रुझान समाजको आधारभूत उत्पादन सम्बन्धमा परिवर्तन गरेर होइन, आर्थिक आधार र राजनीतिक एवम् सांस्कृतिक उपरिसंरचनामा क्रान्तिकारी परिवर्तन गरेर होइन, आवश्यकताअनुसारको नाम राखेर मनोविज्ञान मात्र तयार गर्ने रहँदै आएको थियो*

*२. दस वर्षको जनयुद्धको उपलब्धिका रूपमा सङ्घीय गणतन्त्र नेपालको संविधानमा 'समाजवाद उन्मुख' भन्ने परिभाषा हालिएको छ नेपालको बुर्जुवा पुँजीवादी पार्टी नेपाली काङ्ग्रेसलाई त्यो पनि पाच्य छैन र 'कम्युनिस्ट' हरूका लागि बाहिरी लिपापोती नै पर्याप्त देखापर्छ*

*3. Lenin: Imperialism the Highest Stage of Capitalism p.106*

*4. Lenin: Imperialism the Highest Stage of Capitalism P, 18*

# उत्पीडित वर्गको सैन्य कार्यदिशा



हेमन्तप्रकाश ओली 'सुदर्शन'

*'हरेक पुरानो समाजको गर्भबाट नयाँ समाज जन्माउन बलले सुँडेनीको काम गर्दछ'*

*- मार्क्स, पुँजी- भाग १, १८६७, पृष्ठ ७९०, हिन्दी संस्करण*

*'उत्पीडित वर्ग जसले हतियार चलाउन र हतियार प्राप्त गर्न सिक्दैन भने ऊ दासको व्यवहार गरिन लायक छ'*

*- लेनिन, सर्वहारा क्रान्तिको सैन्य कार्यक्रम, १९१६, ग्रन्थ २३- पृष्ठ ८०, अङ्ग्रेजी संस्करण*

नेपालमा हामीले दस वर्षको महान् जनयुद्धबाट जन्माएको जनमुक्ति सेना गुमाएका छौं गद्दार प्रचण्ड र बाबुरामले गर्दा नेपाली श्रमजीवी तथा उत्पीडित जनताले प्राप्त गरेका उपलब्धिहरू सबै गुमेका छन् हामीले यो धोका र गद्दारीको भण्डाफोर गर्दै उत्पीडित वर्गको नयाँ समाज जन्माउने 'सुँडेनी' सङ्गठित गरिरहेका छौं बच्चा त आमाको गर्भमा छट्पटाइरहेको छ हामीलाई त्यो बच्चा जन्माउने सिपालु र अनुभवी सुँडेनीको आवश्यकता परेको छ त्यसलाई खतराबाट बचाउँदै क्रान्तिकारी कार्यदिशाबाट दीक्षित सुँडेनी हामीलाई चाहिएको छ यहाँ हामी उत्पीडित वर्गको सैन्य कार्यदिशाबारे केन्द्रित भएर यो आलेखमा विश्लेषण र संश्लेषण गर्ने कोसिस गर्दैछौं

## समस्याहरू

पहिलो कुरा, हाम्रो कार्यदिशा लेनिनले विकास गरेको सशस्त्र जनविद्रोह हो वा माओले विकास गरेको जनयुद्ध भन्ने कुरामा धेरै मानिसहरू अलमलमा छन् हामीले यी दुवै कार्यदिशाको विकासका अर्थमा एकीकृत जनक्रान्तिको कार्यदिशा संश्लेषण गरेका छौं दोस्रो कुरा, कतिपय मानिसहरूले के प्रश्न उठाइरहेका छन् भने आजको युगमा सशस्त्र क्रान्तिद्वारा सत्ता कब्जा गर्ने कुरा कति सम्भव हुनसक्छ ? सशस्त्र क्रान्ति सम्भव भए त प्रचण्ड र बाबुराम जनयुद्धबाट फर्केर संसदीय व्यवस्थामा आउने थिएनन् वैभवशाली साम्राज्यवादी देशहरूले निःशस्त्रीकरणको नारा लगाइरहेका छन् लड्नै थालेका अमेरिका र जनगणतन्त्र कोरिया (उत्तरकोरिया) त सिङ्गापुर-भियतनाम वार्तामा पुगे बरु नेपाल कम्युनिस्ट पार्टी र सरकारले वार्ताबाट समस्याको समाधान गर्नुपर्छ यस्ता कुराहरू पनि चलिरहेका छन् संशोधनवादीहरू जो नवप्रतिक्रियावादमा पतन भइसकेका छन्, उनीहरूले के हल्ला फैलाइरहेका छन् भने आजको विज्ञान र प्रविधिको युगमा सशस्त्र क्रान्ति गर्न असम्भव छ हामीले संविधानमै 'समाजवाद' उल्लेख गरेका छौं त्यसकारण संवैधानिक प्रक्रियाबाटै समाजवाद ल्याउन सकिन्छ तेस्रो कुरा, नेपालजस्तो दुई हात्ती देशका बीचमा रहेको सानो र भूपरिवेष्ठित देशमा क्रान्ति सम्पन्न गर्न सकिँदैन यहाँको राज्यसत्ता ढाले पनि वरिपरिका विशाल देशहरू क्रान्तिका विरुद्ध छन् अनि कसरी क्रान्ति सफल हुन्छ ? यी समस्याहरू नै उत्पीडित वर्गको सैन्य कार्यदिशाका समस्याहरू हुन्

## समस्याको विश्लेषण

३.१) हाम्रो पार्टीले अघि सारेको नेपाली क्रान्तिको कार्यदिशा भनेको एकीकृत जनक्रान्तिको कार्यदिशा हो यसलाई विशुद्ध सैन्य हिसाबले एकीकृत सैन्य कार्यदिशा पनि भन्न सकिन्छ लेनिनले रुसमा केन्द्रीय राज्यसत्ता कब्जा गरेर समग्र देश कब्जा गरेको सशस्त्र जनविद्रोह र माओले गाउँगाउँमा लालसेनाद्वारा लालसत्ता निर्माण गर्दै केन्द्रीय राज्यसत्ता कब्जा गरेको दीर्घकालीन जनयुद्धको विकासका रूपमा हामीले एकीकृत जनक्रान्तिलाई लिएका छौं उहाँहरू दुवैले विकास गरेको कार्यदिशाको उद्देश्य अथवा गन्तव्य वैज्ञानिक समाजवाद हुँदै साम्यवाद हो भने हाम्रो पनि त्यही हो हरेक देशका कम्युनिस्टहरू त्यस देशको समय, परिस्थिति र विशेषताहरूअनुसार बन्ने भिन्नाभिन्नै बाटोबाट वैज्ञानिक समाजवादमै पुग्नेछन्

हामीले एकीकृत जनक्रान्ति संश्लेषण गर्नुका कारणहरू केके हुन् ? हामीले यसलाई सामान्यतः आठौं महाधिवेशनमा विश्लेषण गरेका छौं त्यसको सारसङ्क्षेपका रूपमा यहाँ विश्लेषण गर्ने कोसिस गरिएको छ कार्यदिशा विकासको पहिलो स्रोत भनेको आफ्नो समयको अर्थतन्त्र हुन्छ किनभने लेनिनले संश्लेषण गर्नुभएको छ, 'राजनीति भनेको अर्थतन्त्रको केन्द्रीय अभिव्यक्ति हो' आजको विश्व-अर्थतन्त्रका चारवटा विशेषता रहेका छन्–

क) आजको पुँजीवाद अति एकाधिकारवादी तथा अति केन्द्रीकृत रहेको छ यसैलाई हामीले थबाङ महाधिवेशनमा उत्तरसाम्राज्यवाद भनेका छौं आज ९९ प्रतिशत जनता र १ प्रतिशत पुँजीपतीको सम्पत्ति बराबर छ १ प्रतिशतमा पर्नेहरूमध्ये जेफ बेजोस (९८.२ बिलियन डलर), बिल गेट्स (९०.८ बिलियन डलर), वारेन बफेट (८४.८ बिलियन डलर), अनान्सियो ओर्टेगा (७६.१ बिलियन डलर), मार्क जुकरवर्ग (७१.५ बिलियन डलर), बर्नडी अर्नाउल्ट (६५.२ बिलियन डलर), कार्लोस स्लिम हेलु (६३.८ बिलियन डलर), लारी एलिसन (५८ बिलियन डलर), चार्ल्स कोच (५०.४ बिलियन डलर) र डेबिड कोच (५०.४ बिलियन डलर) हुन् ९९ प्रतिशतलाई चुसेर नै उनीहरूसँग यो अथाह सम्पत्ति जम्मा भएको छ नेपालमा पनि त्यसरी नै १ प्रतिशत दलाल पुँजीपतिहरूले जनतामाथि ब्रह्मलुट मच्चाइरहेका छन् त्यसमध्ये शीर्ष १० जना नेपालीलाई लिँदा - विनोद चौधरी (१.६ बिलियन डलर), शेष घले (४१० मिलियन डलर), उपेन्द्र महतो (३६० मिलियन डलर), अजय सुमार्गी (२०० मिलियन डलर), आदित्य झा (१०० मिलियन डलर), जीवा लामिछाने (९२ मिलियन डलर), पशुपतिशमसेर र णा (८४ मिलियन डलर), बलराम चेनराई (७० मिलियन डलर), राजेन्द्र खेतान (६२ मिलियन डलर) र ज्ञानेन्द्र शाह (५० मिलियन डलर) हुन् उनीहरूको यो सम्पत्ति वैधानिकतामा देखाइएको हो कर नतिर्ने कालो सम्पत्तिको समेत हामीले हेक्का राख्नैपर्छ अन्तर ाष्ट्रिय रूपमा अति एकाधिकारवादी र अति केन्द्रीकृत पुँजीवादीहरूले जसरी एकीकृत र केन्द्रीकृत भएर विश्व-जनसमुदायमाथि लुट मच्चाइरहेका छन्, जसरी नेपालका दलाल पुँजीवादीहरूले नेपाली श्रमजीवी तथा उत्पीडित जनताको शोषण-दमन गरिरहेका छन्, त्यसका विरुद्ध संसारका श्रमजीवी तथा उत्पीडित जनता एकीकृत र केन्द्रीकृत भएर लड्न जरुरी छ अब मजदुर, किसान, सिपाही, मध्यम वर्ग र राष्ट्रिय पुँजीपति तथा देशभक्तहरू काँधमा काँध मिलाएर एकीकृत जनक्रान्ति लड्न जरुरी छ हाम्रो क्रान्तिकारी दस्तालाई बन्दुकले सुसज्जित पार्नैपर्छ

ख) मार्क्स, लेनिन र माओको पालाभन्दा अहिलेको अर्थतन्त्रको अर्को विशेषता भनेको विकेन्द्रित उत्पादन र केन्द्रीकृत वितरण हो उत्तरसाम्राज्यवादी पुँजीपतिहरूले मजदुरहरूलाई सङ्गठित हुन नदिन विकेन्द्रित उत्पादनप्रणाली र आफ्नो एकाधिकार कायम गर्न केन्द्रीकृत वितरणको नीति अख्तियार गरेका छन् एउटा गाडी निर्माण गर्न त्यसका विभिन्न अङ्ग र पुर्जाहरू अलग स्थान र अलग देशहरूमा बन्दछन् भने वितरणका लागि एउटै दुकानमा ल्याइएको हुन्छ त्यसैगरी अलगअलग स्थान र देशमा बनेका नुनदेखि सुनसम्मका वस्तुहरू एउटै सुपरमार्केटबाट वितरण भएको त हामीले नेपालमा पनि प्रसस्तै देखिरहेका छौं निगम गृह, मल र सुपर मार्केट भनेका मध्यम वर्ग र राष्ट्रिय पुँजीपतिलाई समेत चुस्ने अति एकाधिकारवादीहरू हुन् यसले गर्दा मध्यमवर्गीय व्यापारी र उद्योगपतिहरू सुक्दै जन्छन्

ग) आजको अर्थतन्त्रको तेस्रो विशेषता भनेको उत्पादक शक्तिमा विज्ञान र प्रविधि जोडिएर उत्पादन तीव्र हुनु हो पहिले जनश्रम र उत्पादनका साधन मिलेर उत्पादक शक्ति बन्थ्यो भने आज यसमा विज्ञान र प्रविधि जोडिएको छ विज्ञानको आविष्कार जनताका छोराछोरीले गरे पनि उत्पादन सम्बन्ध अति एकाधिकार पुँजीवादी हुने भएकाले विज्ञान र प्रविधिको स्वामित्व पनि उसकै हुन्छ अर्थात् विज्ञान र प्रविधिको आविष्कार पुँजीवादी व्यवस्थामा माल बन्न जान्छ विज्ञानको आविष्कार उसको नाफाको स्वार्थसँग जोडिन पुग्छ तर विज्ञान र प्रविधि उत्पादक शक्तिमा जोडिएर हुने तीव्र उत्पादनले साम्यवादलाई नजिक ल्याउनैपर्छ एउटा यस्तो चरण आइपुग्छ जहाँ पुगेपछि उत्पादक शक्तिले उत्पादन सम्बन्धविरुद्ध विद्रोह गर्न अनिवार्य बन्न जान्छ उत्पादक शक्तिको विद्रोहलाई सजिलो बनाउन 'सुँडेनी' ले त्यतिबेलै पूरै बल लगाउनुपर्छ

घ) रूपमा राजनीतिले अर्थतन्त्रलाई निर्देशन गर्ने भनिए पनि सारमा अर्थतन्त्रले राजनीतिलाई निर्देशन गर्नु आजको अर्थतन्त्रको चौथो विशेषता हो यही कारणले अमेरिकी राष्ट्रपतिको चुनावमा हिलारी क्लिन्टनले होइन, बरु जग्गा दलाल डोनाल्ड ट्रम्पले जितेको छ भने नेपालको गत स्थानीय, प्रादेशिक र संसदीय चुनावमा ८० प्रतिशत ठेकेदार र दलाल पुँजीपतिहरूले जितेका छन् जब राजनीतिमाथि पुँजीवाद हाबी हुन्छ तब राजनीतिक नेताहरू किनिन्छन् जस्तो कि नेपालमा पुष्पकमल दाहाल, केपी ओली र बाबुरामहरू भर्खरै किनिएका छन् यसबाट क्रान्तिकारी कम्युनिस्टहरू अति सतर्क हुन आवश्यक छ यसलाई ध्वस्त पार्ने भनेकै जनताको सैन्य दस्ता हो जनताको र जनताको पार्टीको सैन्य दस्ता भएर मात्र हुँदैन, बरु बन्दुकको म्यागेजिनमा सांस्कृतिक क्रान्तिका गोलीहरू पनि भरेर राख्नुपर्दछ मुख्यतः चार विशेषता रहेको आजको यो अर्थतन्त्र नेपाली जनक्रान्तिको कार्यदिशाको पहिलो स्रोत तथा आधार हो

एकीकृत जनक्रान्तिको दोस्रो आधार भनेको सूचना-सञ्चार, यातायात र वित्तीय भूमण्डलीकरणका कारण गाउँ र सहरका बीचको सामीप्य हो त्यसकारण आजको क्रान्तिमा सहर र गाउँको आन्दोलनलाई एकीकृत गर्नुपर्ने आवश्यकता छ यसलाई हामीले एकीकृत जनक्रान्ति भनेका छौं क्रान्तिको छिनोफानो हुने स्थितिमा त राज्यसत्ताको केन्द्रबिन्दु नै आक्रमणको केन्द्रबिन्दु हुन पुग्छ

एकीकृत जनक्रान्तिको तेस्रो स्रोत भनेको यतिबेला वैज्ञानिक स्टेफन हकिङले विकास गरेको एकीकृत भौतिकशास्त्र हो उहाँले अलबर्ट आइन्स्टाइनले सुरु गरी म्याक्स प्लाँकहरूलगायत वैज्ञानिकहरूले विकास गर्दै अघि बढाएको क्वान्टम यान्त्रिकी अथवा अनिश्चयताको सिद्धान्तलाई समायोजन गरेर एकीकृत भौतिक शास्त्र आविष्कार गर्नुभएको छ सबैलाई थाहा छ, मार्क्सदेखि माओसम्मका समाज वैज्ञानिकहरूले प्रकृति विज्ञानको आविष्कारलाई समाज विज्ञानमा संश्लेषण गर्नुभएको छ हाम्रो जमानाका पछिल्ला प्रमुख वैज्ञानिक भनेका स्टेफन हकिङ नै हुनुहुन्छ उहाँको सिद्धान्त प्रविधिमा अभिव्यक्त भएको छ उदाहरणका रूपमा हामी स्मार्ट फोनलाई लिन सक्छौं यो यन्त्रबाट कुराकानी मात्र गरिँदैन, बरु यसबाट एक सेकेन्डमै अमेरिका चिठी पठाउन सकिन्छ क्यामेरा, घडी, रेडियो, टर्चलाइटको काम पनि लिन सकिन्छ यसबाट भिडियो कल, बैङ्किङ कारोबार, सामानको खरिदबिक्री आदि गर्न सकिन्छ यसरी स्मार्ट फोन एकीकृत विज्ञानको एउटा अभिव्यक्ति बन्न पुगेको छ विकास निर्माणका औजारहरू पनि बहुप्राविधिक नै बनेका छन् यसलाई समाज विज्ञानमा ल्याउँदा एकीकृत जनक्रान्तिको आधार बन्न गएको छ

एकीकृत जनक्रान्तिको चौथो आधार भनेको आजको युद्धको चरित्र हो आजको युद्ध साइबरसँग अनिवार्य रूपले जोडिन पुगेको छ आजको बन्दुकमा साइबर जोड्न आवश्यक छ निम्न प्रविधि र उच्च प्रविधिको समायोजन पनि यसलाई भन्न सकिन्छ युद्धको यस्तो उचाइ पनि देखिएको छ- अमेरिकाले सिरियामाथि प्रहार गरेका क्षेप्यास्त्रहरू रुसले आकाशमै निष्काम पारिदिएको छ त्यसकारण साइबरको विकासलाई नजोड्दा बन्दुक अपाङ्ग बन्दछ त्यसैले सैन्ययुद्ध र साइबर युद्धको जोडफल नै एकीकृत जनक्रान्ति हो

२) श्रमजीवी तथा उत्पीडित वर्गले संसदीय पुँजीवादी राज्यसत्ता ढालेर वैज्ञानिक समाजवादी र ाज्यसत्ता स्थापना गर्न चाहन्छ भने हतियार प्राप्त गर्न, हतियार चलाउन र हतियार बनाउन जान्नै पर्दछ यस वर्गका लागि अर्को विकल्प छैन स्टालिनले भनेका थिए, 'हतियार, हतियार, फेरि पनि हतियार !' कम्युनिस्टका नाममा कसैले शान्तिपूर्ण सङ्क्रमणको बाटो खोज्दछ भने त्यो संशोधनवाद हो नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा जजसले शान्तिपूर्ण सङ्क्रमणको बाटो लिए उनीहरू सबैले मालेमावाद र जनताप्रति गद्दारी गरेका छन् मनमोहन, मदन भण्डारी, केपी ओली र प्रचण्ड यसका उदाहरण हुन् दस वर्षको महान् जनयुद्धको नेतृत्व गरेका प्रचण्ड र बाबुरामले निच प्रकारले क्रान्तिकारी पार्टी, जनमुक्ति सेना, जनसत्ता, जनप्रशासन, जनअदालत र जनसुधारगृह विघटन गरेका छन् जनमुक्ति सेनाको विघटन साम्राज्यवादी निःशस्त्रीकरणको कार्यान्वयन र जनताका १७ हजार छोराछोरीको रगतमाथि होली खेल्ने दुष्कार्य हो आज प्रचण्डले २०२८ सालमा उठाएका बन्दुकहरू कोसीमा बगायौं भनेर गर्व गर्ने केपी ओलीसँग एकता गर्दै नेपाली जनताको मुक्तिको बाटो छेक्ने दुस्साहस गरिरहेका छन् इतिहासको बलवान् हातले एक दिन गद्दारहरूलाई घोडाबाट ओर ालेर चिहानमा पुर्‍याउनेछ

उत्पीडित राष्ट्रहरू र जनताको निःशस्त्रीकरण तथा आफ्नो सशस्त्रीकरण गर्दै जाने अमेरिकी साम्राज्यवादलाई उत्तरकोरिया र त्यसका राष्ट्रपति किम जोङ उनले हाइड्रोजन बमको परीक्षणद्वारा जबाफ दिनु हार्दिक स्वागतयोग्य कार्य थियो तर आफ्नो देशलाई ६७ वर्षदेखि लगाइएको आर्थिक नाकाबन्दी नखोलीकन कसैको स्वार्थमा सिङ्गापुर-भियतनाम वार्ता गर्नुले अन्ततः त्यति शुभकार्य सङ्केत दिएको छैन १९१४ देखि १९१९ सम्म प्रथम विश्वयुद्ध चलिरहेको थियो स्क्यान्डेनेभियन समाजवादीहरूले साम्राज्यवादीहरूको स्वरमा स्वर मिलाउँदै 'निःशस्त्रीकरण' को नारा लगाएका थिए कतिसम्मभने रोजा लक्जेम्वर्गले आफ्नो गुप्त नाम जुनियस बनाएर र ाष्ट्रिय युद्ध पनि अन्ततः साम्राज्यवादी युद्धमा बदलिन्छ भन्दै एउटा पर्चा लेख्नुभयो जान वा अन्जान रूपमा यसले पनि निःशस्त्रीकरणकै पक्षपोषण गरेको थियो सन् १९१६ मा लेनिनले 'सर्वहारा क्रान्तिको सैन्य कार्यक्रम' शीर्षकको आलेख रचना गर्नुभएको थियो उहाँले सबै युद्धहरूको विरोध गर्नेहरूको धज्जी उडाउँदै लेख्नुभएको छ, 'समाजवादीहरू समाजवादी हुन छोडेर सबै युद्धको विरोध गर्दैनन्'

- लेनिन सङ्कलित रचना, ग्रन्थ २३, पृष्ठ ७०, अङ्ग्रेजी संस्करण

अझ अगाडि बढेर उहाँले भन्नुभएको छ, 'जसले वर्गसङ्घर्ष स्वीकार गर्छ उसले गृहयुद्ध स्वीकार गर्न नमान्ने कुरै हुन सक्दैन जुन हरेक वर्गसमाजमा स्वाभाविक हुन्छ र खास परिस्थितिमा वर्गसङ्घर्षको अपरिहार्यता, निरन्तरता र विकास तीव्र हुन्छ त्यो हरेक महान् क्रान्तिबाट सुनिश्चित हुन्छ गृहयुद्ध अस्वीकार गर्नु अथवा यसलाई भुल्नु चरम अवसरवादमा फस्नु हो र समाजवादी क्रान्ति परित्याग गर्नु हो'

- उही, पृष्ठ ७८-७९

लेनिनले न्यायपूर्ण युद्धको समर्थन र अन्यायपूर्ण युद्धको विरोध गर्नुभएको छ यहाँ उत्पीडित वर्गले के गर्नुपर्छ भन्ने प्रश्नको जबाफमा लेनिनका दुई अनुच्छेद उद्धृत गरिएको छ :

'पेरिस कम्युनको एकजना पुँजीवादी पर्यवेक्षकले मे १८७१ को अङ्ग्रेजी प्रत्रिकामा लेख्दै भनेका छन्- फ्रान्स महिलैमहिलाले बनेको भए कति भयानक र ाष्ट्र हुन्थ्यो होला ! महिला र केटाकेटीहरूले पेरिस कम्युनका लागि पुरुषहरूसँगै काँधमा काँध मिलाएर लडेका थिए पुँजीवादलाई ढाल्ने आउँदो लडाइँ योभन्दा भिन्न हुनेछैन सर्वहारा महिलाहरू असल हतियारले सुसज्जित पुँजीवादी वर्गको सेनाद्वारा कमसल हतियार लिएका अथवा निःशस्त्र मजदुर लाई गोली हानेर ढालिएको दृश्य टुलुटुलु हेरेर बस्ने छैनन् उनीहरूले १८७१ मा जस्तै हतियार उठाउनेछन् र आजका डरपोक राष्ट्रहरूबाट अझ ठीक ढङ्गले भन्ने हो भने वर्तमान मजदुर आन्दोलनमा सरकारद्वाराभन्दा अवसरवादीहरूद्वारा विघटित निःसन्देह रूपले ढिलो वा चाँडो तर सुनिश्चित रूपमा क्रान्तिकारी सर्वहार ावर्गको 'भयभीत राष्ट्रहरूमा' एउटा अन्तर्राष्ट्रिय सङ्घ उदाउनेछ'

'आज सम्पूर्ण सामाजिक जीवन सैन्यीकृत हुँदैछ साम्राज्यवाद भनेको विश्वको विभाजन र पुनर्विभाजनका लागि महाशक्तिहरूको तीव्र सङ्घर्ष हो त्यसकारण यसले साना होऊन् अथवा असंलग्न सबै देशहरूलाई अझ सैनिकीकरणतिर लैजान्छ यसलाई सर्वहारा महिलाहरूले कसरी सामना गर्लान् ? के उनीहरू सबै प्रकारका युद्ध र सेनालाई दुत्कार्दै केवल निःशस्त्रीकरणको माग गर्लान् ? उत्पीडित र वास्तविक रूपमा क्रान्तिकारी वर्गका महिलाहरूले त्यस्तो लाजमर्दो भूमिका कहिल्यै स्वीकार्ने छैनन् उनीहरूले आफ्ना छोराछोरीलाई भन्नेछन्- तिमीहरू छिट्टै हुर्कनेछौ तिमीहरूलाई बन्दुक दिइनेछ यसलाई उठाऊ र राम्रोसँग सैन्यकला सिक सर्वहारा वर्गलाई यो ज्ञान वर्तमान युद्धमा जस्तै र समाजवादका धोकेबाजहरूले भनेजस्तै आफ्नै दाजुभाइलाई गोली ठोक्न र अर्को देशका श्रमिकहरूमाथि गोली चलाउन आवश्यक छैन उनीहरूलाई आफ्नै देशका पुँजीपतिहरूसँग लड्न, धार्मिक कामनाले होइन, बरु पुँजीपति वर्गलाई पराजित र निःशस्त्र पारेर शोषण, गरिबी र युद्धको अन्त्य गर्न यो ज्ञान आवश्यक हुन्छ'

- उही पृष्ठ ८२-८३

लेनिनका यी मार्मिक संश्लेषणहरूले पुर ानै प्रतिक्रियावादी राज्यसत्ताको सरकारमा रहेर समाजवादी क्रान्तिको सपना देख्ने पुष्पकमल दाहाल 'प्रचण्ड', खड्गप्रसाद ओली र बाबुराम भट्टर ाईहरूलाई सिस्नुपानी लगाएका छन् यी संश्लेषणहरूले निःशस्त्रीकरणको राग अलाप्ने साम्राज्यवादी डाँकाहरूमाथि क्षेप्यास्त्र प्रहार गरेका छन्

आफूले बन्दुक बोकेर जनतालाई बन्दुक बोक्नु हुन्न भन्ने प्रतिक्रियावादी, साम्राज्यवादी र तिनका अवैध सन्तान संशोधनवादीहरूको सातो लिँदै माओले आफ्नो सुप्रसिद्ध रचना 'युद्ध र रणनीतिका समस्याहरू' नामक आलेखमा भन्नुभएको छ :

'साम्यवादीहरू व्यक्तिगत सैन्यशक्तिका लागि लड्दैनन् (उनीहरूले कुनै हालतमा पनि त्यसो गर्दैनन्; उनीहरूलाई पुनः चाङ क्वो थाओका पिछलग्गु बन्न दिनु हुँदैन) तर उनीहरू पार्टीको सैन्यशक्तिका लागि र जनताको सैन्यशक्तिका लागि लड्नैपर्छ 'राजनीतिक सत्ता बन्दुकको नालबाट जन्मन्छ' यो सत्यलाई हरेक साम्यवादीले ग्रहण गर्नुपर्छ हाम्रो सिद्धान्तअनुसार पार्टीले बन्दुक चलाउँछ, बन्दुकलाई कहिल्यै पनि पार्टी चलाउन दिनु हुँदैन हामीसँग बन्दुक छ भने उत्तरी चीनमा चौथो मार्ग सेनाले बनाएको शक्तिशाली पार्टीजस्तै पार्टी सङ्गठन बनाउन सक्छौं हामी कार्यकर्ता, विद्यालय, संस्कृति र जनआन्दोलन सिर्जना गर्न सक्छौं येनानका सम्पूर्ण कुराहरू बन्दुकद्वारा सिर्जना गरिएका हुन् सबै कुराहरू बन्दुकको नालबाटै जन्मन्छन् राज्यसम्बन्धी मार्क्सवादी सिद्धान्तअनुसार सेना राज्यसत्ताको प्रमुख सङ्घटक हो जसले राज्यसत्ता कब्जा गर्न र टिकाउन चाहन्छ ऊससँग बलियो सेना हुनैपर्छ युद्ध सर्वशक्तिमानताको वकालत गरेकोमा केही मानिसहरू हामीप्रति हाँस्छन् हो, हामी क्रान्तिकारी युद्धका पक्षपाती हौं यो राम्रो कुरा हो, नराम्रो कुरा होइन रुसी बन्दुकहरूले समाजवादको सिर्जना गरे हामी जनतान्त्रिक गणतन्त्र सिर्जना गर्नेछौं साम्राज्यवादी युगमा वर्गसङ्घर्षको अनुभवले हामीलाई के सिकाउँछ भने बन्दुकको बलले मात्र श्रमिक जनसमुदायले सशस्त्र पुँजीपति र भूमिपतिलाई हराउन सक्छन् यही अर्थमा हामी के भन्न सक्छौं भने केवल बन्दुकले नै विश्वलाई रूपान्तरण गर्न सकिन्छ हामी युद्धको अन्त्यका पक्षपाती हौं तदनुरूप बन्दुकबाट छुट्टी पाउन बन्दुक उठाउनैपर्छ'

– माओ त्सेतुङ सङ्कलित रचना ग्रन्थ २, अङ्ग्रेजी संस्करण, पृ. २२५

आफूलाई मार्क्सवादी-लेनिनवादी-माओवादी भन्न पनि पछि नपर्ने प्रचण्ड दाहाल र केपी ओलीजस्ता नवप्रतिक्रियावादीहरूलाई माओले यसरी भर्त्सना गनुएभएको छ यी हाल सामाजिक दलाल पुँजीवादी देखिए पनि सामाजिक फासिवादमै पुग्छन् भन्ने कुरा क्रान्तिकारीहरूमाथिको दमनले प्रकाश पार्दै गएको छ

प्रिय पाठकवृन्द ! तपाईंहरूले मालेमावादको दोसल्ला ओढेर मालेमावादकै मुटुमा छुरी धस्ने धोकेबाज प्रचण्ड, बाबुराम र केपी ओलीहरूलाई त निगरानीमा राखेर हेरिरहनुभएको छ नि ? पहिलो कुरा, यी कम्युनिस्टहरू होइनन् आदरणीय जनसमुदाय, जसलाई तपाईंहरूले कम्युनिस्ट ठानेर चुनावमा मतदान गर्नुभयो, ती कम्युनिस्ट होइनन् उनीहरू भेडाको छाला ओडेका ब्वाँसाहरू हुन् जो साधारण ब्वाँसाहरूभन्दा दस गुणा खतरनाक छन् जनतालाई कन्याउँदै जाँदा मुटु-कलेजो झिकेर खाएको थाहा हुँदैन जनताकै कर बाट भरिएको ढुकुटी विकास निर्माणकै मीठा कुरामा रित्तिन्छ यति मात्र होइन, उनीहरू देशभित्रका दलाल पुँजीवादी र साम्राज्यवादीहरूद्वारा अर्बौं रूपैयाँमा किनिएका छन् त्यसकारण उनीहरू दलाल पुँजीवादका चाकर भएका छन् र साम्राज्यवादका दलाल बनेका छन् कम्युनिस्ट भनेको निजी सम्पत्तिको अन्त्य गर्नु र सामूहिक एवम् साझा सम्पत्तिको विकास गर्नु हो आफू अर्बपति बनेर जनतालाई कङ्गाल बनाउने उनीहरू कम्युनिस्ट कसरी हुन सक्छन् ? उनीहरूले निजी सम्पत्तिका लागि हजारौं सहिदहरूको रगत बेचेका छन् यी गद्दारहरूको स्वर्ग बनेको राज्यसत्तालाई ढाल्न र सहिदको सपना वैज्ञानिक समाजवाद ल्याउन जनसेनाको विकास इतिहासको अपरिहार्य आवश्यकता बनेको छ

दोस्रो कुरा, उत्पीडित वर्गले आफ्नो मुक्ति चाहन्छ भने उसले बन्दुक सङ्गठित गर्नुको विकल्प छैन माओले समग्र प्रक्रियाको विश्लेषण गरेर नै 'सेना नभएको जनतासँग आफ्नो भन्ने केही हुँदैन' भन्नुभएको हो कतिपय इमानदार मानिसहरूलाई कस्तो लाग्न सक्छ भने कमरेड विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीपनि यही संसदीय व्यवस्थाको चुनावमा भाग लिएर सरकारमा पुगे त जनताको समस्या समाधान भइहाल्थ्यो होला किन बेकारमा फेरि बन्दुक बोकेर रगत वगाउन खोजेका होलान् ? प्रिय साथीहरू र आदरणीय जनसमुदाय, यो एउटा भोलाभाला प्रश्न हो यो बाघको अघिल्तिर बाख्राले बिन्ती बिसाउनुपर्छ भनेजस्तै भोलाभाला कुरा हो तपाईंहरूलेस्थानीय, प्रादेशिक र केन्द्रीय चुनावको स्थिति आफ्नै आँखाले देख्नुभयो नि ? गाउँपालिकाको वडा सदस्य जित्न कम्तीमा २० लाख, गाउँपालिका जित्न ५० लाख, नगरपालिकाको वडा जित्न अर्बौं पैसा चाहिन्छ पैसाले मात्र भोट सुनिश्चित हुँदैन, सुनिश्चितताका लागि प्रहरी, सेना, गुण्डा र कर्मचारी किनेर राख्नुपर्छ नत्र भने कुनै उम्मेदवारले प्राप्त भोट जसले पैसा बढी दिएको छ त्यसकै मतपेटिकामा जान सक्छ पैसा प्राप्त भएमा मतपेटिकामा मत नपरेको भए पनि मतपत्र भरिन सक्छ चुनावमा जनतालाई मतदान गरेर इमानदार र योग्य उम्मेदवार

... बाँकी पृष्ठ ७ मा

## राजनीतिक अर्थशास्त्र ....

सार्वभौमिकतामा छुट्टै देशहरू रहे पनि निगम पुँजीको नियन्त्रणले उनीहरूलाई एउटैमा केन्द्रित गऱ्यो राजनीतिक मानचित्रमा एकातिर अमेरिका आर्थिक र फौजी महाशक्तिका रूपमा खडा देखापर्छ, अर्कोतिर चीन पनि त्यत्तिकै शक्तिशाली भएर खडा छ अमेरिकी नेतृत्वमा युरोपेली युनियनभित्र रहेका देशहरूको गठबन्धन आर्थिक र सामरिक रूपमा साम्राज्यवादी देशहरूमा थिए र अहिले कतिपय नयाँ देशहरूसमेत आर्थिक साम्राज्य ओगट्ने नयाँ साम्राज्यवादी देशहरूको सूचीमा दर्ता हुन पुगे तर निगम पुँजीका लागि सबै देशहरू अतिरिक्त पुँजी आर्जन गर्ने र संरक्षण गर्ने सुरक्षित स्वर्गजस्तै बने पुँजीवादले सामन्तवादको अन्त्य गरी पुँजीवादी रूपान्तरण गर्ने क्रान्तिकारी चरित्र पुँजीवादको विकासको चरणमा देखाएको थियो बेलायतमा पुँजीवादको विकाससँगै सामन्तवादी मूल्य र मान्यताहरू ध्वस्त भएका थिए त्यो प्रक्रिया एसियामा जापान र पछि युरोपका शक्तिशाली देशहरूमा फैलिएको थियो एकाधिकार पुँजीको विकाससँगै सामाजिक रूपान्तरणको प्रक्रियालाई निषेध गरि यो एकाधिकार पुँजीवादले सामन्तवादको संरक्षण गर्दै आफ्नो लूटको सुनिश्चितता मात्र गऱ्यो निगम पुँजीले विश्वका सबै प्रकारका प्रतिक्रियावादी प्रवृत्तिहरूलाई आफ्नो संरक्षणमा लिएको छ सामन्तवाद, पुँजीवाद, दलाल पुँजीवाद, नश्लवाद, जातिवाद, धार्मिक कट्टरतावाद, संशोधनवाद, आत्मसमर्पणवादजस्ता बृहत् मानिसको जीवनका लागि परिवर्तनविरोधी शक्तिहरूको संरक्षण गरेको छ वास्तवमा यो अवस्था उत्पन्न हुनुको कारण निगम पुँजीले उत्पन्न गरेको विश्वको एकीकृत प्रवृत्ति हो भन्ने देखिन्छ निगम पुँजी अहिलेको विश्व व्यवस्थामा अनिवार्य र निर्णायक प्रवृत्ति बनेर रहेको छ

पुँजीको साम्राज्यवादमा विकासका सन्दर्भमा लेनिनले विश्लेषण गर्दै भन्नुभएको थियो, 'हामीले भन्नुपर्छ- साम्राज्यवाद भनेको एकाधिकार पुँजीको चरणछ हो' लेनिनले भन्नुभयो, 'यो परिभाषाले वित्तीय पुँजी भनेको केही ठूला एकाधिकारवादी बैङ्कहरूको पुँजी हो जसले बैङ्कको एकाधिकारवादी पुँजीलाई संयोजित औद्योगिक पुँजीसँग एकाकार गरेको छ र अर्कोतिर औपनिवेशवादको निकासका रूपमा विश्वलाई विभाजित गरिएको छ जो पुँजीवादी शक्तिहरूले प्रयोग गरेका क्षेत्रलाई कुनै अबरोधबिना उपनिवेशको एकाधिकारवादी उपयोग गर्न विश्वलाई पूर्ण रूपले विभाजित गरिएको छ' ट

अहिलेको सन्दर्भमा हामीले साम्राज्यवादको सङ्क्षेपमा परिभाषा दिने हो भने भन्नुपर्छ- साम्राज्यवाद भनेको पुँजीवादको अतिकेन्द्रीकृत निगम पुँजीको चरण हो पुँजीले साम्राज्यवादी निगम पुँजीको चरणमा पुग्दा यसले विश्वका सबै उद्योगहरूलाई बेरोकटोक आफ्नो पुँजीमा गाभेको छ राजनीतिक र सामरिक हिसाबले विभाजित विश्वलाई वित्तीय पुँजीले एक ठाउँमा पुऱ्याएको छ र विश्वको मानवसंसाधनलाई पुँजीपतिको प्रयोगका लागि आफ्नो नियन्त्रणभित्र गाभेको छ

अहिले विश्वका अत्यन्त थोरै सङ्ख्यामा रहेका ठूला बैङ्कहरूले विश्वको सम्पूर्ण कुल जनसङ्ख्याको कुल गार्हस्थ्य उत्पादनभन्दा बढी वित्तीय सङ्कलन गरेका तथ्यहरू देखापर्छन् ठ सन् २०१३ को तथ्याङ्कअनुसार विश्वमा केही ठूला बैङ्कहरू मात्र देखापर्छन् जसले विश्वको कुल गार्हस्थ उत्पादनभन्दा तीन गुणा बढी पुँजी केन्द्रित गरेका छन् जसमध्ये प्राइभेट पर्सन फन्ड जसको ३३ ट्रिलियन (अथवा ३३ खर्ब) अमेरिकी डलरबराबर रहेको थियो, बिमा कम्पनीहरूको २५ ट्रिलियन, म्युच्युअल फन्डहरूको २६ ट्रिलीयन, सोभरिन वेल्थ फन्डहरूको ५.२ ट्रिलियन, हेज फन्ड ५.२ ट्रिलियन र वित्त बजार कोषको २.५ ट्रिलियन अमेरिकी डलरबराबरको सम्पत्ति केही अन्तर्राष्ट्रिय संस्थाहरूको नियन्त्रणमा रहेको थियो ड सन् २०१३ मा विश्वका कुल वित्तीय संस्थाले निक्षेप गरेको पुँजी २२५ ट्रिलियन अमेरिकी डलरबराबर छ जसमा सानातिना वित्तीय संस्थाहरूको सम्पत्ति समावेश गरीएको छैन र यो विश्वको कुल गार्हस्थ उत्पादनको तीन गुणा बढी थियो

निगम पुँजी विश्वका जनताको विरोधी क्षेत्रमा अहिलेको मुख्य प्रवृत्ति हो एकातिर लगानी पुँजी (अथवा फाइनान्स क्यापिटल) भनेको बैङ्क पुँजी हो जसले विश्वका ठूला उद्योगहरू, निर्माणकार्यहरू नियन्त्रण गरेको छ र ठूलो मात्रामा पुँजीको एकीकरण गरेको छ र अर्कोतिर लगानी पुँजीमार्फत विश्वको कुनाकुनासम्म प्रत्यक्ष रूपले, एकाधिकारवादी पुँजीपतिहरूको स्वार्थ र मुनाफाअनुसार हरेक देशहरूमा नियम र कानुनहरू निर्माण गरेर, हरेक देशहरूमा उनीहरूको स्वार्थलाई सुनिश्चित गर्ने शासकहरू तयार गरेर र त्यसप्रकारका शासकहरूको संरक्षण गर्ने सेना, प्रहरी, अदालत तयार गरेर र त्यसका लागि मनोविज्ञान, राजनीतिक वातावरण पैदा गर्ने सञ्चारमाध्यमहरूको विकास गरेर विश्वका जनतामा विभाजन र नियन्त्रण गरेको छ विश्वको कुनै पनि यस्तो स्थान बाँकी रहेको छैन जहाँ कर्पोरेट पुँजी अथवा निगम पुँजी नपुगेको होस् निगम पुँजीको एकाधिकार केवल औद्योगिक तथा वित्तीय पुँजीको नियन्त्रण र परिचालनमा मात्र सीमित छैन यसले विकसित देशहरूका सरकारहरूलाई समेत आफ्नो नियन्त्रणमा लिएको छ र विगतको वित्तीय पुँजीको अवस्थाभन्दा पछिल्लो निगम पुँजीको अवस्थामा राज्यलाई आर्थिक-राजनीतिक क्षेत्रमा समेत नियन्त्रण गरेको छ

वित्तीय कारोबार गरेर राज्यले देशको आर्थिक व्यवस्थापन गर्ने हो निगम पुँजीले राज्यलाई दिने करमा समेत नियन्त्रण गरेको छ पुँजीपति वर्गले बजारमा सामानको निर्यातमा तिर्ने राजस्व सामानको उत्पादन त्यही देशमा गर्न थालेपछि समाप्त भएको छ एकातिर वित्तीय नियन्त्रणमा उद्योगहरू चल्ने र ती उद्योगहरू देशको उद्योगपति वा राज्यको सम्पत्तिभन्दा बाहिर एकाधिकारवादी पुँजीपतिहरूको हुने र अर्कोतिर मजदुरको पारिश्रमिक उद्योगहरूमा काम गर्नका लागि जीवित रहने हदसम्म मात्र रहने अवस्था निगम पुँजीले उत्पन्न गऱ्यो जसको परिणाम देशहरू पराधीन हुने अवस्था पैदा भयो निगम पुँजीले विकसित देशहरूमा समेत करको भार कम गरेको देखिन्छ र गरिब देशहरूमाथि उनीहरूको लुट विकसित देशहरूको भन्दा कैयौँ गुणा बढी भएको देखिन्छ एकाधिकारवादी पुँजीपतिहरूले बीसौँ शताब्दीको अन्त्यतिर जति कर राज्यलाई दिने गरेका थिए, त्यो एक्काईसौँ शताब्दीमा कम गरेको देखापर्छ जुन कुरा तलको तथ्याङ्कबाट स्पष्ट हुन्छ :

| देश | सन् १९८६ | सन् २००६ | सन् २०१२ |
|---|---|---|---|
| फ्रान्स | ४५% | ३३.३३% | ३३.३३% |
| जर्मनी | ५६% | २६.३७% | २६.३७% |
| बेल्जियम | ४५% | ३३.९९% | ३३.३९% |
| आयरल्यान्ड | ५०% | १२.५०% | १३% |
| इटाली | ३६% | ३३% | ३३% |
| नेदरल्यान्ड | ४२% | २५.५ र २९.६% | २९% वा ३४% |
| युके | ३५% | ३०% | २८% |
| स्विडेन | ५२% | २८% | २६.३०% |

*(निगम पुँजीको नाफामा लगाइएको करको दर)*

यी तथ्याङ्कहरूले स्पष्ट गर्छन् लेनिनले व्याख्या गरेको पुँजीवादको अवस्था त्यही स्थानमा रहेको छैन र त्यसले पछि फर्कन नमिल्ने गरी गुणात्मक रूपले नयाँ चरणमा विकास गरेको छ तर नेपालका कतिपय मार्क्सवादीहरू, मार्क्सवाद-लेनिनवाद-माओवादको खोल ओढेका काउत्स्कीवादीहरू पुँजीवादको नयाँ चरणमा विकास हुने कुरालाई इन्कार गर्छन् र उनीहरू लेनिनको विश्लेषणभन्दा अघि बढ्ने कुनैसँग पनि अधिकार नभएको धारणा व्यक्त गर्न पुग्छन् काउत्स्कीले लेनिनका वैज्ञानिक विश्लेषणको प्रतिवाद गर्दै भने, 'साम्राज्यवादलाई अर्थतन्त्रको 'चरण' वा अवस्थाका रूपमा हेर्नु हुँदैन, बरु एउटा नीतिका रूपमा, एउटा निश्चित नीतिका रूपमा जो वित्तीय पुँजीले ' अपनाएको' हुन्छ साम्राज्यवादलाई अहिलेको पुँजीवादसँग 'बुझ्नु' हुँदैन, साम्राज्यवादलाई ' वर्तमान पुँजीवादको समग्र क्रियाकलाप'--कर्टेल्स, संरक्षण, लगानीकर्ताहरूको प्रभुत्व र उपनिवेशवादी नीति-- का रूपमा बुझ्ने हो भने साम्राज्यवाद भनेको पुँजीवादका लागि आवश्यक हो कि होइन भन्ने प्रश्न एउटा 'खुला शब्दाडम्बर' मात्र बन्न पुग्छ किनभने यो विषयमा साम्राज्यवाद पुँजीवादको अत्यन्त आवश्यक विषय हो ढ साम्राज्यवादी पुँजीले विकास गरेका प्रवृत्तिहरूलाई सबैभन्दा पछिल्लो, सबैभन्दा विकसित र अत्याधुनिक उत्तरसाम्राज्यवाद भन्यौँ

नेपालका केही रूढिवादग्रस्त समाजवादी बुद्धिजीवीहरूले उत्तरसाम्राज्यवाद भन्ने पदावलीको विरोध गरेका छन् र उनीहरूले काउत्स्कीले जस्तै पुँजीवादको नयाँ चरणमा हुने विकासको विरोध गरेका छन् यसप्रकारका बुद्धिजीवीहरू जसले आफूलाई मालेमावादी भएको दाबी पनि गर्छन्, तर्क गर्छन्- उत्तरसाम्राज्यवादले साम्राज्यवाद समाप्त भएको निष्कर्ष निकाल्छ र साम्राज्यवादको अस्तित्वलाई इन्कार गर्छ परिणामस्वरूप उत्तर साम्राज्यवादले साम्राज्यवाद साम्राज्यवादको अगाडि प्रकारान्तरमा आत्मसमर्पण गर्छ र साम्राज्यवाद बिनाको विश्वको कल्पना गर्दछ यसप्रकारका मानिसहरू जो प्रचण्ड र बाबुरामको धोखाधडीबाट अत्यन्त तिल्मिलाएका छन् जो हरेक विषय र घटनाक्रमहरूलाई विभेदरहित रूपमा एउटै आँखाले हेर्ने नकारात्मक प्रवृत्तिसहितको अराजकतावादी-आलोचनावादको दलदलमा डुबेका छन् र जसले समाजवादलाई अझ माथि उठाउन सम्बन्धित विषयको गम्भीरता र गहिराइलाई समात्न गरिनुपर्ने स्वस्थ प्रकारको आलोचना वा समालोचना गर्ने संस्कारको अन्त्येष्टि गरेका छन् उनीहरूले पुँजीवादी साम्राज्यवादको भूमण्डलीकृत रूपमा केन्द्रीकृत भएको अर्को स्तरमा अति विकास भएको अहिलेको साम्राज्यवादको चरित्रलाई बुझ्न सक्दैनन्

साम्राज्यवादलाई बुझ्ने उनीहरूको वैचारिक धरातल पनि काउत्स्कीको वैचारिक धरातलभन्दा माथि हुन सक्दैन जसले यो तर्क गर्छन्- अहिलेको पुँजीलाई उत्तरसाम्राज्यवाद भन्ने हो भने साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको अन्त्य भएको मान्नुपर्छ यसले लेनिनवादको निषेध गर्छ र लेनिनवादको युगको सम्पूर्ण औचित्य समाप्त हुन्छ नेपाली अर्थोडक्स मार्क्सवादीका यी तर्कहरू काउत्स्कीका ती तर्कहरूभन्दा कहीँकतै फरक देखिँदैनन्, बरु उनका तर्कसँग एकाकार भएर मिलान हुन पुग्छन् जहाँ साम्राज्यवादको व्याख्या काउत्स्कीले यसरी गरेका थिए, 'साम्राज्यवाद औद्योगिक पुँजीको उन्नत विकासको उपज हो यो हरेक पुँजीवादी राष्ट्रहरूको अस्तित्त्वरक्षाको सङ्घर्षमा अन्तरनिहित रहेको हुन्छ, ठूलाभन्दा ठूला कृषि भूभागहरू (छड्के काउत्स्कीको) लाई नियन्त्रण वा अधीनस्त गरेको हुन्छ, त्यो इलाकामा जोसुकै राष्ट्रियताको बसोबास भएको किन नहोस्'ञ्ण

हम्रो परिभाषामा उत्तरसाम्राज्यवाद भनेको पछिल्लो साम्राज्यवादको केन्द्रीकृत र उच्चतम् चरण हो जसले १९ औँ शताब्दीको प्रतिस्पर्धात्मक पुँजीवादबाट २० औँ शताब्दीमा एकाधिकार पुँजीमा विकास गऱ्यो र अहिले २१ औँ शताब्दीमा निगम पुँजीमा विकास भएको छ र यो अति घनीभूत बनेको छ उत्तरसाम्राज्यवाद अहिले उत्पीडित राष्ट्र र जनतामाथि तथानाम आक्रमण गर्ने वास्तविक बाघ हो निगम पुँजीको विकाससँगै विश्वको अत्यन्त सानो झुण्डले विज्ञान र प्रविधिको दुरूपयोग गर्दै विश्वको जुनकुनै कुनामा मानिसको रगत चुस्ने शक्तिशाली सैतानका रूपमा अपराध गर्दै आएको छ, त्यो अहिलेको अति परजीवी, अति एकाधिकार र अति केन्द्रीकृत भएको खास शैलीको पुँजी हो जसले (सबै चरित्रहरूलाई एकीकृत रूपमा) विभिन्न समयका, विगतका र अहिलेका प्रवृत्तिहरूलाई, खासगरी अर्थतन्त्र, आर्थिक, अनुबन्धन, सिन्डिकेट, कार्टेल्स, निगम पुँजी समावेश गरेको हुन्छ जुन प्रवृत्तिहरू भूमण्डलीकरण, उदारीकरण र निजीकरणभन्दा पहिले थिए, त्यसपछि, देखापर्दै आएको थियो र अहिले पनि कायम रहेको छ जो जुन विश्वमा आर्थिक मन्दी, सर्वत्र तनाव, प्रतिक्रियावादी दमन र त्यसका विरुद्ध बृहत् जनसमुदायको भूमण्डलीय विद्रोहमा अभिव्यक्त भैरहेको हुन्छ उत्तरसाम्राज्यवादको एकीकृत चरित्रको कारण जस्तो कि यसले सबै प्रकारका प्रतिक्रियावादहरू : सामन्तवाद, अहंकारवाद, धार्मिक पछौटेपना, नश्लवाद, आतङ्कवाद जो उत्पीडित जनतालाई शोषण गरेर आफ्नो लूटको सुनिश्चित गर्नका लागि रक्षा गर्दै दलाल पुँजीवादको एकीकृत रूपमा संरक्षण गर्छ

उत्तरसाम्राज्यवाद अथवा निगम पुँजीवादको सम्भव सङ्क्षिप्त परिभाषा दिने हो भने हामी भन्न सक्छौँ, निगम पुँजीवाद भनेको पुँजीको त्यो चरण हो जहाँ मुठीभर वित्तीय कुलीनहरूले विश्वको सम्पत्तिमा नियन्त्रण गरेको छ, जसले विश्वमा आफ्नो लूटको सुनिश्चित गर्न सबैभन्दा प्रतिक्रियावादी शक्तिको संरक्षण गरेको छ, जसले विश्वभरको राजनीतिक, सैनिक र कानुनी नियन्त्रण आफ्नो हातमा लिएको छ र यसले लिच्चड शैलीमा जनताको शोषण गरी यसरी ढाडिएको छ जो शरीरबाट खस्ने अवस्थामा पुगेको छ

निगम पुँजीवादको नियन्त्रणको कारण हरेक देशको पुँजीको विकास नियन्त्रित हुने गरेको छ कतिपय मानिसहरूलाई लाग्ने गरेको छ, पुँजी जस्तोसुकै भए पनि त्यसले आर्थिक विकासलाई मद्दत पुऱ्याउनेछ पुँजीको विकासप्रक्रियाबारे लेनिनले विश्लेषण गर्नुभएको थियो, त्यो सन्दर्भ अहिले नेपालको परिवेशमा पनि मेल खान्छ लेनिनले भन्नुभएको थियो, 'के रुसमा पुँजीवाद विकास हुनसक्छ र पूर्ण विकासमा पुग्न सक्छ जब रुसी जनताको बृहत् जनसमुदाय गरिब बनेको छ र अझै गरिब बन्दै गइरहेको छ ? निश्चित रूपले पुँजीवादको विकासका लागि बृहत् मात्रामा आन्तरिक बजारको आवश्यकता पर्छ तर किसानको हालत खराब हुनुले यसप्रकारको बजारलाई कमजोर बनाउँछ, पुँजी विकासको सम्पूर्ण प्रक्रियालाई बन्द गर्ने धम्की दिन्छ र पुँजीवादी प्रक्रियाका सङ्गठनहरूलाई असम्भव बनाइदिन्छ सही, कस्तो भनिन्छ भने हाम्रो सीधा उत्पादनको प्राकृतिक अर्थतन्त्रलाई वस्तुजन्य अर्थतन्त्रमा रूपान्तरित गरेर पुँजीवादले आफैँमा आफ्नो बजारको सिर्जना गरिरहेको छ तर के यो कुरा कल्पना गर्न सकिन्छ, अत्यन्त गरिब किसानहरूको दयनीय रहलपहलयुक्त प्राकृतिक अर्थतन्त्रबाट पश्चिमा मुलुकहरूमा देखिएजस्तो विशाल पुँजीवादी अर्थतन्त्रले जस्तो हाम्रो देशमा बजार बनाउन सक्छ ?' ञ्ज

नेपालमा कृषिप्रणाली पूर्ण रूपले ध्वस्त भएको छ साम्राज्यवादी उत्पादनले नेपालको आन्तरिक तथा बाह्य बजार पूर्ण रूपले नियन्त्रण गरेको छ किसानको हालत कति खराब बनेको छ भने उत्पादन बजार पाउने अवस्था समाप्त भएको छ घिसेपिटे तरिकाले चलेका औद्योगिक प्रतिष्ठानहरूले आयतन बनाउन सक्दैनन् उनीहरूको बजार खुम्चने मात्र होइन, उनीहरूले निगम पुँजीको फन्दामा नफसीकन कुनै गति पैदा गर्न सक्दैनन् यो अवस्थामा देशमा हुने पुँजीको प्रवाह मूलतः देश र बृहत् जनसमुदायको हितमा होइन, एकाधिकारवादी पुँजीपतिको हितमा हुने गर्छ एकाधिकारवादी पुँजीपतिले श्रमिक जनतामाथि निरन्तर युद्ध थोपरिरहेको हुन्छ अमेरिकी अर्बपति वारेन बफेटले भनेका थिए, 'यहाँ वर्गसङ्घर्ष छ, ठीक छ तर यो मेरो वर्ग हो, एउटा धनी वर्ग त्यसले सङ्घर्ष गरेको छ र हामीले जितिरहेका छौँ' ञ्द त्यो वर्गसङ्घर्ष अमेरिकी मजदुरहरूका विरुद्ध मात्र होइन, त्योभन्दा कैयौँ गुणा बढी उत्पीडित राष्ट्र र जनताका विरुद्ध चलाइएको छ जनताको सम्पत्तिमाथिको धम्की र चुनौती दिन-प्रतिदिन थपिएको छ

नेपालमा मात्र हेर्‍यौँ भने हामीले यो तथ्यलाई सहज रूपमा देख्न सक्छौँ- नेपाली किसानहरूले सहज तरिकाले आफ्नो हातको जमिन गुमाउन सक्छ तर त्यही जमिन प्राप्त गर्न उसका लागि असम्भव हुन्छ निगम पुँजीका केन्द्रीकृत संस्थाहरू बैङ्कहरू हुन् जसले विश्वभर लगानी गर्छन् र विश्वभरको पुँजीलाई आफ्नो मुठीभित्र पार्ने काम गरेका छन् विश्वका बैङ्कहरूले गरेको पुँजीको केन्द्रीकरण भयावह प्रकारको छ बेलायतमा निगमका रूपमा चलेका आधा दर्जन निजी बैङ्कहरूको पुँजी ८ करोड बेलायती जनताको कुल गार्हस्थ उत्पादनभन्दा ३०० प्रतिशतले बढी रहेको छ युरोपका एक दर्जन बैङ्कको सम्पत्ति युरोपेली युनियनको कुल गार्हस्थ उत्पादनभन्दा १०० प्रतिशत बढी रहेको छ अमेरिकामा चार पाँचवटा ठूला बैङ्कहरूको सम्पत्ति ४० करोड अमेरिकी जनताको भन्दा बढी रहेको छ नेपालमा पनि तिनै बैङ्कहरूको लगानी रहेको छ जसले नेपालका किसान, उद्यमी, व्यवसायीहरूलाई कि त उनको दलाल बनाएका छन् कि उनीहरूको सम्पूर्ण सम्पत्ति वैधानिक रूपमा जफत गरिसकेका छन्

निगम पुँजीको नयाँ विशेषता विश्वका हरेक नागरिकहरूलाई ऋणी बनाउनु हो औद्योगिक लागानीदेखि कर्जा लगानीसम्म, उत्पादनदेखि वितरणसम्म र संरचनागत निर्माणदेखि नागरिक सुरक्षासम्मका सबै क्षेत्रमा निगम पुँजीको नियन्त्रण रहेको हुन्छ अतिरिक्त अकुत सम्पत्ति जम्मा गर्ने बैङ्कहरू टाटपल्टँदा नागरिक कोषबाट त्यसको भरणपोषण गरियो र बैङ्कहरूको रक्षाका नाममा नागरिक ऋणभार कैयौँ गुणा थपियो विश्वका जनताले धनी देशहरूबाट गरिब राष्ट्रहरूलाई प्रवाह गरेको ऋण र त्यो ऋणमार्फत हरेक नागरिकमाथि थोपरिएको ऋणभार अवैधानिक छ र त्यो खारेज हुनुपर्छ भन्ने माग राख्दै आएका छन् उनीहरूको भनाइ रहेको छ, 'बैङ्कहरूको रक्षा गर्ने नाममा नागरिक ऋणभार बढ्नु निश्चित रूपले अवैधानिक छ र त्यो खारेज हुनुपर्छ' ञ्घ

तर एकाधिकारवादी कुलीनहरू, साम्राज्यवादी बैङ्कपतिहरूको तर्क रहने गरेको छ- यसप्रकारको बैङ्क ऋण ती देशहरूको विकासका लागि सहायक हुने गरेका छन् विश्वका जनतालाई ऋणको भारमा पारेर उनीहरूले उत्पीडित देश र जनतालाई सहयोग गरेको बहाना बनाउने गरेका छन् र अर्कोतिर उनीहरूले त्यो ऋणमार्फत हरेक नागरिकलाई ऋणको भुमरीमा छिराउने मात्र होइन, त्यो देशको जमिन, प्राकृतिक साधन र स्रोतहरूसमेत नियन्त्रणमा लिने गर्दै आएका छन् गरिब मुलुक र जनताको दीनहीनतामाथि सदाशयता प्रकट गरेको अभिनय गर्दै लूटका लागि बाटो अरू फराकिलो बनाउँछन् र भन्ने गर्छन्- देशहरूलाई गरिबीको भुमरीमा हालेर उनीहरूको ऋण मिनाहा गर्नु हुँदैन ञ्ढ निगम पुँजी एकप्रकारले 'लिच्चड पुँजी' ञ्छ हो जसले जनताको शरीरमा जुकाजस्तै टाँसिएर रगतको शोषण गर्छ

यस्तो अवस्थामा जबसम्म राष्ट्रको शरीरमा एकाकार भएर टाँसिएको जुका निकालेर फाल्न सकिँदैन तबसम्म नेपालमा पुँजीको विकास हुन सक्दैन जबसम्म पुँजीको स्वतन्त्र विकास र आन्तरिक बजारको सुनिश्चितता हुन सक्दैन तबसम्म बाह्य बजारको व्यवस्थापन पनि सम्भव हुँदैन पुँजीवाद भनेको, सामान्यतया प्राकृतिक पुँजीको परिचालनभन्दा बाहिर, यसको उच्चतम् चरणमा, वस्तुको उत्पादन हो जहाँ श्रम शक्ति, आफैँमा एउटा, बजारमा बिक्री गर्ने वस्तु बन्न पुग्छ आफ्नै देशभित्र आन्तरिक विनिमय र मुनाफाका लागि मुख्य गरी अन्तर्राष्ट्रिय विनिमय पुँजीवादका चारित्रिक विशेषताहरू हुन् यसप्रकारको विनिमय चाहे आन्तरिक होस् वा बाह्य, समान प्रकारको हुन सक्दैन र त्यो असमान हुने गर्छ पुँजीवादी उत्पादन पद्धतिको यही असमान विकासका कारण हरेक संस्थाहरू, प्रत्येक उद्योगहरू वा त्यसका शाषाहरू र हरेक देशहरूको असमान र अव्यवस्थित विकास हुनु अनिवार्य हुन्छ खुला व्यापारको अवस्था प्रयोग गर्दै बेलायत अरू सबै देशहरूभन्दा पहिले पुँजीवादी देश बने पनि त्यसले बेलायतका केही भागहरूलाई उत्पादनका केन्द्रमा विकास गऱ्यो र केही भागहरूलाई वितरण तथा व्यापारको केन्द्रका रूपमा विकास गऱ्यो यसले उत्पादन गरेका वस्तुहरू अन्य देशहरूमा निर्यात गर्दा ती देशहरूबाट लगाइएको करको सामना गर्नुपऱ्यो जसको कारण खुला व्यापार बिस्तारै एकाधिकार पुँजीमा बदलिन पुग्यो र कहीँ पुँजीको विकास नहुँदै कुनै स्थानहरूमा एकाधिकार पुँजीको विकास हुन पुग्यो यो विकासको प्रक्रिया नयाँ ठाउँमा पुगेको छ र निगम पुँजीको विकासले २० औँ शताब्दीको सङ्घारमा नयाँ प्रकारको एकाधिकार पैदा भएको छ यसप्रकारको एकाधिकार नतोडीकन नेपालमा वास्तविक अर्थमा पुँजीको विकास हुन सक्दैन

नेपालका शासकहरूले आफू सरकारमा पुग्न आवश्यक पर्ने भोट खरिद गर्नका लागि जनतासँग बारम्बार झूटा शब्द र वाक्यहरूको विनिमय गर्दै आएका हुन्छन् कि चीन र भारतमा हुने विकासको फाइदा नेपाली जनतालाई पनि हुनेछ नेपाल युरोपको आन्डोराजस्तो देश होइन जो फ्रान्स र स्पेनको बीचमा रहेको कारण विकसित देखिएको होओस्, यो लक्जम्बर्गजस्तो देश पनि होइन जो बेल्जियम, फ्रान्स र जर्मनीको सिमानामा रहेका कारण विकसित भएको होस् नेपाल आफैँमा एउटा विशाल देश हो जसको आयतन विश्वका करिब २०० देशमध्ये भूभागका हिसाबले ९३ औँ स्थानमा छ र जनसङ्ख्याका हिसाबले ४१ औँ स्थानमा रहेको छ यस्तो विशाल देशमा पुँजीको विकास हुन पुँजीवादी संस्थाहरूको विकास हुनु आवश्यक हुन्छ आफ्नै प्रकारको पुँजीको निक्षेप हुन आवश्यक हुन्छ र त्यसले मात्र पुँजीका लागि आन्तरिक र बाह्य बजारको निर्माण गर्न सक्छ

*5. If it were necessary to give the briefest possible definition of imperialism we should have to say that imperialism is the monopoly stage of capitalism. Lenin: Imperialism the highest stage of capitalism.P106.*

*6 . ibid*

*7 . There are not many players on the financial markets that really count: the large international banks (of which there are between thirty and fifty worldwide depending on the criterion used) are without any shadow of doubt are the major players. If we add up all assets managed by the financial markets worldwide, we reach $225 trillion (ie three times GWP). (This volume of $225 trillion does not include most derivatives. Bankocracy by Eric Tausant, p. 47.*

*8 . Ibid P. 47*

*9 . Lenin: Imperialism the highest stage of capitalism, p 107*

*10. Lenin: Imperialism the highest stae of capitalism, p93*

*11. Lenin CW vol 1 p 79*

*12. Bankocracy by Eric Taushant P 14*

*13. Bankocracy p15*

*14. Countries are often told that if their debts are cancelled, they will no longer be creditworthy. This argument is backward. If a country has too much debt, it cannot be creditworthy. The End of Poverty p126.*

*15. अङ्ग्रेजी शब्द लिच (जुका) बाट नेपाली लिच्चड अथवा जुकाजस्तो रगत पिउने शब्द बनेको हो*

... बाँकी पृष्ठ ५ मा

## राजनीतिक अर्थशास्त्र ....

नेपालको आफ्नै विकास नगरीकन चीन र भारतको विकासले नेपालको जनजीवन धनी बनाउने कुराको कल्पना गर्नु देशको पराधीनता र दलाल पुँजीको प्रोत्साहनलाई अझ मजबुत प्रदान गर्नु हो अरू देशको विकासको कारण बीचको देश विकास हुन्थ्यो भने कोलम्बिया र विश्वको सबैभन्दा धनी देश अमेरिकाको बीचमा रहेका देश मेक्सिको र पानामा पनि धनी हुनुपर्थ्यो तर धनी देशको सिमानामा रहेको मेक्सिको पर्खालले बार्ने धम्की अमेरिकाले दिइरहेको छ आफ्नै सम्पत्तिको विकास नगरीकन विदेशी पुँजीले देशको विकास हुन्थ्यो भने अहिलेसम्म आएको वैदेशिक ऋणले नेपालको औद्योगिक तथा कृषिमा विकास गर्न सक्थ्यो तर कुनै पनि प्रकार को पुँजीवादभित्र त्यसप्रकारको विकास सम्भव हुन सक्दैन पुँजीवादले बृहत् जनसमुदायको हितमा समान प्रकारको विकासको प्रक्रियालाई निषेध गर्छ पुँजीवादले कृषिमा विकास गर्न सक्थ्यो भने जुन आज नेपालमा चलेका एकाधिकारवादी पुँजीपतिहरूका उद्योगभन्दा अत्यन्त पछि पारिएको छ, यसले बृहत् जनसमुदायको जीवनस्तर उठाउने काम गरेको हुन्थ्यो भने जुन आज प्रविधिको अत्यन्त विकास भएर पनि बृहत् जनसमुदाय चरम गरिबीको चपेटामा परेका छन् र अर्धपेट खाएर बस्न विवश भएका छन्, पुँजीपतिहरूको मुनाफाका लागि पुँजीको अतिरिक्त बचत हुने कुराको कुनै प्रश्न आउँदैनथ्यो

नेपालका कतिपय बुद्धिजीवीहरू अथवा निम्नबुर्जुवा पुँजीवादी आलोचकहरूको तर्क र हने गरेको छ- नेपालमाथि हुने विदेशी लगानीले जति निर्माण गरेको हुन्छ त्यो नेपालको सम्पत्ति हुन पुग्छ र त्यसले नेपाली जनतालाई नै फाइदा हुन पुग्छ तर नेपालमा लगानी भएको जति नेपालको सम्पत्ति हुन्थ्यो, नेपालका बनेका संरचनाहरू सधैँभरि नेपाल राष्ट्रको सम्पत्ति हुने अवस्था हुन्थ्यो भने निश्चित रूपमा अहिलेको व्यवस्था दलाल पुँजीवादी हुन सक्दैनथ्यो, वास्तवमा पुँजीवाद नै हुँदैनथ्यो त्यो अवस्थामा देश वास्तविक अर्थमा स्वाधीन, स्वतन्त्र र समाजवादी हुन्थ्यो देशभित्र संरचनाहरू खडा गर्ने, कच्चा पदार्थहरूको प्रशोधन गर्ने, नयाँ प्रविधिको प्रयोगबाट उत्पादन गर्ने र प्रविधिरहित देश खण्डहर बनाउने एकाधिकार निगम पुँजीवादको विशेषता हो के हामीले देखेका छैनौँ विदेशी लगानी र नियन्त्रणमा बनेका जलस्रोत आयोजनाहरू, उद्योगहरू र नेपाली जनताको प्रत्येक मिलिसेकेन्डमा करोडौँ लिटर नेपाली रगत चुस्ने जुकाको भूमिका निर्वाह गरिरहेका छन् ? असमान विकास र जनसमुदायको अर्धपेट अवस्थामा रहने स्थिति तयार गर्नु पुँजीवादका आधारभूत विशेषताहरू हुन् जसले त्यो पुँजीवादी उत्पादन सम्बन्धको अनिवार्य सर्त बनाएको हुन्छ जबसम्म नेपालमा दलाल पुँजीवादी जस्तो छ त्यस्तै अवस्थामा रहन्छ, निगम पुँजीले निर्माण गर्ने संरचनाहरू जनताको हितमा कहिल्यै प्रयोग हुने छैनन्, उनीहरूले लुटबाट आर्जन गरेको अतिरिक्त पुँजी अविकसित देशहरूको जनताको जीवनस्तर उठाउनका लागि कहिल्यै प्रयोग हुनेछैन किनभने त्यसको तात्पर्य पुँजीपतिहरूको मुनाफामा कम आउनु भन्ने हुनेछ त्यो केवल पछि परेका अविकसित र गरिब देशहरूमाथि पुँजीको निर्यात गरी पुँजीपतिहरूको मुनाफा जम्मा गर्नका लागि प्रयोग भैरहेको हुन्छ, जहाँ मुनाफा सामान्यतया अत्यधिक हुने गर्छ, कच्चा पदार्थ पुँजीपतिका लागि सस्तो मूल्यमा आपूर्ति भैरहेको हुन्छ यस्तो ठाउँहरूमा उनीहरूको लगानी यसकारणले भैरहेको हुन्छ कि यहाँको जमिनको मूल्य विकसित देशको तुलनामा कम हुने गर्छ, मजदुरको तलब कम हुने गर्छ र कच्चा पदार्थ सस्तो हुने गर्छ

पुँजीवादीहरूले समयसमयमा लुटका तरि काहरू बदल्ने गरेका छन् विश्व बैङ्क र अन्तर ष्ट्रिय मुद्राकोषले गरिब राष्ट्रको उन्नतिका लागि भन्दै संरचनागत मिलान कार्यक्रम ल्यायो यो कार्यक्रम एसिया, अफ्रिकाका कतिपय देशहरूमा लागू पनि गरियो तर यसको मुख्य उद्देश्य गरिब देशहरूमाथि चढेर एकाधिकारवादी पुँजीपतिहरूको लुटको दिशामा लैजानु थियो जसको कारण संर चनागत मिलान कार्यक्रम (स्ट्रक्चरल एड्जस्टमेन्ट प्रोग्राम) पनि असफल ज्ञात भयो उनीहरूको उद्देश्य देशहरूलाई ऋणमा आकर्षित गर्नु थियो ऋणको प्रयोग ऋणदाताहरूले नै गर्ने व्यवस्था गरिन्थ्यो र ऋण लिएको देशले करारअनुसारको सावाँ-ब्याज गरी भुक्तानी गर्नुपर्थ्यो नाइजेरियामा प्रयोग गरिएको संरचनागत मिलान कार्यक्रममा निम्न उद्देश्यहरू र राखिएको थियो : अर्थतन्त्रमा उत्पादनका आधार हरूलाई पुनर्संरचना र विविधीकरण गर्नु, वार्षिक स्थिरता र धनात्मक भुक्तानी मौज्दात प्राप्त गर्नु, मूल्य स्थिरता कायम गर्नु वा कम अस्थिरता स्थापित गर्नु, निजी क्षेत्रमा अनुत्पादक क्षेत्रमा हुने लगानीको प्रभुत्व कम गर्नु थियो ज्ञठ ऋणको गाजर देखाएर कानुनको लौरी लगाउँदै कङ्गाल देशहरूलाई अरू कङ्गाल बनाउने काम उनीहरूले गरे

यस्तो ऋण प्रवाह गर्ने बैङ्कहरूले न देशमा पुँजीको विकास हुन सक्छ, न त जनताको जीवनस्तर उठाउन सक्छ जब कुनै देश यो ऋण लिनका लागि असहमत हुन्छ जब कुनै देश साम्राज्यवादी लुटका लागि तयार हुँदैन, निगम पुँजीवादीहरू युद्धद्वारा कच्चा पदार्थ, प्राकृतिक सम्पदा लिन तयार हुन्छन् तब त्यसमाथि युद्धको धम्की मात्र होइन, वास्तविक युद्धसमेत थोपरिन्छ इराक र लिबियाको युद्ध वास्तवमा त्यही थियो युद्धका विरुद्ध ज्ञड पश्चिमा बुद्धिजीवीहरू पनि भएको पाइन्छ तर पुँजीवादीका लागि युद्ध अर्थतन्त्रको निर्णायक हुने गरेको छ यसरी साम्राज्यवाद युद्ध हो भन्ने लेनिनको विश्लेषण अहिले पनि वैज्ञानिक रूपमा प्रमाणित भइरहेको छ

निगम पुँजीको भूमण्डलीकृत लगानी र मुनाफाको अर्को पक्ष सहस्राब्दी लक्ष्य (मिलेनियम गोल) थियो बाहिर प्रचारमा आठवटा काम गर्ने भनिएको थियो जसमा पहिलो, विश्वको अत्यन्त गरिबी र भोकमरीको अन्त्य गर्ने भनिएको थियो दोस्रो, सबैका लागि प्राथमिक शिक्षा प्राप्त गर्ने थियो तेस्रो, लैङ्गिक समानता र महिला सशक्तीकरण गर्ने थियो चौथो, बालमृत्यु दर कम गर्ने थियो पाँचौँ, मातृ स्वास्थ्यमा सुधार गर्ने थियो छैटौँ, एड्स, औलो र अन्य रोगका विरुद्ध सङ्घर्ष गर्ने थियो सातौँ, वातावरणीय सन्तुलन कायम गर्ने थियो आठौँ, विकासका लागि भूमण्डलीय साझेदारीको विकास गर्ने थियो ज्ञठ यसप्रकार का प्रतिबद्धता पहिले पनि नगरिएका थिएनन् सन् १९७८ मा पृथ्वीका सबै मानिसका लागि सन् २००० सम्म स्वास्थ्यको प्रतिबद्धता व्यक्त गरिएको थियो त्यस्तै सन् २००० सम्म सबै बालबालिकाका लागि विद्यालयको प्रतिबद्धता व्यक्त गरिएको थियो स्वास्थ्य र शिक्षामा एकाधिकारवादी पुँजीपतिहरूले अतिरिक्त सम्पत्ति अकुत रूपमा जम्मा गरे तर विश्वका जनताको ठूलो सङ्ख्याले प्राप्त गर्न सकेन साम्राज्यवादी देशहरूले गरिब मुलुकबाट लुटेको सम्पत्ति दयापूर्वक गरिब देशमा लगानी गर्न धनी देशहरूको कुल गार्हस्थ उत्पादनको ०.७ प्रतिशत छुट्याउने प्रतिबद्धता गरे तर उनीहरूको लगानी सुरुमा ०.३ प्रतिशत रह्यो र पछि ०.२ प्रतिशतमा झर्‍योज्ञ यसबाट एउटै तथ्य स्पष्ट हुन आउँछ, निगम पुँजीले विश्वभरको विकास, स्वास्थ्य, शिक्षा, व्यापार, उद्योगसहित मानिसको सम्पूर्ण जनजीवनलाई आफ्नो नियन्त्रणमा लिएको छ यसप्रकारको नियन्त्रणको दुरुपयोग गरिब देशहरूमाथिको शोषण र उत्पीडनका लागि गरिरहेको छ

हामीले निगम पुँजी र यसले निर्वाह गरेको भूमिकाको चर्चा गर्‍यौँ हामीले देख्यौँ- पुँजीको विकास निगम पुँजीको चरणमा अथवा उत्तरसाम्राज्यवादमा पुग्दा यसको भूमिका अति केन्द्रीकृत, अति एकाधिकारवादी र अति परजीवी अथवा लिच्चड पुँजीवादका रूपमा भएको छ यसले विश्वका समस्त जनताको रगत पिएको छ र अजीर्ण रूपमा ढाडिएर खस्ने अवस्थामा पुगेको छ अमेरिकी साम्राज्यवाद पतनको दिशामा जानु, विश्वका ८० वटा देशमा तैनाथ गरिएका करिब ८०० औपचारिक अमेरिकी सैनिक क्याम्पहरू द्रुत हटाउन विश्वभर माग बढ्दै जानु, रुस, चीन, भारत, इरानबाट सैनिक प्रतिस्पर्धामा उत्रन विवश हुनु निगम पुँजीको पतनको बाटो हो

निगम पुँजीको विकास भएको वर्तमान विश्वले विश्वका श्रमिक तथा उत्पीडित जनतामा के कुराको माग गर्छ ? हामीले प्रस्ट रूपमा देखेका छौँ- निगम पुँजीले आफ्नो मुनाफाका लागि विश्वका सम्पूर्ण सीमारेखाहरू समाप्त पारेको छ जुन कुरा आजभन्दा १७५ वर्षअघि मार्क्सले समाजको वस्तुगत र ऐतिहासिक विकास प्रक्रियाको अध्ययन गर्दै मानिसको आवश्यकताले देशहरूका कृत्रिम सिमानाहरू समाप्त हुने कल्पना गर्नुभएको थियो निगम पुँजीवादले विश्वका श्रमिक जनतालाई औद्योगिक उत्पादनका लागि औजार र उत्पादित वस्तुको खपतका लागि खपतकर्ता वा जनशक्तिका रूपमा उपयोग गरेको छ निगम पुँजीवादमार्फत विश्वभरका लुटेराहरूको अन्तर ष्ट्रिय सिन्डिकेट र कर्टेल्स विश्वभरका जनताका विरुद्ध चलिरहेको छ यसले केवल एकाधिकार वादी निगम

पुँजीको लुटको वातावरण मात्र होइन, यसले उसको पूर्ण विनासको बाटो पनि खनिरहेको छ यो परिस्थितिमा विश्वका सम्पूर्ण श्रमजीवी र उत्पीडित जनता सर्वहारा विचार र दर्शनको नेतृत्वमा एकताबद्ध हुन आवश्यक छ र त्यसले अजीर्ण रूपमा ढाडिएको उत्तरसाम्राज्यवादी पुँजी अन्त्य गर्न खडा हुनुपरेको छ यसको परिणाम अब लामो समय साम्यवादमा सङ्क्रमणको अवधि समाजवाद मात्र होइन, छिट्टै भिन्न प्रकारर को, विकसित साम्यवादको ढोका खोल्नेछ

(जनक्रान्ति ३, २०७५ बाट साभार)

*चीन, जापान, दक्षिण कोरिया, जर्मनी इटली र नेदरल्यान्डस छन् स्रोत : द नेशनडकम*

16. *There were self serving and ideological aspects of the infrastructural adjustment era's failures of advice and insufficient help. The self servicing aspect is clear. The responsibility for poverty reduction was assumed to lie entirely with the poor countries themselves. The End of Poverty p82, By Jeffrey Sachs*
17. *Excerpted from African Technology forum article, vol 8, no 1.*
18. *The End of Poverty, by Jeffery Sachs: ... one cannot fight a war against weapons of mass destruction through military means alone. The weapons of mass salvation... --anti AIDS drugs, anti malerial bed nets, borewells for safe drinking water, and the like—can save millions of lives and also be a bulwark for global security. P217*
19. *Ibid PP211-212.*
20. *Ibid P213.*
21. *अमेरिकाले विश्वका ५० देशहरूमा ८ सय भन्दा बढी सैनिक शिविरहरू खडा गरेको छ यो सङ्ख्या कथित लीली पोन्ड, अमेरिकी दूतावासमा समेत गरी राखिएको अमेरिकी सैनिक अखडाको सङ्ख्या करिब १ हजार भन्दा माथि रहेको छ यसरी राखिएको अमेरि की सेनाको सङ्ख्या करिब १ लाख ३८ हजार भएको बताइन्छ अमेरिकाबाहेक अरू ११ देशहरूले अन्य मुलुकहरूमा करिब ७० सैनिक अखडा खडा गरेका छन् त्यसमा रुसको ९ देशहरूमा २६ देखि ४० सम्म रहेको छ बेलायत, फ्रान्स र टर्कीका सबैका ४ देखि १० वटा अखडाहरू रहेका छन् त्यस्तै १ देखि ३ वटासम्म सैनिक अखडा राख्ने देशहरूमा भारत,*

## ऐतिहासिक बाहौँ ....

काठमाडौँमा उभिएको छ खासगरी एमसीसी सम्झौतालाई दलाल पुँजीपति वर्गको संसद्ले पास गरिदिएपछि अमेरिकी साम्राज्यवादलाई नेपालमाथि नियन्त्रण गर्ने वैधानिक बाटो खुलेको छ हाम्रो दृष्टिकोणअनुसार एमसीसी सम्झौता भनेको अमे रिकी साम्राज्यवादको नवऔपनिवेशिक नीति हो यसबाट पसेर ऊ नेपाललाई दीर्घकालसम्म पकडमा राख्न चाहन्छ

दोस्रो कुरा एमसीसी केवल राष्ट्रिय स्वाधीनताको मात्र मामिला नभएर जनताको जनवादी अधिकार माथिको अतिक्रमण पनि हो यसले केवल देशको भूभागमाथि मात्र होइन, जनताको राजनीतिक एवम् सत्ता सञ्चालनको अधिकारमाथि पनि प्रत्यक्ष प्रभाव पार्दछ त्यसैले केन्द्रीय समितिले भनेको छ- एमसीसीविरुद्धको सङ्घर्ष भनेको राष्ट्रियता र जनवाद दुवैसँग जोडिएको सङ्घर्ष हो

एमसीसीविरुद्धको सङ्घर्षमा जनताको शक्ति र भूमिका अग्रभागमा आएको छ संसद् दलाल पुँजीपति वर्गको हतियारमा पतन भएर देश बेच्ने ठाउँमा पुगेपछि यसको औचित्य समाप्त भएको छ संसद् जनताको प्रतिनिधित्व गर्ने नभएर जनताका विरुद्ध अपराध लाद्ने ठाउँमा पुगेपछि यसबाट दे शमाथि पैदा भएको सङ्कटको समाधान केवल जनताले मात्र गर्न सक्छन् किनकि कुनै पनि कानुन र संस्थाभन्दा माथि कोही छ भने त्यो केवल जनताको शक्ति मात्र छ

जनताको शक्ति यतिबेला दुई ठाउँमा बढी केन्द्रित छ एउटा देशलाई माया गर्ने देशभक्त शक्ति छ भने अर्को प्रगतिशील एवम् क्रान्तिकारी कम्युनिस्ट शक्ति छ यी दुवैलाई केन्द्रित गर्दा नै एमसीसीविरुद्धको सङ्घर्षलाई बढी सशक्त र सुदृढ बनाउन सकिन्छ यो कार्य वैज्ञानिक समाजवादप्रति स्पष्ट भएको क्रान्तिकारी शक्ति नेपाल कम्युनिस्ट पार्टी र अन्य क्रान्तिकारी शक्तिहरूसहितको मो र्चाले मात्र गर्न सक्छ यसो गर्दा नेपालमा विगत कुनै पनि समयको भन्दा क्रान्तिको पक्षमा अनुकूलता थपिएको वास्तविकता सहजै देख्न सकिन्छ अर्थात् नेपालको राष्ट्रिय परिस्थितिबाट वैज्ञानिक समाजवादी क्रान्तिको सम्भावना विगतमा भन्दा सबै ले बुझ्ने गरी अनुकूल बन्दै गएको छ

३) महाधिवेशन

हाम्रो पार्टीले ऐतिहासिक नवौँ महाधिवेशन विधानले तोकेको अवधिभित्रै अर्थात् फागुन-चैतमा गर्ने निर्णय लिएको थियो तर पुस-माघमा फैलिएको ओमिक्रोन भाइरसको व्यापक सङ्क्रमण, राष्ट्रघाती एमसीसी सम्झौताविरुद्धको सङ्घर्ष र संसदीय व्यवस्थाको स्थानीय चुनावका कारण यो समयमा महाधिवेशन गर्न सकिएन

हाम्रो पार्टी पुनर्गठन भएदेखि आजसम्म पुग्दा जसरी वर्गसङ्घर्ष, राजनीतिक सङ्घर्ष र वैचारिक सङ्घर्षमा नयाँ खोज एवम् संश्लेषणहरू गरेको छ आउँदो महाधिवेशनमा तिनलाई सुव्यवस्थित, सुदृढ र सुस्पष्ट गर्नुपर्ने आवश्यकता छ हाम्रो पार्टीले र ष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा निर्वाह गरेका र पूरा गर्नुपर्ने जिम्मेवारीका बीचबाट कैयौँ दूरगामी महत्वका निर्णयहरू संश्लेषण गर्नु पर्नेछ यसो गर्दा केन्द्रीय समिति आउँदो मङ्सिरभित्र नवौँ महाधिवेशन सम्पन्न गर्ने निष्कर्षमा पुगेको छ

४) संसदीय व्यवस्थाको स्थानीय चुनावबारे हाम्रो नीति

हामीले केन्द्रीय समितिमा स्पष्ट उल्लेख गरेका छौँ- सिद्धान्ततः संसदीय व्यवस्था श्रमिक जनताको व्यवस्था नभएर दलाल पुँजीपति वर्गको व्यवस्था हो यसको मुख्य चरित्र भनेको दलाल पुँजीपति वर्गको लूट एवम् अधिनायकत्वलाई श्रमिक जनतामाथि लाद्ने र आफ्नो लूटको स्वर्गलाई सुरक्षित गर्ने हो यो व्यवस्थाभित्र हुने चुनावहरू पनि यही व्यवस्थालाई र क्षा गर्ने साधन वा विधि मात्र हुन् यसर्थ केन्द्रको होस् वा स्थानीय यसका चुनावबाट जनताको सत्ता निर्माण गर्न सकिँदैन र सम्भव रहँदैन तर यहाँ यो पनि स्पष्ट हुनु पर्दछ- संसदीय व्यवस्थाको चुनाव मात्र उसको व्यवस्था बचाउने साधन होइन यसका अनेकौँ साधन छन् जसमध्ये यो पनि एक हो

क्रान्तिकारी कम्युनिस्टहरूले संसदीय व्यवस्थाका चुनावलाई कुनै रणनीतिक विषयका रूपमा नभएर कार्यनीतिक मामिलामा लिन्छन् जो सही छ कार्यनीति भनेको देशको राजनीतिक परिस्थितिअनुरूप अस्थायी, क्षणिक, परिस्थितिजन्य एवम् तात्कालिक हुन्छ तत्काल कस्तो कार्यनीति प्रयोग गर्दा सापेक्षित रूपले जनताका विरोधी शक्तिविरुद्ध लड्न सजिलो हुन्छ, प्रभावकारी एवम् फाइदाजनक हुन्छ सोहीअनुरूप गरि न्छ

संसदीय चुनावको विषय आउँदा क्रान्तिकार ीहरूले संसारभर वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्षको ठोस वस्तुस्थितिअनुरूप उपयोग, बहिष्कार र सशस्त्र बहिष्कार गर्दै आएका छन् यो प्रयोगमा जुन पार्टी र ने तृत्वहरू वास्तविक इमानदार र क्रान्तिकारी छन् ती जे गर्दा पनि सफल देखिएका छन् भने जो इमानदार, वस्तुवादी एवम् क्रान्तिकारी छैनन् ती जे गर्दा पनि जनताबाट अलग भएका छन् र असफल भएका छन्

हाम्रो पार्टीले यसको निर्माण भएदेखि बहिष्कार गर्दै आएको छ बहिष्कारहरू कुनै प्रभावकारी भएका छन् भने कुनै औपचारिक र देखावटीखालका मात्र भएका छन् जस्तो कि गएका सङ्घ र स्थानीय चुनावहरूको बहिष्कार सशक्त र प्रभावकारी रहे भने उपचुनावहरू औपचारिक खालका मात्र भए तथापि तिनको राजनीतिक सन्देश ठिकै रह्यो

अहिले हाम्रो केन्द्रीय समितिले स्थानीय चुनावबारे लामो छलफल गरेर निष्कर्ष निकालेको छ- पार्टी दर्ता गरेर चुनाव उपयोग नगर्ने तर एमसीसी र राष्ट्रघातविरोधी प्रतिनिधिहरूलाई सहभागी गराउने र सहयोग गर्ने नीति लिनु उपयुक्त हुनेछ' यसो गर्दा हाम्रो मुख्य राजनीतिक कार्यनीति प्रगतिशील संयुक्त सर कार, जनमतसङ्ग्रह र वैज्ञानिक समाजवादकै रहनेछ भने संसदीय व्यवस्थाको भन्डाफोर गरिनेछ

हामीले स्थानीय चुनावबारे यस्तो कार्यनीति किन लियौँ ? किन बहिष्कार, सशस्त्र बहिष्कार वा पार्टी दर्ता गरेर उपयोग गर्ने नीति किन बनाएनौँ ? यसको स्पष्ट व्याख्या गर्दै दस्ताबेजमा भनिएको छ- साथै केन्द्रीय समितिमा व्यापक बहस गरिएको छ हामीले देशको वर्तमान राजनीतिक परिस्थितिअनुरूप यो निर्णय गर्नु सही रहेको छ जस्तो कि हामीले कुनै पनि कार्यनीतिलाई अन्य तरिकाले नभएर एकीकृत जनक्रान्तिको कार्यदिशाअनुरूप हेर्नु पर्दछ त्यसरी हेर्दा हामी दुई वर्षको प्रतिबन्धपछि जनतामा खुला रूपले समावेश भएका छौँ जनता पार्टीसँग सबै मोर्चामा सहकार्य चाहन्छन्, सहयोग र समर्थन सँगसँगै जाओस् भन्ने सोचेका छन् दोस्रो, राज्यले तीनबुँदेलाई इमान दारीपूर्वक लागू गर्न मानेको छैन युवा कमरेडहरूलाई जे लमै सडाएर हामीलाई दबाब दिन चाहन्छ तर हामी तीनबुँदे कार्यान्वयन गराउँदै कमरेडहरूलाई मुक्त गर्न चाहन्छौँ तेस्रो, संसदीय व्यवस्था, राष्ट्रघाती दलाल प्रवृत्तिलाई स्थानीय तहदेखि नै भन्डाफोर गर्दै दे शभक्त, जनवादी एवम् क्रान्तिकारी शक्तिहरूलाई गोलबन्द गर्न चाहन्छौँ चौथो, प्रतिबन्धका कारण देशभरि टुटेका सङ्गठनात्मक कडीहरूलाई पुनः जोड्न, परिचालन गर्न र फैलाउन चाहन्छौँ पाँचौँ, जहाँ जनताको प्रत्यक्ष साथ र सहयोग छ ती ठाउँहरूलाई काङ्ग्रेस, एमाले, माकेको हातमा नछोडेर पार्टीकै वरिपरि गोलबन्द गर्न चाहन्छौँ छैटौँ, सहर र गाउँ, मजदुर-किसान र नयाँ श्रमिक वर्ग सबै लाई एकताबद्ध बनाएर दलाल पुँजीवादी सत्ताका विरुद्ध सङ्घर्ष तेज पार्न चाहन्छौँ अन्य कैयौँ कारणहरू पनि छन् जसले हाम्रो यो कार्यनीतिलाई उचित ठहर्‍याउँछन् अन्य कुनै पनि कार्यनीतिले उल्लिखित आवश्यकताहरूलाई प्रभावकारी रूपले पूर्ति गर्न सक्दैनन् यही कारणले हामीले स्थानीय चुनावबारे उल्लिखित कार्यनीति अवलम्बन गर्‍यौँ

५) हाम्रो पार्टीको जम्मेवारी

हामीले केन्द्रीय समितिमा पार्टीको ऐतिहासिक जिम्मेवारीबारे चर्चा गर्दै भनेका छौँ- अनेकौँ साम्राज्यवादी विशेषतः अमेरिकी साम्राज्यवादी अतिक्रमणबाट देशलाई रक्षा गर्ने र स्वाधीनताको झन्डा उठाउने प्रमुख जिम्मेवारी हाम्रो पार्टीको काँधमा छ दोस्रो, दलाल पुँजीवादी सत्ताका कारण श्रमिक जनताको जीवन क्षतविक्षत बन्दै गएको छ भ्रष्टाचार, महँगी, तस्करी, सामाजिक विभेद चरम अवस्थामा पुगेका छन् तिनीबाट जनतालाई र क्षा गर्ने साथै जनअधिकारका पक्षमा सङ्घर्ष गने जिम्मेवारी पनि हाम्रो नै छ तेस्रो, सारा देशभक्त, प्रगतिशील, जनवादी शक्तिहरूलाई एकताबद्ध बनाउने, परिचालित गर्ने र परिवर्तनतिर बढाउने जिम्मा पनि हाम्रो पार्टीको काँधमा छ चौथो, सबै तिर छरिएर रहेका वा क्रान्तिवरिपरि गोलबन्द नभइसकेका श्रमिक जनतालाई जतिसक्यो चाँडो पार्टी आन्दोलनमा आबद्ध गर्ने जिम्मा पनि हाम्रो नै छ पाँचौँ, विश्वभरि श्रमिक जनता र देशभक्त शक्तिहरूले भूमण्डलीकृत पुँजीवादविरुद्ध चलाइरहे का सङ्घर्षहरूसँग कदम मिलाएर सङ्घर्ष गने, समर्थन गर्ने र मानव जातिलाई वैज्ञानिक समाजवाद-साम्यवादतिर अग्रसर गराउन प्रयत्न गने जिम्मा पनि हाम्रो छ छैटौँ हाम्रो जनप्रिय पार्टीलाई घेरा हालेर हमला गर्ने घोर प्रतिक्रियावादी, दलाल पुँजीवादी, साम्राज्यवादी, संसद्वादी, अवसर वादीहरूका तोडफोडकारी षड्यन्त्रलाई असफल पारेर एउटा क्रान्तिकारी अग्रदस्ता निर्माण गर्ने, पार्टीलाई एकताबद्ध बनाउने जिम्मेवार पनि हाम्रो छ यी जिम्मेवारी साँच्चै नै युगान्तकारी महत्वका छन् यसलाई केन्द्रीय समितिले अवश्य पकड्ने जोड गरेको छ

अन्त्यमा ऐतिहासिक बाहौँ केन्द्रीय समितिको बैठक उच्च जनवादको प्रयोग गर्दै पाँचबुँदे प्रस्ताव एकमतले पास गर्न सफल भयो अनेक सङ्घर्ष गर्दै एकता र रूपान्तरण गर्न सफल भयो विश्वपरि स्थिति, राष्ट्रिय परिस्थिति, एमसीसी, महाधिवेशन र स्थानीय चुनावबारे ठोस र वस्तुवादी निर्णय लिन सफल भयो यो प्रस्ताव र यी निर्णयहरूको संरक्षण गर्नु, आत्मसाथ गर्नु र दृढतापूर्वक कार्यान्वयन गर्नु ने पाल कम्युनिस्ट पार्टीका नेता एवम् कार्यकर्ताहरूको मुख्य दायित्व हो हाम्रो पार्टीमाथि भइरहेका अनेकौँ रञ्जीविरञ्जी हमलाहरूको प्रतिरोध गर्न र सफलता प्राप्त गर्न यो केन्द्रीकृत दायित्व पूरा गरेर मात्र सम्भव छ सारा क्रान्तिकारी कमरेडहरू हामी सबै यही बाटोमा दृढ आत्मविश्वासका साथ अगाडि बढौँ हामी एक दिन महान् साम्यवादी क्रान्तिको ढो का खोल्न सफल हुनेछौँ

६ वैशाख, २०७९


## गाउँबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ

२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं

३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं

४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ

बुढानिलकन्ठ नगरपालिका
काठमाडौं, बागमती प्रदेश

नियात्रा

# मुस्कुराइरहेको एउटा समाजवादी मुलुकको यात्रा



अशोक सुवेदी

*“साम्राज्यवादले हाम्रो देश, व्यवस्था, जनता, नेतृत्वमा खुसी छाएको, हामी स्वतन्त्र, मुक्त र विकसित भएको, हाम्रो विचार फैलिएको, हामी शक्तिशाली र सम्पन्न भएको देखिसहँदैन हामी हाम्रो व्यवस्था र नेतृत्वको रक्षाका लागि, विकासका लागि, स्थायित्वका लागि जस्तोसुकै ठूलो चुनौतीको पनि सामना गर्न तयार भएर बसेका छौँ जब मानिस निजी, वैयक्तिक र सानामसिना कुराबाट मुक्त हुन्छ उसले अलि टाढा, माथि, पर र गहिराइसम्म सोच्न, हेर्न र चिन्तनमनन गर्न सक्छ..., ऊ हेर्दाहेर्दै दार्शनिक बन्छे”*

उसले केही सिगरेट प्याकेट र एउटा खेलौना बोकेकी थिई मैले सोधेँ, ‘यो सिगरेट प्याकेट कसका लागि ? उसले भनी, ‘बाबाका लागि उहाँ सिगरेट मन पराउनुहुन्छ’

‘अनि पैसाचाहिँ कसले दियो यो किन्न ?’, मैले प्रश्न गरेँ

‘यो आमाले दिनुभएको बाबाका लागि पनि’, उसले भनी

‘खेलौना नि ? कसलाई किनिदिएकी हौ त ?’, मेरो प्रश्न थियो

‘आमाले दिएको पैसामा मैले केही थपेर दिदीकी छोरीका लागि किनिदिएको’, उसले जबाफ फर्काई, ‘उसलाई आवश्यक खेलौना घरमै थिए तर यो एउटा नयाँ पनि लगिदिऊँ भनेर’

‘तिमी कुन धर्म मान्छौ रे अशोक ?’, नानीले अचानक धर्मसम्बन्धी कुरा उठाई

‘धर्म अफिम हो’, मैले महान् गुरु कार्ल मार्क्सको भनाइ बिर्सेको थिइनँ

तैपनि अलि घुमाउरो पारामा उल्टै प्रतिप्रश्न गर्दै भनेँ, ‘म मार्क्सवाद-लेनिनवाद-माओवाद मान्ने कम्युनिस्ट हुँ एउटा कम्युनिस्टको अरू के धर्म हुनसक्छ मालेमा र सर्वहारा मानवताबाहेक ?’

‘तिम्रो देशमा कुनकुन धर्म मान्ने मानिस छन् ? सबै त तिमीजस्तै छैनन् होला ?’, नानीको अर्को प्रश्न थियो

‘नेपाल हिन्दुबहुल देश हो नानी त्यहाँ बुद्धिस्ट, मुस्लिम, किराँत र अरू

धर्मावलम्बीहरू पनि छन् छन त ६० भन्दा बढी प्रतिशत कम्युनिस्ट भोटर छन् तर ती सबै कम्युनिस्ट होइनन् नाम मात्रका कम्युनिस्टहरू छन् धेरै जनयुद्धताका धेरै जनता धर्मनिरपेक्ष थिए कम्युनिज्म नै थियो तिनको आदर्श परम्पराबाट, अन्धविश्वासबाट, रूढि र अध्यात्मबाट मुक्त हुँदै भौतिकवादी बन्दै गएको थियो समाज तर आज प्रतिक्रान्ति भएको छ हाम्रो जनसत्ता ढलेसँगै र ाजनीतिमा जस्तै संस्कृतिमा पनि विचलन आएको छ आज क्रान्तिकारी कम्युनिस्टहरू, सच्चा मालेमावादीहरू थोरै छन् तर जति छन् समाजवाद स्थापनाका लागि सङ्घर्षरत छन्...’, मैले व्याख्या गरेँ

‘तिमी त बुद्धिस्ट हौली हैन ?’, मैले सोधेँ

‘हैन-हैन, हामी कम्युनिस्टहरूको कम्युनिज्म नै धर्म हो, विचार हो, संस्कृति हो तिमी कम्युनिस्ट हुँदा विशेष धर्म नहुने, मेरोचाहिँ हुने हुन्छ र ? जुछे विचार हाम्रो पथप्रदर्शक सिद्धान्त हो र विचार पनि यही हो हामी द्वन्द्वात्मक भौतिकवाद मान्छौँ अरू कुनै धर्म मान्दैनौँ’, उसले स्पष्टीकरण दिई

‘तिमी कति वर्षकी भयौ त ? उमेर सोध्दा कुनै अप्ठ्यारो त मान्दिनौ नि ?’,

म अलि गहिरिन खोजेँ

‘कम्युनिस्टका लागि लुकाउनुपर्ने, ढाँटछल गर्नुपर्ने कुरा नै के छ र मिस्टर

अशोक ? भर्खरै २१ पुगेँ’, उसले सीधासिधी भनी ‘बरु तिमी पनि आफ्नो उमेर मलाई बताइदिनसक्छौ कि ?’, उसले जिज्ञासा राखी

‘एकपल्ट अनुमान गर न त, सक्छ्यौ ?’, मैले भनेँ

‘३५ पुग्यौ होला, यो मेरो अनुमान हो’, उसले यसो मुन्टो बटारेर आँखा चिमचिम पार्दै उसले भनी

‘नानी म तिमीलाई मुद्दा हाल्न सक्छु ?’, मैले ठट्टा गरेँ

‘मुद्दा ?? केका लागि ? मैले ठूलै अपराध गरेँ र ?’, उसले झस्किँदै भनी ‘

अर्काको उमेर तलमाथि पार्दा मुद्दा लाग्दैन त ?’, मैले तर्साएँ

‘मुद्दा नहाल बाबा, बरु म गल्ती स्वीकार्छु’, ऊ कायल भई ‘तिमीले मेरो १५ वर्ष उमेर कहाँ खाइदियौ ? मैले मेरो पूरै उमेर पाउनका लागि पनि तिमीसँग मुद्दा लड्नुपर्ने भयो’, मैले अनुहार गम्भीर पारेझैँ भनेँ

‘लौ बाबा, म कान समाउँछु बरु तर मुद्दामामिलातिर नलाग...’, ऊ त निलीकाली पो भई

‘उल्टै मेरो उमेर घटाउने, फेरि मेरै कान समात्ने ?’, मैले नबुझेझैँ गरी उसलाई हेरेँ

‘तिम्रो कान हैन क्या, मेरो आफ्नै कान समातेर माफी माग्छु भनेकी पो त ?’,

उसले साँच्चै कान समात्न खोजी

‘ए पर्दैन-पर्दैन, समाजवादी किशोरीसँग यसो ठट्टा पो गरेको त कानै समात्नुपर्ने गल्ती के नै गरेकी छ्यौ र ! फेरि तिम्रो पाहुना भएर आएको मान्छे, तिमीलाई नै कान समात्न लगाउनु त मुनासिब भएन नि... अलि बढी तनाव दिएको भए म नै माफी माग्छु है नानी ?’, म तयार भएँ

‘लौ, त्यसो नभन न थाहा हुन्न नि टाढाको देशको मान्छेको रीतिरिवाज,

चालचलन, संस्कार-संस्कृति मलाई त लागेको थियो, मैले तिम्रो उमेर घटाएर ठूलै गल्ती गरिछु तर तिमीले हाँसीमजाक गरेको मैले बुझ्नै सकिनँ ठट्टा र गम्भीर कुरा एउटै भावमा गऱ्यो भने पत्तै लगाउन मुस्किल पर्छ, कुन ठट्टा हो कुन गम्भीर ?’, ऊ त व्याख्या पो गर्न थाली

‘घरमा कोको हुनुहुन्छ ? तिम्रो परिवारका सदस्य कति छन् ?’, उसले कुरो अघि बढाउन चाही

‘म तिम्रोजस्तो आमा र बाबालाई कुनै सौगात किनेर दिन पाउँदिनँ नानी

किशोरावस्था नहुँदै बाबाले छोडेर जानुभयो चार वर्ष भयो, आमाले पनि बाबाकै बाटो पछ्याउनुभयो दाजुभाइ, दिदी र दुई बहिनी आआफ्नो गरेर खान्छन् दुईवटा बाबुहरू पढिरहेका छन् ठूलो बाबु स्नातक गरिरहेछ आईटीमा, कान्छो ए लेभल गर्दैछ साइन्समा तिनकी आमा छिन् तिनलाई कलेजमा पढाउन घरमा सघाउने...’, म सरसर्ती भनिदिन्छु

‘उफ् ! आमाबाबा दुवै हुनुहुन्न ? कस्तो नराम्रो भयो होला नि ? अझै दुःखी

छौजस्तो लाग्छ उहाँहरूको अभाव खट्किएर ...’, उसले अनुमान गरी कि मेरो भाव पढी, ठ्याक्कै मिलाई

‘हो नानी, म सबैभन्दा बढी आमा नभएकाले दुःखी छु उहाँ कालगति वा रोगले भन्दा अपमान, तिरस्कार र पारिवारिक असहयोगका कारण हामीलाई छोडेर जानुभयो हाम्रो परिवेश, संस्कार र संस्कृति नै अग्रजमैत्री छैन’, मैले अलि गम्भीर हुँदै भनेँ

‘सहरमा बस्छौ कि गाउँमा ? आमा कहाँ बस्नुहुन्थ्यो ?’, उसले अलि गम्भीर हुँदै सोधी

‘यतिबेला त हामी सहरमै बस्छौँ नानी तर हाम्रो घर गाउँमा हो बाबाआमा दुवैजना सङ्घर्ष, दुःख, कष्ट गरेर आउनुभएको- पेटका लागि सङ्घर्ष, समाजका लागि सङ्घर्ष उहाँहरूले राज्य र समाजले थोपरेको अत्याचारका विरुद्ध, विभेदका विरुद्ध, शोषण, दमन र व्यभिचारका विरुद्ध आफ्नै शैलीको सङ्घर्षमा भाग लिनुभयो र नेतृत्व लिनुभयो तर परिणाम प्रतिकूलजस्तो देखियो...’, मैले प्रस्ट पार्दै भनेँ


‘के भयो र त्यस्तो ? तिमी त झन्झन् गम्भीर पो बन्यौ अशोक ! मैले तिमीलाई दुखाएँ कि क्या हो...’, उसले भनी

‘हैन-हैन, तिमीले ठीक समयमा कुरो उठायौ र ाज्यसत्ता बैरी भएकाले त्यसका विरुद्ध बाबाले भाग लिनुभयो सङ्घर्षमा तिम्रा बाबाजस्तै मेरा बाबा पनि सामन्ती राणाशासनको अन्त्यका लागि खोलिएको रक्षा दलको सिपाही हुनुहुन्थ्यो लामो समय लड् नुभयो तर प्रतिक्रान्ति भयो सामाजिक बेथिति, कुर ीति र अत्याचार-शोषणका विरुद्ध आमाले पनि लड् नुभयो हामीलाई पनि बाबाआमाले लड्न सिकाउनुभयो तर उपलब्धि हात नलाग्दै उहाँहरूले छोडेर जानुभयो किम इल सुङकी आमाले उनलाई बेथिति र अन्यायविरुद्ध लडेर देशलाई मुक्त पार्न दुईवटा पेस्तोल दिनुभएको कथा पढेका थियौँ हाम्रा बाबाआमासँग हामीलाई दिन पेस्तोल त थिएनन् तर विचार र व्यवहारका माध्यमबाट शोषण, अन्याय, अत्याचारका विरुद्ध निरन्तर लडिरहने चेतना दिनुभयो त्यस्ता महान् अभिभावकको पनि रक्षा गर्न सकिएन राज्यसत्ता अझै दुस्मन नै छ श्रमजीवी वर्गको, उसले रक्षा गर्ने कुरा भएन मेरो परिवारका सबै सदस्यले मेरो भावना बुझिदिँदैनन् त्यसैले असमयमै उहाँहरू दुवैले छोडिदिनुभयो, बाबाले ५८ वर्ष पूरा हुनासाथ र आमाले ७५ वर्ष पूरा हुनासाथ...’, मैले भनेँ

‘दुःखी नहोऊ अशोक, केही गर न बाबाआमाका लागि ! तिमी त लेखक हौ,

पत्रकार हौ राजनीतिक पार्टीमा पनि छौ तिम्रो निजी सम्पत्ति छ कि छैन केही ? कस्तो छ व्यवस्था र पद्धति ?’, ऊ अलि गहिराइमा गई

‘नानी, दुःखी नहोऊँ भन्छु, समाल्न खोज्छु तर निरन्तर स्मृतिका पानाहरू फर्फराएर आँखाअघिल्तिर आइरहन्छन् केही प्रयास त गरेको छु यीः मेरो पुस्तक हेर त तिम्रो जुछे टावरसँगै ठडिएको स्तम्भ मैले मेरा पुर्खाहरूले अन्यायका विरुद्ध गरेको सङ्घर्षको प्रतिबिम्बस्वरूप स्थापना गरेको हुँ निजी




खर्चमा यो स्तम्भको नाम विद्रोहस्तम्भ हो यसको फेदमा मेरा बाबाआमाको सालिक छ र त्यसमा यो निर्माण गर्ने श्रमिकहरूको नाम लेखिएको छ बर्सेनि मुलुकभरका छानिएका स्रष्टा भेला पारेर कार्यक्रम गर्ने गरको छु : साहित्यिक, सांस्कृतिक, वैचारिक र कलासम्बन्धी विविध विधा समेटेर’, म थप्छु

‘ओहो मैले पो कम आँकेकी रहिछु तिमीले त एक्लै त्यति धेरै काम गरिसकेका रहेछौ परिवारबाट सहयोग पाएका हौला नि...’, ऊ थप्छे

‘भो कुरा नगर नानी, मेरा दिदीबहिनीहरू छन् साथ दिने बहिनीहरूको सहयोग नपाएको भए म अघि बढ्न सक्तैनथेँ उनीहरूको नैतिक सहयोगले मलाई ठूलो आडभरोसा दिएको छ म सहरबाट गाउँ जान्छु, उनीहरू तराईदेखि सपरिवार गाउँ आइपुग्छन् हाम्रो दसैँ, तिहार, तीज सबै पर्व त्यही हो नानी एउटा नयाँ संस्कार आरम्भ गर्ने प्रयास गरेका छौँ अग्रजहरूको स्मृतिमा यो काम गर्दा राम्रै होला भनेर सुरु गरिएको हो एउटा संस्था खोलिएको छ बाबाआमाका नाममा दुःखजिलो गरेर केही रकम राखेको छु बैङ्कखाता खोलेर त्यसको ब्याजबाट स्रष्टाहरूलाई पुरस्कार र सम्मान गर्ने गरेको छु मेरी आमाले जस्तो कसैका आमाले पनि परिवारको माया नपाएर र अवहेलना, कष्ट खेपेर अकालमा मर्नु नपरोस् भनेर असल बुहारी छानेर सम्मान गर्न थालेको छु अग्रजहरूलाई अभिनन्दन र सौगात आरम्भ गरिएको छ केही पुस्तकहरू प्रकाशित गरिएको छ आमाका बारेमा मैले र बहिनीले गीत पनि लेखेका छौँ...’, वातावरण त्यस्तै बनेकाले म अलि बग्छु

‘ओहो अशोक, मैले त तिमीलाई जुछे समर्थक एउटा सामान्य लेखक/पत्रकार मात्र हौला भन्ठानेकी थिएँ, तिमी त एउटा आन्दोलन नै पो रहेछौ, आन्दोलन निर्माण गर्ने र अगुवाइ गर्ने व्यक्ति अरूले सञ्चालन गरेको आन्दोलन, सङ्घर्ष, युद्ध र क्रान्तिमा लाम लाग्नेहरू पाउन सकिन्छ तर कुरीति, कुसंस्कार, विभेदका विरुद्ध, समानताका पक्षमा आफैँले आन्दोलन सञ्चालन गर्नेहरू सीमित हुन्छन् तिमी त आँधीहुरीजस्ता पो रहेछौ

आज यसरी बजार घुम्ने समय ननिकालेको भए तिम्रा अनुभूतिहरू र तिमीले आरम्भ गरेको सङ्घर्षको कथा थाहा पाउनबाट म पूरै वञ्चित हुने रहिछु अशोक... यसरी सङ्घर्ष गर्दा कयौँ व्यवधान पनि त बेहोर्नुपऱ्यो होला ! स्रोतहरू जुटाउन कठिनाइ होला !’, उसले सोधी

‘यी सबै विषयमा जाँदा घन्टौँ लाग्छ नानी, हामीसँग समय थोरै छ मैले यिनै कारण परम्परागत परिवार-सम्बन्ध, आफन्त, इष्टमित्र, साथीभाइ गुमाएको छु र नयाँ साथीभाइ बनाएको छु...’, मैले भनेँ

‘उसो भए तिम्रो कार्यक्षेत्र सहर र बासस्थान गाउँ हो ?’, ऊ परिस्थितिलाई मोड्ने मानसिकतामा देखिई

‘हो, मेरो पुर्ख्यौली गाउँमा हो त्यो अझै छँदैछ हाम्रो समाजमा निजी सम्पत्तिको व्यवस्था भएकैले असमानता पनि छ, र ाज्य जनमैत्री छैन पार्टी-सरकार जनमैत्री भइसकेका छैनन् हुन्छ र गर्छौं भनेकाहरूले गम्भीर धोका दिएपछि जनतामा वितृष्णा छ सर्वहाराकरण हुन्छ भन्नेहरू भोगविलास, परिवार र निजी सम्पत्तिमा निर्लिप्त भएपछि अविश्वास बढ्दो छ यिनै सङ्कटहरूबाट पार हुँदै हाम्रो पार्टीले आन्दोलनका अग्रज व्यक्तित्वहरूलाई अभिनन्दन गर्ने केही सामाजिक-सामूहिक कार्यको आरम्भ गरेको छ यो अझै शक्तिशाली पार्टी र आन्दोलन बन्ने क्रममा छ हामीले गरेका कामलाई पार्टी महासचिवले नजिकबाट हेरिरहनुभएको छ तर पार्टीभित्रै पनि आहारिसे, असन्तुष्ट र ईर्ष्यालुहरू छन् हिजोका खराब विरासतहरू रूप फेरेर देखापरिरहेका छन् सहर मेरो कार्यथलो बनेको छ नानी, पार्टीले दिएको जिम्मा र मेरो सीप सहरबाट गाउँसम्म फैलाउन सकिन्छ प्रकाशनका माध्यमबाट तीन दशकदेखि यही आन्दोलनमा क्रियाशील छु र सन्तुष्टि पनि यसैबाट छ धेरथोर...’, म भन्छु ‘आम्दानीको माध्यम के हो त तिम्रो ? राज्यले हेर्दैन पार्टीले सक्तैन व्यवसाय छैन...’, उसले अझ अघि बढाई ‘म एउटा निजी सञ्चारमाध्यममा सम्पादनको काम गरेर जीविका चलाउँछु त्यसबाट उबारेर छोराहरूको पढाइखर्च पुऱ्याउँछु अरू समय देश, पार्टी, जनता र क्रान्तिका लागि खर्चिएको छु प्रकाशनहरूमा त अहिले लगानी मात्र हुन्छ, सामाजिक रूपान्तरण र राजनीतिक-सांस्कृतिक आन्दोलनमा आफ्नातर्फबाट अतिरिक्त सहयोग...’, म कुरा टुङ्ग्याउन खोज्छु नानी अझै थाकेकी छैन म कुरा मोड्न खोज्छु- ‘हाम्रो देश र व्यवस्था हेर्न कहिले आउँछ्यौ त ?’

ऊ बिनापर्खाइ जबाफ फर्काउँछे, ‘तिमीले कहिले बोलाउँछौ ? तिम्रो संस्थाले कहिले बोलाउँछ ? मेरो सरकारले कहिले जा भन्छ, त्यतिबेला आइहाल्छु नि ! अभियान जारी राख कार्यक्रमहरू गरिराख हाम्रो संस्था/सङ्गठन, पार्टी, सरकार, व्यवस्था, दूतावास र हामीलाई सम्झिर ाख आउँला नि तिम्रो गाउँठाउँ हेर्न र छलफल, बहस गर्नलाई तर हामीलाई तिम्रो समाजको जस्तो व्यक्तिगत वा पारिवारिक विषयभन्दा पनि देश जोगाउने, व्यवस्था टिकाउने, विचार फैलाउने चुनौती छन् मिस्टर अशोक हाम्रो निजी वा व्यक्तिगत भन्नु केही छैन हाम्रो अभिभावक कोरिया हो, जुछे हो, समाजवाद हो, सरकार हो, जनता हुन्, नेतृत्व हो हाम्रो राज्य, व्यवस्था, नेतृत्व, सरकारको पनि आफ्नो भन्नु हामी हौँ, जनता हो त्यसैले हाम्रो व्यक्तिगत समस्या केही छैन, सबै समस्या राज्यले हल गरिदिएको छ त्यसैले हामीले निजी समस्यामा पिरोलिएर र रुमल्लिएर समय बरबाद पार्नुपरेको छैन हाम्रो राज्यमा, व्यवस्थामा, पद्धतिमा, नेतृत्वमा समस्या छैनन् साम्राज्यवादले हाम्रो देश, व्यवस्था, जनता, नेतृत्वमा खुसी छाएको, हामी स्वतन्त्र, मुक्त र विकसित भएको, हाम्रो विचार फैलिएको, हामी शक्तिशाली र सम्पन्न भएको देखिसहँदैन हामी हाम्रो व्यवस्था र नेतृत्वको रक्षाका लागि, विकासका लागि, स्थायित्वका लागि जस्तोसुकै ठूलो चुनौतीको पनि सामना गर्न तयार भएर बसेका छौँ जब मानिस निजी, वैयक्तिक र सानामसिना कुर ाबाट मुक्त हुन्छ उसले अलि टाढा, माथि, पर र गहिर ाइसम्म सोच्न, हेर्न र चिन्तनमनन गर्न सक्छ...’, ऊ हेर्दाहेर्दै दार्शनिक बन्छे

अरू सबै आआफ्नै ताल र सुरमा व्यस्त र मस्त छन् हामी कहिले समूहबाट अघि हुन्छौँ त कहिले पछि सीधै गएको भए अघि नै पुगिसकिन्थ्यो होटेलमा नानीले हामीलाई सहर घुमाउँदै अलि घुमाउरो बाटो ल्याएकी छे देखाउँदै ऊ देखाउँछे, ऊः त्यो भूमिगत रेल स्टेसन, त्यो म्युजियम, त्यो सांस्कृतिक हल, त्यो जुछे टावर आदिआदि हामी ठाउँठाउँमा सामूहिक तस्बिर पनि लिन्छौँ

(शक्तिशाली समाजवाद जनगणतन्त्र कोरियाको दोस्रो यात्राबाट)

---

कविता

## ....र यो वर्ष पनि



*रसुवाली कवि*

शुभकामना दिनुमा
यो वर्ष पनि
किसानहरूले मल नपाएको
समाचार सुन्नु नै पर्नेछ
यो वर्ष पनि
सरकारले उत्तेजक भाषण गर्नेछ
र कुनै क्रान्तिकारी पार्टीले
शान्तिबाटिकामा  हल्लाउनेछ झन्डा
यो वर्ष पनि
ऐम्बुलेन्स नपुगेको गाउँमा
सुत्केरीको ज्यान गएको
सानो समाचार आउनेछ
यो वर्ष पनि
स्कुल फि बढाउनेछ बोर्डिङले
विद्यार्थी सङ्गठनले निकाल्नेछ
देखावटी जुलुस
यो वर्षमा पनि
कुनै दलाल व्यवसायीले
लेखाउनेछ फोर्स पत्रिकामा आफ्नु नाउँ
र धादिङका चेपाङहरू
जङ्गली च्याउ खाएर मर्नेछन् मर्माहत मृत्यु
यो वर्ष पनि
कविहरूका हातमा हत्कडी लाग्नेछ
सरकार पटकपटक झुक्किनेछ
यो वर्ष पनि
मिस नेपालको घोषणा हुनेछ
बोक्सी आरोपमा मर्नेछिन् बिधुवा दिदी
यो वर्ष पनि
फुल्ने नै छ लालीगुराँस
र अर्थतन्त्रको तरलतामाथि
बहस हुने नै छ
बेतनधारी बुद्धिजीवी आक्रोशित हुने नै छन्
उठ्दै गरेको विद्रोहप्रति
यी दृश्यहरूमाझ
मैले तपाईंलाई भन्नु नै पर्नेछ
नयाँ वर्षको हार्दिक शुभकामना !

## उत्पीडित वर्गको ....

लाई जिताउनुहोस् भन्ने कुरा खोक्रो बकबास हो पैसा र बन्दुक कसको हातमा छ, उसैलेचुनावमा विजय सुनिश्चित गर्दछ किसान, मजदुर, सिपाही र सुकुमबासीका छोराछोरीले यसबाट सत्ता प्राप्त गर्ने कुरा दिवासपना मात्र हो चुनावखर्च कति महँगो भएको छ भने मध्यमवर्ग र राष्ट्रिय पुँजीपतिले पनि यसबाट हात धुनुपर्ने स्थिति आइसक्यो नेपालजस्तो देशमा त आफ्ना दलालहरूलाई उम्मेदवार बनाएर साम्राज्यवादीहरूले ठूलो लगानी गरिरहेका हुन्छन् त्यसकारण उत्पीडित वर्गले आफ्नो सेना नबनाईकन मुक्ति प्राप्त हुन सक्दैन जसले गरिबी, अन्याय, भ्रष्टाचार र उत्पीडनबाट मुक्ति चाहन्छ, उसले बन्दुक प्राप्त गर्न र बन्दुक चलाउन सिक्नैपर्छ

तेस्रो कुरा, मानिसहरूलाई के भ्रम परेको छ भने सरकारमा पुग्नु नै राज्यसत्ता प्राप्त गर्नु हो राज्यसत्ता र सरकार पर्यायवाची शब्द होइनन् सबैलाई थाहा हुनुपर्छ- सरकार राज्यसत्ताको एउटा अङ्ग हो सेना, प्रहरी, प्रशासन, अदालत र कारागारसहित पाँचवटा सङ्घटकलाई बिर्सेर सरकारलाई मात्र राज्यसत्ता ठान्नु कुकुरले पुच्छर होइन, पुच्छरले कुकुर हल्लाउन खोज्नु हो सरकार राज्यसत्ताको एउटा मञ्च मात्र हो प्रधानमन्त्री र मन्त्रीहरू आउँछन् र जान्छन् स्थायी सरकार त पर्दापछाडि हुन्छ त्यसकारण सरकार ढाल्नु भनेको राज्यसत्ता ढाल्नु होइन, बरु त्यस मञ्चका पात्र फेरिनु हो त्यसमा पनि वर्ग फेरिएको छैन उत्पीडित वर्गको त कुरै छोडौँ, उत्पीडित वर्गको प्रतिनिधि थियो भने पनि त्यसलाई उत्पीडकमा रूपान्तरण गरेर मात्र पुरानो राज्यसत्ताको सरकारमा पुऱ्याइएको छ त्यसकारण उत्पीडित वर्गले यो पूरै राज्यसत्ता पल्टाएर नयाँ सत्ता स्थापना गर्न बन्दुकको दर्शन गहिरो गरी बुझ्न जरुरी छ अतिरिक्त सम्पत्तिको रक्षा गर्न इतिहासमा सेना र बन्दुकको जन्म भएको हो कसैले बन्दुकको अन्त्य चाहन्छ भने न्यायपूर्ण युद्धका लागि बन्दुक बोक्नैपर्छ यही सारतत्त्वलाई बुझेर नै माओले राजनीतिक सत्ता बन्दुकको नालबाट जन्मन्छ भन्नुभएको हो

३.३) एकीकृत जनक्रान्ति तथा एकीकृत सैन्य कार्यदिशाको प्रमुख निशाना दलाल पुँजीवाद हो यसलाई अर्को शब्दमा ऐजेरु पुँजीवाद पनि भन्न सकिन्छ यसको अर्थ यो आफैँ जमिनमा उम्रेको होइन, बरु अरूरूखको हाँगोमा आएर पलाउँछ र रूखै सुकाईदिन्छ यसले राष्ट्रिय पुँजीलाई त्यो रूख सुकाएझैँ सुकाउँछ नेपालमा राष्ट्रिय पुँजीको विकास नहुनुको कारण ऐजेरु पुँजीवाद नै हो यसैको राजनीतिक अभिव्यक्तिका रूपमा दलाल संसदीय व्यवस्था बन्न गएको छ कथित नेपाल कम्युनिस्ट पार्टी (ने.क.पा.), नेपाली काङ्ग्रेस, कतिपय मधेसवादी दलहरूको दलालीकरण भएको छ राप्रपाका गुटहरू पनि दलाल पुँजीवादबाट प्रभावित छन्

अर्को निशाना नोकरशाही पुँजीवाद हो बहालवाला र गैरबहालवाला भ्रष्ट कर्मचारीहरू नै नोकरशाही पुँजीवादका प्रतिनिधिहरू हुन् उनीहरूले सीधै साम्राज्यवादको पृष्ठपोषण पाएका हुन्छन् संसदीय राजनीतिक दलहरूलाई दलाल पुँजीवादको स्वार्थमा घुमाउन उनीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ उनीहरूमाथिको कारबाहीले जनसेवा नै हुन पुग्छ स्थायीरूपमा उनीहरूले राज्यसत्ता सञ्चालन पनि गरिरहेका हुन्छन्

तेस्रो निशाना, सामन्तवाद राज्यसत्ताको नेतृत्वबाट हारे पनि उसको दीर्घ शासनसत्ताको दीर्घ प्रभाव रहेको हुन्छ धेरैजसो सामन्तको जमिन दलाल पुँजीपतिहरूले लिइसकेको भए पनि स्वयम् सामन्त तथा जमिनदारहरू दलाल पुँजीपति भइसकेका छन् सामन्तवादको संस्कृति पनि जरा गाडेर बसेको छ

आज हामी के कुरामा स्पष्ट हुन जरुरी छ भने नेपाली जनताका यी तीन निशानामध्ये दलाल पुँजीवाद नै अरूमाथि निरपेक्ष रूपले हाबी छ र नेतृत्व गरिरहेको छ राज्यसत्तामा राजनीतिक अभिव्यक्ति पनि नेतृत्वमै हाबी छ

अब हामीले दलाल पुँजीवाद, नोकरशाही पुँजीवाद र सामन्तवादका विरुद्ध लड्ने क्रान्तिका मित्रहरू कोको हुन् भनी निश्चित गर्नुपर्छ यसको विश्लेषण नगरी हामी अघि बढ्न सक्तैनौँ हामीले सामान्यतः किसान, मजदुर, सिपाही, सुकुमबासी, मध्यमवर्ग, राष्ट्रिय पुँजीपति र देशभक्तहरूलाई क्रान्तिका मित्र शक्ति मानेका छौँ हिजो मध्यमवर्ग पुँजीपति बन्ने सपनाका साथ सानो सम्पत्तिको लोभले ढुलमूल थियो तर त्यसको ठूलो भाग क्रान्तिमा आउन बाध्य हुन्थ्यो तर आज अति केन्द्रीकृत र अति एकाधिकारवादी पुँजीका कारण उसको ढुलमूल र हने चरित्र सकिँदै गएको छ अति एकाधिकारवादी पुँजीवादको बढी रस चुस्ने स्रोत भनेको मध्यमवर्ग नै बनेको छ आजको किसान नेपालमा सम्भव आधुनिक औजारहरूसहित 'कृषि फार्मिङ सिस्टम' मा गइरहेको छ उसका लागि मल, बिउ, उत्पादित वस्तुहरूको बजार र उचित मूल्य प्राप्त गर्ने समस्या छ दलाल पुँजीपतिहरूले र साम्राज्यवादीहरूले उनीहरूको माल बिक्रीमा बाधा पारिरहेका हुन्छन् आज सामन्ती साहूहरूको सट्टा उनीहरूले सहकारी र कृषि बैङ्कबाट ऋण लिनुपर्ने स्थिति छ ती बैङ्क नामका साहूहरू घरखेतबाट ऋण असुली गर्न पछि पर्दैनन्

मजदुरवर्ग मार्क्स, लेनिन र माओको पालाको भन्दा स्वरूपमा भिन्न छ अहिले त्यतिबेलाको जस्तो विशुद्ध औद्योगिक मजदुर होइन, बरु कम्प्युटरबाट काम गर्ने र कारबाट काममा जाने मजदुरहरू आइसकेका छन् माथि भनिएकै छ- आज लाखौँमजदुरहरू एउटै कारखानामा काम गर्दैनन् उनीहरूलाई विकेन्द्रित उत्पादनप्रणालीमा अलगथलग पारिएको छ त्यसकारण उत्पादन केन्द्रहरूमा मात्र होइनन्, बरु विकेन्द्रित वितरण केन्द्रहरूमा पनि मजदुर खोज्नुपर्छ विचारधारात्मक हिसाबले पनि केन्द्रित गर्नुपर्छ

आज हामीले सिपाही भन्नाले बहालवाला र गैर बहालवाला सरकारी सिपाही र प्रहरी नेपालका गाउँगाउँ र सहरसहरदेखि अरेबियन देशहरूदेखि युरोपसम्म पुगेका पूर्वजनमुक्ति सेना, गोरखा भर्तीकेन्द्रका नाममा बेलायत र भारतीय सेनामा रहेका नेपालीहरू, सेक्युरिटी गार्डहरू सबैलाई बुझ्नुपर्दछ उनीहरू पनि हिजोको सिपाहीजस्तो एकहोरो मात्र छैनन् अरू केही नभए पनि फेसबुकबाट सुसूचित हुन्छन् कहीँ न कहीँ जनतातिर फर्कनुपर्ने र संसारतिर फर्कनुपर्ने बाध्यता छ त्यसमा मालेमावादको चेतना पुऱ्याउनुपर्ने आवश्यकता छ

हाम्रो देशका सुकुमबासीहरूभित्र हुकुमबासीहरू मिसिएर उनीहरूलाई प्रदूषित बनाइरहेका छन् त्यसमा जग्गा दलालहरूले नाफा कमाइरहेका छन् वास्तविक सुकुकबासीहरूलाई विचारधारात्मक र सङ्गठनात्मक रूपमा सङ्गठित गर्न जरुरी छ

एकीकृत जनक्रान्तिको कार्यनीतिक लक्ष्य भनेको वैज्ञानिक समाजवाद हो यो हाम्रो न्यूनतम् कार्यक्रम हो हाम्रो अधिकतम् कार्यक्रम भनेको साम्यवाद हो मालेमावादलाई आत्मसात गर्ने क्रान्तिकारी कम्युनिस्टहरू र हाम्रो पार्टीबीच न्यूनतम् कार्यक्रम नयाँ जनवाद बनाउने वा वैज्ञानिक समाजवाद भन्ने प्रश्नमा बहस जारी छ भनेका छौँ

हाम्रो पार्टीले आठौँ महाधिवेशनबाट न्यूनतम् कार्यक्रम वैज्ञानिक समाजवाद हो र नयाँ जनवाद क्रान्तिकाक्रममै पूरा गर्न सकिने यसको पूरक कार्यक्रम हो भन्ने पारित गरेको छ हामीले यसलाई एउटा चरणका रूपमा मान्यता दिने परम्परामा क्रमभङ्ग गरेका छौँ दलाल पुँजीवादका विरुद्ध लड्दै हामीले दुवैतिर लालसत्ताको अभ्यास गर्ने र त्यसलाई लालसेनाले संरक्षण गर्दै अघि बढ्नुपर्छ क्रान्तिकारी कम्युनिस्टहरू र देशभक्तहरूको संयुक्त मोर्चाले नै लालसत्ता सञ्चालन गर्नुपर्दछ यसमा मध्यमवर्ग र राष्ट्रिय पुँजीपतिहरू पनि सामेल हुनेछन् पार्टीले लालसेना र लालसत्ताको नेतृत्व गरिरहेको हुन्छ दलाल संसदीय व्यवस्थाको विकल्प नयाँ जनवाद होइन, वैज्ञानिक समाजवाद हुनुपर्दछ क्रान्ति सम्पन्न हुनेवित्तीकै वैज्ञानिक समाजवादी गणतन्त्र नेपालको घोषणा गर्नुपर्दछ चीनमा जस्तै ल्यु साओ ची र तेङ स्याओफङलाई अझै पुँजीवादको विकास नगरी समाजवादमा पुग्न सकिन्न भन्ने ठाउँ दिन हुँदैन निश्चय नै साम्राज्यवादीहरूले यो क्रान्ति सजिलै सम्पन्न गर्न दिने छैनन् यसका लागि अन्तरराष्ट्रिय जनसम्बन्ध, भाइचारा सम्बन्ध र कूटनीतिक सम्बन्धलाई पनि विकास गरेर जानुपर्दछ पुँजीवादी विचारधाराको भूमण्डलीकरणका विरुद्ध साम्यवादी विचारधाराको भूमण्डलीकरण गर्न जरुरी छ

यो क्रान्ति सम्पन्न गर्न हामीले तयारी, पूर्वअभ्यास र आक्रमणको प्रक्रिया पूरा गर्नुपर्दछ आक्रमण गरिसकेपछि सासै फेर्न नदिईकन निरन्तर दुस्मनमाथि हमला गर्नुपर्दछ विजय र पराजयको प्रक्रियाबाट विजयमा पुग्नुपर्नेछ

राजनीतिप्रति जागरुक र क्रान्तिकारी आन्दोलनबाट अनुभवी जनता, विगतको जनयुद्ध र जनआन्दोलनबाट अनुभव प्राप्त नेता तथा कार्यकर्ता, सङ्कटैसङ्कटमा फस्दै गएको र भयानक अन्तर विरोधले जेलिएको राज्यसत्ता, साम्राज्यवादले पूर्ण रूपमा विश्वास नगरेका पार्टीहरू, देशभक्तहरूको सकारात्मक हेराइ आदिले क्रान्ति नजिकै रहेको छ तीन जादुगरी हतियारको तयारी नै हाम्रो युद्धस्तरीय कार्य हुनुपर्दछ

आज वैज्ञानिक समाजवादले गाँस, बास र कपासको समस्या मात्र पूरा गरेर पुग्दैन यसले शिक्षा, स्वास्थ्य, रोजगार र सञ्चारको समस्या पनि समाधान गर्नैपर्दछ प्रत्येकले वैज्ञानिक समाजवादी राज्यव्यवस्थालाई आफ्नो योग्यताअनुसार दिने र प्रत्येकले उसको आवश्यकतानुसार लिने स्थिति वैज्ञानिक समाजवादमै प्राप्त गर्ने स्थिति कम्युनिस्टहरूले बताउनुपर्छ यस्तो व्यवस्था गृहयुद्ध नलडीकन प्राप्त गर्न सकिँदैन मार्क्स-एङ्गेल्सले जर्मनीमा क्रान्ति र प्रतिक्रान्तिको विश्लेषण गर्दै संश्लेषण गरेको सिद्धान्तलाई हामीले मार्गदर्शक बनाउनुपर्छ :

'युद्ध र अरू कलाजस्तै विद्रोह पनि एउटा कला हो यसमा अघि बढ्ने खास नियमहरू हुन्छन् जुन पार्टीले यी नियमहरू उल्लङ्घन गर्नेछन्, ती पतन भएर जानेछन् पार्टीको प्रकृति र परिस्थितिबाट आएका तार्किक चिन्तन नै ती नियमहरू हुन् यस्तो मामला जोकसैले सामना गर्नुपर्दछ जुन कति सादा र सरल छन् भने सन् १८४८ को छोटो अनुभवले जर्मनीलीहरूलाई तिनीहरूसँग राम्ररी घुलमिल बनाएको थियो प्रथमतः आफ्नो खेलको परिणामसँग सामना गर्ने पूर्ण तयारीबिना विद्रोहसँग कहिल्यै खेलबाड गर्नु हुँदैन विद्रोह अति नै अनिश्चित महत्त्वको हिसाबकिताब हो जसको मूल्य दैनिक परिवर्तन हुन्छ तपाईंको विरोधी शक्तिलाई सङ्गठन, अनुशासन, परम्परागत प्राधिकार लगायत सम्पूर्ण सुविधाहरू रहेका छन्; उनीहरूविरुद्ध शक्तिशाली तयारी नगरीकन लडेमा तपाईंको पराजय र विनास हुनेछ द्वितीयतः विद्रोही शक्तिले एकपटक अघि बढिसकेपछि दृढ निश्चयकासाथ हमला गर्नुपर्दछ प्रतिरक्षा हरेक सशस्त्र विद्रोहको मृत्यु हो जसले गर्दा आफ्नो दुस्मनलाई छरिएको बेला अचानक हमला गर्नुपर्दछ, सानै भए पनि दैनिक नयाँ सफलताको तयारी गर्नुपर्छ पहिलो विद्रोहबाट प्राप्त नैतिक बल कायम राख्नुपर्छ आफ्नो नजिकै ती ढुलमूल तत्त्वहरूलाई भेला गर्नुहोस् जो सधैँ सबभन्दा बलियो शक्तिको पछि लाग्न बाध्य हुन्छन् र जो सधैँ आफ्नो रक्षाको खोजीमा हुन्छन् तपाईंका विरुद्ध आफ्नो शक्ति सञ्चय गर्नुभन्दा पहिले नै दमनलाई पछिल्तिर धकेल्नुहोस्; अहिलेसम्म ज्ञात क्रान्तिकारी नीतिका महानतम् गुरु दाँतेका शब्दमा : साहस ! साहस ! फेरि पनि साहस !'

– मार्क्स-एङ्गेल्स, विद्रोह, १८५२, ग्रन्थ ११, पृष्ठ ८३, अङ्ग्रेजी संस्करण

४) हामी शक्तिशाली मार्क्सवाद-लेनिनवाद-माओवादका सार्वभौम वैज्ञानिक नियमद्वारा निर्देशित भएकाले क्रान्ति सानो देशमा हुँदैछ वा ठूलो देशमा भन्ने कुरा विजयको प्रमुख कारक होइन हामीलाई थाहा छ, वैज्ञानिक समाजवादी क्रान्ति विशाल भूगोल र जनसङ्ख्या भएका देशहरू रुस र चीनमा पनि भयो अनि साना देशहरू भियतनाम, कोरिया र कम्बोडियामा पनि भयो तीन करोड नेपालीले गर्ने मालेमावादबाट निर्देशित क्रान्ति संसारका अर्बौं श्रमजीवी र उत्पीडित जनताको पनि आफ्नै लडाइँ हो वरिपरि चीन र भारतजस्ता विशाल जनसङ्ख्या र विशाल भूगोलमा रहेका दुई अर्बभन्दा बढी जनताहरूको त्यहाँ हुने क्रान्ति र सहयोग पनि आजको दुनियाँमा विजयकालागि महत्त्वपूर्ण तत्त्व हो मुख्यतः हाम्रै देशका जनताको बल नै विजयको प्रमुख तत्त्व हो त्यसकारण द्वन्द्ववादले विषयलाई कहिल्यै पनि एकपक्षीय रूपमा हेर्दैन हामीले सानो र पिछडिएको देशमा क्रान्ति गर्दा संसारका ठूला र विकसित देशका शासकहरूलाई मात्र होइन, त्यहाँका उत्पीडित जनताहरूलाई पनि हेर्नुपर्दछ कुनै एउटा देशका कम्युनिस्टहरू जनताका लागि लड्ने भनेको विश्वका उत्पीडित र श्रमजीवी जनताका लागि लड्नु हो एउटा देशमा हुने क्रान्तिले विश्व जनसमुदायको मुक्तिको ढोका खोलिदिनेछ कुनै पनि देशमा हुने क्रान्ति ढिलो वा चाँडो विजयी हुन्छ

निष्कर्ष

अतः मार्क्सले भनेझैँ पुरानो समाजबाट नयाँ समाज जन्माउन सुँडेनी तयार पार्नु आजको प्रमुख कार्यभार हो आजको सुँडेनी भनेको सिपालु चिकित्सक नै हो जसले बच्चालाई सुरक्षित जन्माउनुपर्छ हामी उत्पीडित वर्गका मानिसहरूले हतियार चलाउन र प्राप्त गर्न सिक्दैनौँ भने लेनिनले भनेझैँ दासको व्यवहार गरिन लायक हुन्छौँ हामी दासबाट उठेर आजको स्पार्टाकस बन्नुपर्छ इतिहासको कर्तब्यबोधका साथ बन्दुकबाट छुट्टी पाउन बन्दुक उठाउन हामी तयार हुनुपर्छ माओले हामीलाई यही कुरा सिकाउनुभएको छ हाम्रो पार्टीको निर्देशनअनुसार बन्दुकमा कम्प्युटर जोड्न आवश्यक छ विज्ञानको विरोध गरेर होइन, बरु त्यसको विकास गरेर नै इतिहासमा आएका समस्याहरू समाधान गर्न सकिन्छ हामीले पृथ्वीको झन्डै आधाभन्दा बढी जनसङ्ख्या र भूगोलमा रगतपसिनाको बलिदान गरेर वैज्ञानिक समाजवाद स्थापना गरेका थियौँ त्यहाँ हामीले पराजय र प्रतिक्रान्ति बेहोर्नुपऱ्यो दर्जनौँ देशमा क्रान्ति विजयको सन्निकट पुगेको थियो त्यहाँ हामीले पराजय बेहोऱ्यौँ यी सबै घटनाको प्रमुख कारण आन्तरिक थियो, बाह्य होइन नेपालमा सैन्य हिसाबले दुस्मनको काँडेतार तोड्न नसकिएको बहानाबाजी प्रचण्ड-बाबुरामले गरे र उनीहरू एकसय असी डिग्री फन्को मारेर दलाल पुँजीवादी संसदीय व्यवस्थामा पतन भए नतोडिएको भौतिक रूपमा दुस्मनको काँडेतार थिएन, बरु मानसिक काँडेतार थियो, विज्ञानको विकासमा काँडेतार थियो एकीकृत सैन्य रणनीति र वैज्ञानिक समाजवादको राजनीतिक कार्यक्रमले त्यो काँडेतार भत्काएको छ एक्काईसौँ शताब्दीको दोस्रो दशकका किसान, मजदुर, सिपाही, सुकुमबासी, मध्यम वर्ग, राष्ट्रिय पुँजीपति र देशभक्तहरू, आउनुहोस् ! वैज्ञानिक समाजवादी रणनीतिमा पुग्ने भरपर्दो उत्पीडित जनताको सैन्य दस्ताको रक्षा र विकास गरौँ हाम्रा लागि अर्को कुनै विकल्प छैन

(जनक्रान्ति ३, २०७५ बाट साभार)

## पार्टी बैठकको ....

थिए भने सञ्चालन नेकपा कपिलवस्तु सचिव कमलले गरेका थिए

प्रशिक्षण कार्यक्रममा प्रमुख अतिथि, अतिथिलगायत सम्पूर्ण सहभागी पार्टी सदस्यहररूलाई नेकपा विशेष समिति सदस्य तथा राष्ट्रिय थारु मुक्ति मोर्चाका अध्यक्ष सुनिलले स्वागत मन्तव्य प्रस्तुत गरेका थिए

कार्यक्रमका प्रमुख अतिथि महासचिव विप्लवले प्रशिक्षणमा लामो समयदेखि आफू लुम्बिनी क्षेत्रमै भएको बताए उनले भने, 'हाम्रो पार्टीतिर सबैले फर्केर हेरेका छन्' जनताको त्यो चाहना र अपेक्षालाई पूरा गर्नुपर्ने पार्टीको अभिभारा भएको उनको भनाइ थियो

महासचिवले एमसीसी एक हजार वर्षभित्र अमेरिकाका लागि खतरा भएका विषयमा विश्वमा अमेरिकाले गर्ने काम भएको र एमसीसीको विषय युवा, विद्यार्थी, शिक्षक, मजदुर, श्रमजीवी, उद्योगी, व्यवसायी, नेपाल प्रहरी, नेपाली सेना, कर्मचारी र सम्पूर्ण जनता असन्तुष्ट रहेको र एमसीसी संसद्बाट पास भए पनि नेपाली जनताबाट पास नभएको बताए महासचिव विप्लवले पार्टीको १२ औँ केन्द्रीय समितिको दस्ताबेजको व्याख्या गर्दै दृढतापूर्वक कार्यान्वयन गर्न निर्देशन दिए कार्यक्रममा नेकपा केन्द्रीय सदस्य सुशील र विजयले पनि प्रशिक्षण मन्तव्य राखेका थिए कार्यक्रमको समापन कार्यक्रमका अध्यक्ष जुझारुले गरेका थिए

## एमाले, माओवादी केन्द्र र ....

चूडामणि वली 'आदर्श'ले नवप्रवेशीहरूलाई माला र अबिर लगाएर स्वागत गरेका थिए आदर्शले नवप्रवेशीहरूलाई स्वागत गर्दै भ्रष्ट व्यवस्था र तिनका मतियारविरुद्ध लड्नका लागि सबैलाई नेकपामा गोलबन्द हुन आह्वान गरे

पार्टी प्रवेश गर्नेहरूमा नेकपा एमाले गङ्गादेव २ का पार्टी वडाध्यक्ष देवराज वली, लालसिंह महरा, वीरबहादुर वली, नरसिंह परियार, झलक विक, निर्मल वली, चूडामणि वली, गोविन्द वली, मनसरा वली, रामबहादुर वली, दललाल बस्नेत, देवसरा वली, हरिबहादुर केसी, यामलाल वली, खड्कबहादुर वली, निर्मला डाँगी, उत्तम बस्नेत, गोपाल परियार, कौसिला वली, दीपक केसी, वीरसिङ केसी, दीपक वली, नामसरा केसी, नवीन घर्ती, मायवर घर्ती, गौरीलाल घर्ती, युवराज घर्ती, पवित्रा घर्ती, भूमिका परियार, भरत परियार, डिल्लीबहादुर बस्नेत, वेदबहादुर वली, देवसिङ महरा र खम्मरसिङ वली रहेका छन्

नेकपा माओवादी केन्द्र परित्याग गर्नेहरू भदिर्बर वली, इन्द्रजित वली, रमेश वली, बलबहादुर डाँगी, शेर वली, डम्बर बस्नेत र वीरेन्द्र वली रहेका छन् त्यसैगरी नेपाली काङ्ग्रेस परित्याग गरी रहमाईका भुवन वलीले नेकपामा प्रवेश गरेका हुन्

नेकपा प्रवेश गर्दै अध्यक्ष देवराज वलीले एमालेले आफूलाई अपमान गरेको भन्दै चर्को आलोचना गरेका थिए उनले एमाले गाउँ समिति अध्यक्ष रोशन वलीले आफूलाई अपमान र विश्वासघात गरेको बताएका थिए नवप्रवेशीहरूले अहिलेका जनप्रतिनिधिहरू भ्रष्ट भएको भन्दै सबैलाई नेकपामा गोलबन्द हुन अपिलसमेत गरेका छन्

नेकपाले चुनाव नलड्ने र एमसीसीविरुद्ध, देशभक्तहरूलाई सहयोग गर्नसक्ने निर्णय गरिसकेको छ दलाल पुँजीवाद पक्षधर चुनाववादी पार्टीहरूबाट वाक्क भएका मानिसहरू नेकपामा प्रवेश गर्न थालेका हुन्

## देशभर नेकपाका ....

सहादत प्राप्त गर्ने मनोजका बुवा सत्यवती गाउँपालिका वडा नं. २ चेहेमीस्थित नरबहादुर तरामुको असामयिक निधनप्रति दुःख व्यक्त गर्दै श्रद्धाञ्जली व्यक्त गरेको छ

केन्द्रीय समितिको निर्णयलाई दृढतापूर्वक लागू गर्ने निर्णय

यसैबीच नेकपा सिन्धुपाल्चोकले पार्टी केन्द्रीय समितिको १२ औँ पूर्ण बैठकको निष्कर्ष र निर्णयबमोजिम अघि बढ्ने निर्णय गदै १५ औँ बैठक सम्पन्न गरेको छ पार्टीका केन्द्रीय सदस्य एवम् सिन्धुपाल्चोक/दोलखा इन्चार्ज प्रवीणको प्रमुख आतिथ्य तथा जिल्ला सेक्रेटरी युगीनको अध्यक्षतामा बैठक सम्पन्न भएको हो

बैठकले १ महिने अभियान सञ्चालन गर्ने निर्णय पनि गरेको छ राष्ट्रघात र राष्ट्रिय स्वाधीनतामा केन्द्रित गरेर राष्ट्रघाती र राष्ट्रवादीबीच ध्रुवीकरण गर्ने, राष्ट्रिय स्वाधीनताका विषयमा जनसङ्घर्ष र जनपरिचालन गर्ने, दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्थाको राष्ट्रघाती प्रवृत्तिविरुद्ध भन्डाफोर गर्दै स्थानीय जनतासँग एकाकार हुने, राष्ट्रघाती तत्वहरूका विरुद्ध चुनावी मोर्चामा उत्पीडित वर्ग, समुदाय, घाइते योद्धा, महिला, समाजमा स्वच्छ छवि भएका पात्र, देशभक्त व्यक्ति, विभिन्न व्यवसाय समाजसेवी आदिलाई सहयोग गर्न सकिने निर्णय गरेको छ

बैठकमा पार्टीका जिल्ला विशेष समिति सदस्य किरण, मुकुन्द र दोलखा सचिव माधवको पनि उपस्थिति रहेको थियो

यसैबीच नेकपाका केन्द्रीय सदस्य तथा ओखलढुंगा-उदयपुरका इन्चार्ज विवेक कुमालको प्रमुख आतिथ्य र ओखलढुंगा सेक्रेटरी दिनेशको अध्यक्षतामा नेकपा ओखलढुंगाको १२ औँ बैठक सम्पन्न भएको छ

बैठकले नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको १२ औँ पूर्ण बैठकद्वारा पारित निर्णयलाई जिल्लामा कार्यान्वयन गर्ने, एमसीसीविरोधी र राष्ट्रवादी शक्तिलाई स्थानीय निर्वाचनमा सहयोग गर्ने, भ्रष्टाचार, महँगी र एमसीसीविरुद्ध भण्डाफोर र सङ्घर्ष गर्ने निर्णयसहित जिल्ला पार्टीद्वारा घोषित कार्यक्रमलाई सशक्त ढङ्गले अगाडि बढाउने निर्णय बैठकले गरेको छ

## समाजवाद स्थापना र ....

नेकपा नेता कञ्चनले साम्राज्यवादी मुलुकहरू जापान र अमेरिकालाई जुछे विचार र जनताको शक्तिको भरमा हराउने र समाजवाद स्थापना गर्ने अग्रज कम्युनिस्ट नेता किम इल सुङको जन्मदिवस मनाउनुको तात्पर्य साम्राज्यवादसँगको लडाइँ जारी रहेको र समाजवादी क्रान्ति सफल पार्न साम्राज्यवाद र सबैखाले अवसरवाद, संशोधनवादलाई परास्त गर्नुपर्छ भन्ने रहेको धारणा पनि व्यक्त गरे

साम्राज्यवादले कम्युनिस्ट र देशभक्तहरूको नरसंहार गरेर सिध्याउने शैली प्रत्युत्पादक र कमजोर हुँदै गएपछि त्यसलाई परिवर्तन गरी कम्युनिस्ट क्रान्तिकारीहरूलाई भ्रष्ट बनाएर जनतामाझ बदनाम गरी सिध्याउने नीति अख्तियार गरेका उदाहरणहरू प्रस्तुत गर्दै नेकपा नेता कञ्चनले पेरिस कम्युनका कम्युनार्डहरूले जीवनको भीक्षा होइन, बरु मृत्यु स्वीकार्छौँ तर पराजय स्विकार्दैनौँ भनेर विश्व-कम्युनिस्ट आन्दोलनलाई बलिदानाट ऊर्जा थपेझैँ नेपालका कम्युनिस्ट क्रान्तिकारीहरूले पनि दलाल पुँजीवादसामु आत्मसमर्पण नगरी क्रान्तिमार्ग अवलम्बन गर्नुपर्ने धारणा राखे

कार्यक्रमका ज्विहडशिष्ट अतिथि नेकपा केन्द्रीय सचिवालय सदस्य एवम् स्कुलिङ विभागका प्रमुख सुदर्शनले कम्युनिस्ट क्रान्तिकारीहरूले अन्धराष्ट्रवादी र डरपोक नभएर अन्तर्राष्ट्रियतावादी र हिम्मती हुनुपर्ने बताए कोरियाली नेता किम इल सुङको व्यक्तित्व अन्तरराष्ट्रिय स्तरको रहेको र उनले प्रतिपादन गरेको जुछे विचारले जापानी, अमेरिकी साम्राज्यवादलाई परास्त गर्दै कोरियालाई समाजवादसम्म पुऱ्याएको सन्दर्भ राख्दै नेकपा नेता सुदर्शनले साम्राज्यवाद, अवसरवाद, संशोधनवाद र कायरतावादसँग निरन्तर लडेर नै वैज्ञानिक समाजवाद स्थापना गर्न सकिने प्रस्ट पारे

जनगणतन्त्र कोरियासँग नेपालका क्रान्तिकारी कम्युनिस्टहरूले धेरै विषय सिक्नुपर्ने र विशेषतः उसले राष्ट्रियताको भावना, कम्युनिस्ट विचार, विज्ञानप्रविधि र भौतिक रूपमा गरेको विकास नेपाली क्रान्तिका लागि पनि उदाहरणीय बनेको नेता सुदर्शनको भनाइ थियो कोरियाले जस्तै साम्राज्यवादलाई चुनौती दिन र आत्मनिर्भर बन्नका लागि दलाल पुँजीवाद अन्त्य गरी वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्ने र त्यसका लागि विचार र आन्दोलनको विकास गरी कागजी बाघका विरुद्ध निरन्तर लड्नुपर्नेमा उनको जोड थियो

कार्यक्रममा नेकपाका केन्द्रीय सदस्यहरू गुणराज लोहनी, उदयबहादुर चलाउने 'दीपक', पूर्णबहादुर सिंह, अखिल नेपाल जनसांस्कृतिक महासङ्घका महासचिव खेम थपलिया, नेकपा दोलखाका सेक्रेटरी माधव गौतम, अखिल नेपाल जनसांस्कृतिक महासङ्घका सचिवालय सदस्यहरू अग्निराज पौडेल 'अराप', विवेक सापकोटा, ढुण्डीराज अधिकारी, अन्तर्राष्ट्रिय विभाग सदस्य नारायण न्यौपाने, विशेष समिति सदस्य भीष्म शाही, अखिल नेपाल क्रान्तिकारी किसान महासङ्घका अध्यक्ष हरि श्रेष्ठ, मञ्चका सहकोषाध्यक्ष देवीप्रसाद तिम्सिनालगायतले किम इल सुङको विचार रक्षामा जोड दिँदै कोरियाली जनतालाई शुभकामना प्रदान गरेका थिए कविहरू अशोक सुवेदी, अग्निराज पौडेल 'अराप', रणबहादुर विक, ढुण्डीराज अधिकारी, नकुल चौलागाईंलगायतले क्रान्तिकारी कविता वाचन गरेका थिए

कार्यक्रम मञ्चका अध्यक्ष अशोक सुवेदीको अध्यक्षता र सञ्चालनमा सम्पन्न भएको थियो सात वर्षअघि स्थापित मञ्चले वैचारिक, राजनीतिक, सांस्कृतिक, साहित्यिक र प्रकाशनका कामहरूका माध्यमबाट जनगणतन्त्र कोरिया र नेपालका क्रान्तिकारी कम्युनिस्ट बौद्धिकहरूका बीच सम्बन्ध विकास र विस्तारको काम गर्दै आएको छ

## क्रान्तिलाई विजयी ....

भए भनिरहेका छन्'

उनले अगाडि भने, 'यो एउटा क्रान्तिकै मोर्चा हो समयका हिसाबले यो मोर्चा एक-डेढ महिनाको मोर्चा हो यसलाई हामीले सफल पार्नुपर्छ, साम्राज्यवादीहरू हाम्राविरुद्ध सबै मोर्चा र तरिकासहित आइरहेका छन् हामीले कुनै एउटा मोर्चाबाट मात्रै विजय हासिल गर्नै सक्दैनौँ'

एक फरक प्रसङ्गमा महासचिव विप्लवले भने, 'सरकारसँग भएको तीनबुँदे सहमतिको कार्यान्वयन नगर्दै हाम्रा नेता-कार्यकर्ताहरूलाई जेल र हिरासतमै राखेर हामीले उठाउँदै आएका मुलुकका विद्यमान समस्या र मुद्दाहरूलाई हल गर्नेबारे हामीसँग न्यूनतम् समझदारी नै नगरी स्थानीय तहको चुनावका बारेमा सरकारले सोच्नु शान्तिप्रक्रियाप्रतिको बेइमानी हो यसले मुलुकमा फेरि समस्या निम्त्याउँछ यसप्रति गम्भीर हुनुहोस् भनेर सरकार लाईसमेत हामीले भनेका छौँ'

पार्टीको केन्द्रीय समितिको १२ औँ बैठकले अघि सारेका आगामी योजनाबारे प्रशिक्षण मन्तव्य राखिसकेपछि महासचिव विप्लवले लिखित प्रश्नका उत्तर दिएका थिए

अन्तरक्रियासहित सम्पन्न भएको कार्यक्रमको अध्यक्षता केन्द्रीय सदस्य अनिल शर्माले गरेका थिए कार्यक्रमको सञ्चालन केन्द्रीय सदस्य चिरन पुनले गरेका थिए प्रशिक्षण कार्यक्रममा केन्द्रीय सदस्यहरू बन्धु चन्द, आधार, खुमा सुवेदी र सुशीलको समेत सहभागिता रहेको थियो

## साम्राज्यवाद रहेसम्म ....

नेपालको दलाल पुँजीवादी सत्तालाई समाप्त पारी समाजवाद स्थापना गर्नुपर्ने र त्यसका लागि सबैखाले प्रतिक्रियावादी शक्ति, संशोधनवाद, सुधार वाद र अवसरवादहरूसँग निरन्तर लडेर क्रान्तिलाई विजयसम्म पुऱ्याउनुपर्नेमा नेता कञ्चनको जोड थियो उनले भने, 'नेपाली जनता र कोरियाली समाजवादका बीचमा नेपाल-कोरिया लेखक/पत्रकार मञ्च पक्का पुल बन्नेछ'

नेपाल-कोरिया लेखक/पत्रकार मञ्चका नवनिर्वाचित पदाधिकारी र सदस्यलाई बधाई एवम् शुभकामना दिँदै नेकपाका केन्द्रीय सचिवालय सदस्य एवम् स्कुलिङ विभागका प्रमुख सुदर्शनले नेपालका समाजवादी लेखक, पत्रकार र संस्कृतिकर्मीहरूले कोरियाली समाजवादबारे अध्ययन गरी नेपाली क्रान्तिलाई समाजवादसम्म पुऱ्याउन सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे

कार्यक्रमका विशिष्ट अतिथि नेपालस्थित जनगणतन्त्र कोरियाली र ाजदूतावासका डीसीएम (कन्सुलर) किम जोङ ह्योकले नेपाल-कोरिया लेखक/पत्रकार मञ्चले स्थापनाको एक दशकभित्रै समाजवादी कोरियाका बारेमा नेपाली जनतालाई राम्रो जानकारी दिएको र दुई देशका बीचमा राम्रो सम्बन्ध विकास गर्न ठूलो सहयोग पुऱ्याएको बताए उनले मञ्चका नवनिर्वाचित सदस्यहरूलाई समाजवाद अध्ययन गर्न र लागू गर्न सदा उत्साहित भएर लाग्नुपर्ने बताए

कार्यक्रममा प्रमुख अतिथि कञ्चन, विशिष्ट अतिथिहरू सुदर्शन, किम जोङ ह्योकले संयुक्त रूपमा समाजवादी कोरियाको इतिहास र वर्तमान झल्काउने वृत्तचित्र लोकार्पण गरेका थिए सहभागीहरूले कोरियाली जनताले साम्राज्यवाविरुद्ध गरेको क्रान्ति र विकसित कोरियासम्बन्धी वृत्तचित्र अवलोकन गरेका थिए

नेपाल-ोरिया मैत्री सङ्घका महासचिव फणिन्द्र पन्तले साम्राज्यवादका विरुद्ध कठोर सङ्घर्ष गरेर स्वाधीन बनेको कोरियाले किम इल सुङको जुछे विचार, किम जोङ इलको सङ्गुन राजनीतिका माध्यमबाट कोरियालाई स्वतन्त्र र शक्तिशाली बनाइराखेको बताए एक दशकभित्रै मञ्चले कोरियाली समाजवादको अध्ययन र प्रचारमा राम्रो काम गरेको भन्दै उनले धन्यवाद पनि प्रकट गरे

कार्यक्रममा अधिवक्ता कपिलचन्द्र पोखरेल, महिलानेत्री एवम् जनअधिकार कर्मी सरला रेग्मी, नेपाल राष्ट्रिय बुद्धिजीवी सङ्घकी उपाध्यक्ष देवकला अधिकारी, अखिल नेपाल जनसांस्कृतिक महासङ्घका महासचिव खेम थपलिया, अखिल नेपाल क्रान्तिकारी किसान महासङ्घका अध्यक्ष हरि श्रेष्ठ, जनगणतन्त्र कोरियाली दूतावासका सुरक्षा प्रमुख पेक जिन ह्योक, रातो खबरका व्यवस्थापक झनक श्रेष्ठलगायत ५० भन्दा बढीको सहभागिता थियो


कार्यक्रममा घोषित मञ्चको पुनर्गठित कार्यसमितिमा संरक्षक शान्ता श्रेष्ठ, सल्लाहकारहरू सरला रेग्मी, प्राडा सुरेन्द्र केसी, पूर्णबहादुर सिंह, माणिक लामा, डा. रामप्रसाद ज्ञवाली, अध्यक्ष अशोक सुवेदी, उपाध्यक्षहरूमा विश्वम्भर लामिछाने, सुभास गजुरेल (कलाकार), अग्निराज पौडेल अराप (ललितकलाकर्मी, कवि), अम्बिका चन्द (लेखक, पत्रकार), नरेन्द्र भण्डारी (मूर्तिकार), महासचिव नरेन्द्र विक (युवा, विद्यार्थी), सचिव रणबहादुर विक (स्रष्टा, पत्रकार), सहसचिव उषाकिरण आजाद (स्रष्टा, विद्यार्थी), कोषाध्यक्ष प्रसिद्धा शर्मा (स्रष्टा, अध्यापक), सहकोषाध्यक्ष देवीप्रसाद तिम्सिना (मजदुर नेता) रहेका छन् त्यसैगरी सदस्यहरूमा मोहनराज पाण्डेय (अतृप्त पाण्डेय, कवि), विनोद सुवेदी (शिक्षक), ठाकुरप्रसाद तिमिल्सिना (रसुवाली कवि, संस्कृतिकर्मी), शर्मिला कार्की (गृहिणी), मोहनविक्रम बस्नेत (भिडियोग्राफर, सम्पादक), मोहनलाल घिसिङ (संस्कृतिकर्मी), ढुण्डीराज अधिकारी (कलाकार, कवि, गीतकार), मुक्ति गैरे (पत्रकार, लेखक) र मुकुन्द श्रेष्ठ (युवा राजनीतिकर्मी) रहेका छन्

मञ्चले समाजवाद अध्ययन गर्ने, कोरियासँगको सम्बन्ध अझै विकास गर्ने र नेपालमा वैज्ञानिक समाजवाद स्थापनामा जोड दिने निर्णय पनि गरेको छ








### नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं सुताएर, घोप्ट्याएर प्रयोग नगरौं
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : बसन्त श्रेष्ठ, सम्पादक : अशोकप्रसाद सुवेदी, व्यवस्थापक : धनराज शाही, डिजाइन : गोपाल गिरी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ